
मजदूरद्वारा मजदूरका लागि नेपालको पहिलो पत्रिका

# श्रमिक खबर

संख्या ७०, जेठ २०५९, मूल्य रु.१५।–




# मे दिवस-२०५९




संख्या ७०, जेठ २०५९

**सम्पादन बोर्ड**
मुकुन्द न्यौपाने
विष्णु रिमाल
उमेश उपाध्याय
विन्दा पाण्डे
कविन्द्र शेखर रिमाल

**विशेष सहयोग**
अग्निशिखा

**ले-आउट**
**नेस्वप्रेमयूका लागि**
महेन्द्र श्रेष्ठ
वुद्धि आचार्य
किरण माली

**व्यवस्थापन**
विनोद श्रेष्ठ

**प्रकाशक**
नेपाल ट्रेड यूनियन महासंघ
कार्यालय तथा प्रकाशन विभाग
पो.ब.नं.१०,६५२,
मनमोहन मजदुर भवन
पुतलीसडक, काठमाडौं।
फोन : २४८०७२ (हन्टिङ्ग लाइन)
फ्याक्स : २४८०७३
ई-मेल : info@gefont.org
वेभ साइट : www.gefont.org
मूल्य : रु.१५।-

**आवरण**
एम्ज माउस, २६५९४४

**मुद्रक**
इन्द्रेणी अफसेट,
४३७४४८, अनामनगर।

**श्रमिक खबरको विज्ञापन दर रेट**

| | |
|---|---|
| आवरण पृष्ठ (पछाडि) रंगिन | १२,००० |
| आवरण पृष्ठ (भित्री) रंगिन | १०,००० |
| पूरा पृष्ठ (भित्री) सादा | ६,००० |
| आधा पृष्ठ (भित्री) सादा | ४,००० |
| चौथाई पृष्ठ (भित्री) | ३,००० |
| न्यूनतम (भित्री) सादा | २,००० |

नोटः अग्रिम भुक्तानीमा १०% छुट तथा वार्षिक विज्ञापन ग्राहकका लागि १५% छुट दिइनेछ ।

**Partly supported by:** ILO/IPEC

# हाम्रो भनाई

नेपाल ट्रेड यूनियन महासंघले मे दिवस २००२ मजदुर ऱ्याली, मजदुर सभा, फोटो प्रदर्शनी, भिडियो प्रदर्शनी, गोष्ठी आदि कार्यक्रम गरेर देशभरी नै भव्यताका साथ मनायो। काठमाडौंमा सम्पन्न मे दिवसमा यस पटक सत्तारुढ नेपाली कांग्रेसका सभापति, प्रमुख प्रतिपक्ष पार्टी नेकपा (एमाले) का महासचिव, नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष लगायतका वक्ताहरूले बोल्नुभएको थियो। वहाँहरूको भनाइका साथै यस अंकमा जिफन्टको मे दिवस घोषणा-२००२, सहकारी आन्दोलन र महासंघको राष्ट्रिय परिषदको दोस्रो बैठकबारे विशेष प्रकाश पारिएको छ। यसले पाठकहरूलाई मे दिवस, जिफन्ट सहकारी आन्दोलन र महासंघको गतिविधि र आगामी कार्यक्रमबारे जानकारी लिन विशेष सहयोग पुऱ्याउनेछ भन्ने आशा गरेका छौं।




५

... मजदुर सभामा नेपाल ट्रेड यूनियन महासंघका महासचिव विष्णु रिमालले अतिथिलाई स्वागत गर्दै महासंघको 'मे दिवस घोषणा-२००२' पढेर प्रस्तुत गर्नुभयो। सभामा सत्तारुढ पार्टी नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला, प्रमुख प्रतिपक्ष पार्टी नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल, नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष रविभक्त श्रेष्ठ, आइएलओ काठमाडौंका निर्देशक लैला टेग्मो रेड्डी तथा स्वीडिस पार्टी अफ लेफ्टका केन्द्रीय सदस्य तथा सांसद काले लार्सनले शुभकामना मन्तव्य दिनुभयो।

बितेका वर्षका अनुभवले के देखाएको छ भने व्यवसायीहरूका एजेण्डाहरू सूत्रबद्ध छैनन् र तिनले राष्ट्रिय स्वार्थलाई प्रतिबिम्बित गर्न सकिरहेका छैनन्। हामीलाई लागेको छ, व्यवसायीहरूको ठूलो संख्या आफू संलग्न रहेको वस्तु वा सेवाको उत्पादन र आफूले संचालन गरेको प्रतिष्ठानको सानो घेरालाई हेरेर श्रम कानून संशोधन र राष्ट्रिय नीति तर्जुमाको माग गरिरहेका छन्।

११






१५

गत १६ अप्रिल २००२ अर्थात वैशाख ३ गते श्रमिकहरूको आम हडतालले इटाली पूर्ण रूपले बन्द भयो। बितेका २० वर्षमा यति ठूलो जनपरिचालन कहिल्यै नभएको टिप्पणी सबैतिरबाट आएको थियो। २३ लाख मजदुरहरू इटालीका सडकहरूमा विरोध प्रदर्शनमा उभिए।

**खम्पा काण्ड – राजन भट्टराई** / २१
**दर्शन भनेको के हो ? – मुकुन्द न्यौपाने** / २३
**माओवादीको लस्कर – प्रदिप नेपाल** / २७
**महासंघ राष्ट्रिय परिषदको दोश्रो बैठक सम्पन्न** / ३०
**मुलुकी ऐनको एघारौं संशोधनबाट नेपाली महिलाहरूले पाएको अधिकार** / ३३
**जीवनको कठिन भुमरीमा लपेटिएकी यसोदा धितालसंगको छोटो कुराकानीं** / ३४
**घटक यूनियनहरूको राष्ट्रिय सम्मेलन सम्पन्न** / ३६

## १० वर्ष अधिको श्रमिक खबरबाट

हाम्रो देशमा पंचायतकालदेखि मिश्रित अर्थव्यवस्था संचालन हुँदै आयो। सामाजिक दायित्व र सेवाको उद्देश्य समेत राखी स्थापित ६४ वटा संस्थानहरू नेपालमा क्रियाशील छन् र करीब १२ अर्ब रूपैयाँ लगानीमा संचालित यी संस्थानहरूमा हाल ८० हजार नेपालीहरू कार्यरत छन्। व्यापक भ्रष्टाचार र आर्थिक चुहावट हुनु, सरकारी क्षेत्रबाट मन्त्री, रापसले सवारी साधन र सुविधा उपयोग गर्ने भाँडाको रूपमा प्रयोग गरिनुले यी संस्थानहरू घाटाको दिशातर्फ अघि बढे।

श्रमिक खबर संख्या २३, भाद्र, २०४९


श्रमिक खबर

सूचना व्यवस्थापन तथा डकुमेन्टेशन कार्यशाला संपन्न



मलाई मात्र हैन तिमी,
अरुलाई पनि यस्तै मोहनी लाउने गर।
दुई महिनाको एउटा हैन तिमी,
प्रत्येक महिनामा अवश्य आउने गर

- **प्रदीप विश्वकर्मा**, सचिव, विन्ध्येश्वरी फर्निचर, आधिकारिक यूनियन, पोखरा

श्रमिक खवर अंक ६१ देखि ६९ सम्म नियमित पढ्दै आइरहेको छु। ६९ अंकमा प्रकाशित लेख 'बैदेशिक रोजगारीमा नेपाली श्रम' रोचक छ। नेपाली श्रमिकहरूले विदेशमा कहाँ र कसरी पुगेर काम गरिरहेका छन्, कस्तो समस्याहरू भेल्दैछन्, कुन अवस्थामा फर्कनु परिरहेको छ, कतिले अपांग बन्नु परेको, कतिले ज्यान गुमाउनु परेको छ आदि जानकारी पाइयो। यसले विदेशमा काम गर्न जाने हाम्रा दाजुभाइहरूलाई सचेत गर्नेछ।

- **राम चन्द्र कार्की**, कोषाध्यक्ष, आधिकारिक ट्रेड यूनियन, उदयपुर सिमेन्ट उद्योग लि.








चार वर्ष पछि फेरि श्रमिक खवर (६९ अंक) मेरो हात पऱ्यो। पहिलेका अंकहरूको तुलनामा धेरै नै स्तरीय भएको पाइन्छ। यसले मलाई निरन्तर रूपमा अध्ययन गर्ने उत्साह र प्रेरणा जगाएको छ। श्रमिक खवरले आम मजदुर बीच विश्वास जित्न सकोस्, सफलताको कामना गर्दछु।

**पौडेल**, बालाजु औद्योगिक क्षेत्र



श्रमिक खवर पढ्न पाएकोमा खुसी लागेको छ। गत अंकमा प्रकाशित वैदेशिक रोजगार र व्यवसाजन्य रोग सम्बन्धी लेख राम्रो लाग्यो।

**कमल निरौला**, कोषाध्यक्ष, मोरङ जिल्ला, क्युपेक-नेपाल



श्रमिक खवर श्रमजीवीहरूको हकहितको लागि ज्ञानबर्धक छ। यसमा श्रमिकहरूले भोगेका समस्या र समाधानका उपायहरू भएको पाएँ। यस्ता पत्रिका श्रमिकहरूले खोजी खोजी पढ्नु पर्छ।

**गणेश भट्टराई**, सहसचिव, कास्की जिल्ला, क्युपेक-नेपाल



श्रमिकहरूले श्रमिक खवर पढेर ज्ञान हासिल गर्नुपर्छ। यसमा श्रमिकहरूको दुख, कष्टका साथै श्रमिकहरूमाथि पर्दै आएको समस्या, श्रमिकमाथि गरिने शोषण र दमनको बारेमा जानकारी दिने गरिएको छ र श्रमिक अधिकार र अधिकार प्राप्तिका संघर्षको पनि यसमा उल्लेख छ जसले श्रमिकलाई जागरुक बनाउँछ।

**चित्र वहादुर कुँवर**, सदस्य, कास्की, क्युपेक-नेपाल



मैले श्रमिक खवर क्युपेक-नेपाल कार्यालयमा गएर पढ्ने गरेको छु। मलाई यो पत्रिका धेरै राम्रो लागेको छ।

**हरिहर खनाल**, सिन्धुपाल्चोक, क्युपेक-नेपाल



श्रमिक खवर पढेर म उत्साहित हुन्छु। मनमा आँट बढ्छ। हामी नेपाली मजदुर हौं भनेर गर्व लाग्छ। यसमा अझ राम्रा राम्रा ज्ञानका कुराहरू पढ्न पाउँ।

**योगेन्द्र शर्मा**, अध्यक्ष, काठमाडौं क्षेत्र नं ५, क्युपेक-नेपाल

समृद्ध जीवनको लागि सुदृढ संगठन
सम्पूर्ण प्रेसमा श्रम–कानून कार्यान्वयन

नेपाल स्वतन्त्र प्रेस मजदुर यूनियनको
चौथो राष्ट्रिय सम्मेलन
जेठ २५, २०५९

भव्यताका साथ सफल पारौं।

# दुई महिनाको नेपाल

## (२०५८ फागुन १५ – २०५९ वैशाख १५)

**फागुन १५ :** बाल समाचार प्रकाशन सम्बन्धमा बालबाकालिकाको विकासमा बाधा पुऱ्याउन नदिने ६ बुँदे आचार संहिता पारित।

असुरक्षाका कारण कर्णाली राजमार्गको निर्माण कार्य स्थगित भएपछि निर्माण कार्य गर्ने मजदुरहरूले ज्याला नपाउँदा विचल्लीमा

कांग्रेस सभापतिद्वारा पार्टीको शक्तिशाली निकाय संसदीय समिति र केन्द्रीय कार्य सम्पादन समिति एक पक्षीय गठन, देउवा पक्षद्वारा तीव्र विरोध।

एमालेद्वारा पार्टी एकीकरण पछि केन्द्रीय कमिटीको कार्य विभाजन जसमा अञ्चल र समन्वय विभागको पुनर्गठन

**फागुन १७ :** संविधान संशोधनको सन्दर्भमा प्रधानमन्त्रीद्वारा सुझाव एवं प्रतिनिधिको माग।

आतंकवाद नियन्त्रण सम्बन्धी अध्यादेश र आर्थिक अध्यादेश प्रतिपक्षको चर्को विरोधका वावजुद पारित।

**फागुन १९ :** नेपाल-भारत बाणिज्य सन्धि ५ वर्षका लागि नवीकरण गर्ने सहमति।

**फागुन २० :** कांग्रेस र एमाले बीच संविधान संशोधनका लागि लिखित सहमति। जसमा, संकटकालमा राष्ट्रिय सरकार, निष्पक्ष निर्वाचनका लागि सर्वदलीय सरकार गठन गर्ने विषयमा सहमति।

**फागुन २२ :** माओवादीद्वारा श्रीगाउँ विकास समिति-९ दाङको तारानाथ योगीलाई बुवा कर्णनाथको किरिया बसेको ठाउँबाट नै अपहरण गरी विभत्स हत्या।

अमेरिकी विदेश विभागले नेपालमा सरकारका तर्फबाट मानव अधिकारको सम्मान भएको प्रतिवेदन सार्वजनिक।

**फागुन २३ :** पर्वतबारे अन्तरराष्ट्रिय सम्मेलन नेपालमा शुरू।

तयारी पोशाक निकासीमा पचास प्रतिशत गिरावट, भारतमा निकासीको लागि संभाव्यता खोज्नु पर्ने आवश्यकता।

**फागुन २४ :** उच्चस्तरीय सम्पत्ति जाँचबुझ आयोगको अध्यक्षता सर्वोच्च अदालतका न्यायाधीश कृष्णजंग रायमाझीले अस्वीकार गरेपछि न्याय परिषदको सिफारिसमा सर्वोच्च अदालतका अर्को न्यायाधीश भैरव प्रसाद लम्साल उक्त पदमा नियुक्त।

डा. दुर्गा पोखरेलको अध्यक्षतामा अधिकार सम्पन्न ८ सदस्यीय महिला आयोग गठन।

**फागुन २५ :** वन राज्यमन्त्री सुरेन्द्र हमालद्वारा विभागीय मन्त्रीले घुस खाएको भण्डाफोर।

**फागुन २८ :** वन तथा भूसंरक्षण मन्त्री गोपाल मान श्रेष्ठ र राज्यमन्त्री सुरेन्द्र हमालद्वारा एक आपसमा दोषारोपण गर्दै पदबाट राजीनामा।

**चैत १ :** सिन्धुपाल्चोकमा सभामुखको सुरक्षार्थ खटेको टोलीमाथि आक्रमण हुँदा ६ प्रहरीको मृत्यु र पाँच घाइते।

**चैत २ :** महिला अधिकार विधेयक पारित-सम्पत्तिमा महिलाको जन्मजात अधिकार स्थापित, गर्भपतन कानूनी दायरामा, सम्बन्ध विच्छेद गर्नेले पनि अंश पाउने, बलात्कारीको सजाय दोब्बर र विवाह गर्ने उमेर बढाइयो।

यातायातको सिन्डिकेट हटाउन सरकार पूर्ण असफल।

**चैत ४:** श्रम मन्त्रालयको ढिलासुस्तीले ५ सय नेपालीलाई अमेरिका पठाउने दुई संस्थाको सम्झौता रद्द।

**चैत ५:** बाबुको ठेगाना नभएको अवस्थामा आमालाई बंशज कायम गरी नागरिकता दिनु पर्ने माग विभिन्न राजनीतिक दलहरूले उठाए।

**चैत ८ :** प्रधानमन्त्रीको भारत भ्रमण, नेपालको सुरक्षा र संवेदनशीलतालाई ध्यानमा राखेर मात्र आतंकवाद विरुद्ध सहयोग मागिने।

नेपाल बैंकले एक व्यापारिक संस्था गर्तौला समूहलाई ऋण प्रवाह गर्दा ९ करोड अनियमितता भएको ठहर।




**बुबा, हेर्नुस् त...गज्जब चान्स रै'छ ! तपाईं'नि पार्टी परिवर्तन गरेर जंगल पस्नुस् ।**

कार्टुन साभार : कान्तिपुर



**भाइलाई कुकुरले जाँच्यो ?... पुलिसले जाँच्यो ?... अब आर्मीले जाँच्छ त्यसपछि एसेल्सी जाँच !**

कार्टुन साभार : कान्तिपुर

**चैत ११ :** प्रधानमन्त्रीको भारत भ्रमणको सन्दर्भमा आतंककारी गतिविधि नियन्त्रणमा सहकार्यको सहमति।

**चैत १२ :** प्रधानमन्त्रीको भारत भ्रमणको सिलसिलामा आतंकवाद नियन्त्रणका लागि नेपाल र भारत निकटमा रही काम गर्न सहमत।

सत्तासीन नेपाली कांग्रेसका देउवा पक्षीय सांसदहरूले सभापति कोइरालामाथि सरकार विरुद्ध हस्ताक्षर अभियान चलाएको दोषारोपण।

माओवादी भएको आरोपमा दुई सय सत्तरी शिक्षक प्रहरी हिरासतमा रहेकोसरकारी सूत्रको दावी।

**चैत १३ :** सत्तारुढ नेपाली कांग्रेस पार्टीद्वारा ढुण्डिराज शास्त्री लगायत अन्य केन्द्रीय सदस्यलाई पार्टीबाट निष्कासन।

प्रधानमन्त्रीको भारत भ्रमण सम्पन्न, माओवादीलाई आफ्नो भूमि प्रयोग गर्न नदिने भारतको प्रतिबद्धता।

**चैत १४ :** चिनियाँ पर्यटक भित्र्याउने सम्झौताको कार्यान्वयन प्रक्रिया अगाडि बढाइयो, अठहत्तर ट्राभल एजेन्सीलाई अनुमति प्रदान।

संविधान संशोधनका लागि कार्यदल गठन गर्नसर्वदलीय बैठक बोलाइयो।

**चैत १६ :** प्रधान सेनापतिको अभिव्यक्ति प्रति सबै पार्टी गम्भीर, संसदमा प्रधानमन्त्रीसंग जवाफ माग्ने तयारी।

**चैत १७ :** एशियाली विकास बैंकले नेपालको विकास निर्माणका लागि थप १३ वटा परियोजना संचालन गर्ने भए पनि माओवादी समस्या, भ्रष्टचार र सुशासनको स्थिति परियोजना संचालनमा बाधक हुन सक्ने चिन्ता व्यक्त

प्रधान सेनापतिको भनाइबारे प्रधानमन्त्रीसंग स्पष्टीकरण माग गर्दै

सबै विपक्षीद्वारा सदन बहिष्कार।

**चैत १८** : कांग्रेसका आधाजसो जिल्ला सभापतिद्वारा प्रधानमन्त्री देउवाको राजीनामा माग।

**चैत २१** : एसएलसी शान्तिपूर्ण रूपमा शुरू, बन्दको आतंक र परीक्षा केन्द्र कटौतीले अनुपस्थित विद्यार्थी संख्या धेरै।

यातायात संस्थान विघटन रोक्न सर्वोच्चद्वारा आदेश जारी।

**चैत २१** : नेपाल बैंक लिमिटेडका तत्कालीन नायव महाप्रबन्धक शेर वहादुर थापा सहित ७ जनालाई साढे २ करोड धरौटी माग गरी थुनामा राखियो।

**चैत २२** : सुरक्षा फौजद्वारा आतंककारी विरुद्ध भएको खोज- तलासमा बरामद सत्चालिस लाख नगद र बत्तीस किलो सुन सञ्चित कोषमा दाखिला।

संकटकाल व्यवस्थापन आदेश जारी।

संकटकालयता ८ सय अन्ठाउन्न आतंककारी मारिएको राज्य व्यवस्था समितिको दावी।

प्रतिनिधि सभाको बहुमतद्वारा आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण विधेयक पारित।

**चैत २५** : बर्दिया जिल्लाको कोठियाघाटमा विद्युतीय धरापमा परी १ मेजर सहित ५ सैनिकको मृत्यु, ६ जना घाइते।

**चैत २६** : भ्रष्टाचार विरोधी विधेयक प्रस्तुत



केको कमाउनु नि !... पखांलमा बम हान्देर तेत्रो ठूलो प्वाल पार्दै। तेसैको क्षतिपूर्ति मागेर घर सुरु गरें।

कार्टुन साभार : कान्तिपुर

नभए प्रतिनिधि सभा अवरुद्ध गर्न एमालेद्वारा आफ्ना सांसदलाई निर्देशन

राष्ट्रिय सभाबाट आतंककारी नियन्त्रण विधेयक केही संशोधन सहित पारित।

सुरक्षा कार्वाहीमा सशस्त्र मुठभेड चौबीस आतंककारीको मृत्यु, ठूलो परिमाणमा हातहतियार बरादत।

**चैत २८** : इन्सेकको २००१ वर्ष प्रतिवेदन सार्वजनिक, हिंसाका कारण मानव अधिकारको व्यापक हनन

**चैत २९** : सञ्चार मन्त्री गुप्तालाई नेपाली कांग्रेसको साधारण सदस्यताबाट निष्कासन गरिएको घोषणा।

**चैत ३०** : स्पेसटाइम नेटवर्कद्वारा सचिवले घुस मागेको अडियो रेकर्ड सार्वजनिक।

माओवादीद्वारा दाङमा भीषण आक्रमण, डिएसपी सहित ४६ सुरक्षाकर्मी र ६ सर्वसाधारणको मृत्यु, हतियार सहित लाइन लगाई प्रहरीको निमर्म हत्या।

**वैशाख ४** : भ्रष्टाचारीले ५ वर्षसम्म चुनाव लड्न नपाउने प्रावधान भ्रष्टाचार विरोधी विधेयकमा थप।

**वैशाख ५** : जनगणना २०५८ को अन्तिम तथ्यांक प्रकाशित, नेपालको जनसंख्या २ करोड ३१ लाख ५१ हजार ४ सय २३ पुग्यो॥

**वैशाख ९** : वामपन्थी पार्टीहरु नेकपा ( मसाल) र नेकपा एकताकेन्द्र बीच पार्टी एकीकरणको घोषणा।

**वैशाख १०** : नेकपा माओवादीको आव्हानमा ५ दिन १०-१४ सम्म नेपाल बन्द।

**वैशाख १०** : सत्तारुढ नेपाली कांग्रेसका सभापतिद्वारा सरकारलाई माओवादीसंग वार्ताको ढोका खुला गर्न निर्देशन।

**वैशाख ११** : सरकारद्वारा माओवादीका नेताहरुलाई जीवित वा मृत अवस्थामा बुझाउनेलाई नगद पुरस्कार ५० लाखसम्मको घोषणा।

**वैशाख ११** : प्रथम नेपाली महिला पर्वतारोही पासङ ल्हामु शेर्पा राष्ट्रिय विभूति घोषित।

**वैशाख १५** : रक्षा मन्त्रालयद्वारा माओवादी गतिविधि नियन्त्रण गर्न १६ अर्ब रुपैयाँको माग।

# दुई महिनाको दक्षिण एशिया

## भारत

**मार्च ९** : केरलामा श्रमिकहरूद्वारा ३२ दिनसम्म संचालित यूनियन आन्दोलनको अन्त्य।

**अप्रिल १६** मा बिएमएस, एआइटीयूसी, एचएमएस, सीआईटीयू, एआइसीसीटीयू, टीयूसीसी, र वित्तीय क्षेत्रका श्रमिकहरूको व्यापक सहभागितामा देशभरीका सार्वजनिक संस्थान, बैंक र खानीहरूमा काम गर्ने लाखौं श्रमिकहरूद्वारा श्रम–विरोधी नीति र नीजिकरणको विरोधमा अर्थ मन्त्रीको माग गर्दै हड्ताल शुरू। हड्तालको कारण पूर्वी भारतमा हवाइ मार्ग र रेलमार्ग समेत अवरुद्ध।

**अप्रिल २१**, दक्षिण भारतको कर्नाटकको सबैभन्दा पुरानो सुन खानीका मजदुरहरू आन्दोलनमा उत्रिए। यो खानीमा धेरै जसो दलित जातीका श्रमिकहरू कार्यरत छन्।

## बंगलादेश

**अप्रिल १७** : बंगलादेशको २२ वटा यूनियनहरूद्वारा चट्गाउँ बन्दरगाहमा हड्ताल शुरू।

## पाकिस्तान

**मार्च १३** : सुन्नि समुदायका एक चिकित्सक मारिएको विरोधमा करॉंचीका हजारौं चिकित्सकद्वारा एक दिने हडतालको आयोजना, सयौं विरामी अलपत्र।

**मार्च २७** : पियर्ल कन्टिनेन्टल होटलबाट गिरफ्तार मजदुर रिहा, कामबाट निस्कान गरिएकोले संघर्ष जारी।

## श्रीलंका

**मार्च १८** : १५०० श्रमिकको रोजीरोटी खोस्ने गरी नीजिकरण गरिएको श्रीलंकन विमान सेवा सम्बन्धी विवादास्पद मुद्दाको छानविनको काम शुरू।



**अप्रिल ८** : प्रस्तावित शान्ति वार्ताको सन्दर्भमा श्रीलंकाको तमिल नेताबाट देशको शक्तिशाली चिया मजदुर यूनियनको नेतासंग कुराकानी।




# मे दिवस २०५९

## देशभरी नै मजदुर ऱ्याली, सभा तथा विभिन्न कार्यक्रमका साथ सम्पन्न

**कवीन्द्र शेखर रिमाल**

नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट) को आयोजनामा मे दिवस २००२ मजदुर ऱ्याली, सभा तथा विभिन्न कार्यक्रमका साथ काठमाडौं लगायत देशभरीका प्रमुख शहरहरूमा भव्यताका साथ सम्पन्न भएको छ।

काठमाडौंमा मे दिवसको बिहान नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान कमलादीमा मजदुर आन्दोलनलाई चिनाउने, मजदुरहरूको सीप र व्यथालाई झल्काउने, देश विदेशका आन्दोलनलाई झल्काउने फोटो प्रदर्शनी, भिडियो प्रदर्शनी, स्लाइड प्रदर्शनी तथा महासंघव्दारा प्रकाशित श्रम सम्बन्धी पुस्तकको प्रदर्शनी भयो।

दिउँसो १ बजे राजधानीका विभिन्न ठाउँबाट निस्केको मजदुरहरूको जुलुस रत्नपार्क हुँदै प्रज्ञाप्रतिष्ठानमा मे दिवस समारोहमा सामेल भयो। मजदुर सभामा नेपाल ट्रेड यूनियन महासंघका महासचिव विष्णु रिमालले अतिथिलाई स्वागत गर्दै महासंघको 'मे दिवस घोषणा-२००२' पढेर प्रस्तुत गर्नुभयो। सभामा सत्तारुढ पार्टी नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला, प्रमुख प्रतिपक्ष पार्टी नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल, नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष रविभक्त श्रेष्ठ, आइएलओ काठमाडौंका निर्देशक लैला टेग्मो रेड्डी तथा स्वीडिस पार्टी अफ लेफ्टका केन्द्रीय सदस्य तथा सांसद काले लार्सनले शुभकामना मन्तव्य दिनुभयो।

मजदुर सभामा मन्तव्य दिंदै नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले भन्नुभयो- "आज मे दिवस, यही दिन मजदुरहरूले आफ्नो हक र हितको निम्ति संघर्ष गरेका थिए। त्यो जमानामा गोलि चल्यो। मजदुरहरू मारिए। जुन वेला रेडियो थिएन। टेलिभिजन थिएन। मजदुरहरूले त्यही मजदुरको रगतमा लत्पतिएको कमिज चोपेर एउटा लकडीमा झुन्ड्याएर 'हेर सरकारले मारेको यही हो' भनेर देखाउँदै हिंडे। त्यहींबाट लालझण्डा फहराएको हो।"

नेकपा (एमाले) का महासचिव माधव कुमार नेपालले भन्नुभयो-"मजदुरहरू अयोग्य देखिए, मजदुरहरूले बदमासी गरेको देखिए दण्डित हुनुपर्छ। तर कारखाना मालिकले बदमासी गऱ्यो भने उसलाई दण्डित गर्ने आवश्यकता पर्छ कि पर्दैन ? सम्पत्ति नहुनेलाई मात्र कानून लाग्ने, सम्पत्ति हुनेलाई कानून नलाग्ने कुरालाई हामी स्वीकार गर्न सक्दैनौं।"

मन्तव्य दिने क्रममा काठमाडौं स्थित आइएलओका निर्देशक लैला टेग्मो रेड्डीले भन्नुभयो- आइएलओको प्रमुख उद्देश्य विश्वव्यापी रूपमा मर्यादित काम हो। मर्यादित कामको उद्देश्य रोजगारी सृजना गर्ने मात्र नभएर अपेक्षित गुणको काम सृजना गर्नु हो।"

स्वीडिस पार्टी अफ लेफ्टका काले लार्सनले भन्नुभयो- समाजवाद हाम्रो लक्ष हो। हाम्रो दृष्टिकोण स्पष्ट भएमा हामी

# जिफण्ट/एनटियूसीको संयुक्त पत्रकार सम्मेलन सम्पन्न




मे दिवसको सन्दर्भमा वैशाख १६ गते होटल सोल्टीमा नेपाल ट्रेड यूनियन महसंघ र नेपाल ट्रेड यूनियन काङ्ग्रेसले संयुक्त रूपमा पत्रकार सम्मेलन गरी समसामयिक विषयमा आफ्नो धारणा सार्वजनिक गरे। दुवै महासंघका अध्यक्षद्वारा सह-अध्यक्षता गरिएको उक्त पत्रकार सम्मेलनको स्वागत तथा संचालन महासंघका महासचिव विष्णु रिमालले गर्नुभएको थियो। आई एल ओ-काडमाडौंका निर्देशक लैला टेग्मो रेड्डी, एफइएसका आवासीय प्रतिनिधि डा. अल्फ्रेड डाइबोल्ड र ईएसपिएस/डानिडाका बरिष्ठ सल्लाहकार यान हानसेनले समेत शुभकामना दिनु भएको उक्त पत्रकार सम्मेलनमा संयुक्त प्रेस विज्ञप्तिको वाचन एनटियुसीका महासचिव पुष्कर आचार्यले गर्नुभएको थियो।

"मुलुकका समस्त श्रमिक/कामदारका पेशागत हकहितको पूर्ण संरक्षण र सम्बर्धनका लागि २०४६ सालको जनआन्दोलन पश्चात प्राप्त प्रजातान्त्रिक वातावरण र श्रम ऐन २०४८ एवं ट्रेड यूनियन ऐन २०४९ को भावना अनुरूप कार्यरत नेपाल ट्रेड यूनियन कांग्रेस र नेपाल ट्रेड यूनियन महासंघका बीचमा २०५७ साल देखि नै मुलुकमा एकल ट्रेड यूनियन निर्माण गर्ने विषयमा व्यापक छलफल र बहस भइरहेको सर्वविदितै छ। एकल ट्रेड यूनियन निर्माणबाट सम्पूर्ण श्रमिकले भोग्नु परेका यावत समस्याको समाधानमा सुगमता आउने र राष्ट्रिय नीति निर्माण तहमा सही र आधिकारिक प्रतिनिधित्व हुने मान्यता राखिएको छ। यस प्रक्रियाको थालनीबाट श्रमिकहरूका साझा विषयहरूमा सशक्त कार्य हुन सक्दछ। यस प्रसंगमा राष्ट्रिय रूपमा एउटै केन्द्रबाट देशको यूनियन आन्दोलनलाई प्रतिनिधित्व गराउने विधि तय गर्ने र हाल क्रियाशील संघ/महासंघका

---

लक्षमा पुग्न सक्नेछौं। समाजवाद विना मानिसको आधारभूत मानव अधिकार पुरा हुन सक्दैन। हामी त्यसैको लागि संघर्षरत छौं।"

नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष रविभक्त श्रेष्ठले श्रम कानून लचकताको प्रसंगबारे चर्चा गर्दै भन्नुभयो- "मैले बदमास मजदुरलाई निकाल्न पाउने अधिकार मात्र व्यवस्थापनले पाउनु पर्छ भनेर भनेको हुँ। त्यसैले श्रम ऐनमा लचकता हुनु पर्छ। श्रम ऐनमा परिवर्तन हुनु पर्छ भनी आएका हौं। यसको लागि हामी बीच छलफल हुन म आव्हान गर्दछु।"

अन्त्यमा सभाध्यक्ष, ११२ औं मे दिवस आयोजक कमिटीका संयोजक तथा नेपाल ट्रेड यूनियन महासंघका कोषाध्यक्ष विनोद श्रेष्ठले सबैलाई धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन गर्नुभयो।

मजदुर सभाको समापन पछि श्रमिक सांस्कृतिक कार्यक्रम आरम्भ भएको थियो।

**झापा** : मे दिवसको उपलक्ष्यमा झापाको विर्तामोड, भद्रपुरको मोमेन्टो, पृथ्वीनगर, काकडभिट्टा र गिरीबन्धुमा बेग्ला बेग्लै रूपमा मे दिवस कार्यक्रम सम्पन्न भयो। विर्तामोड स्थित जिफन्ट कार्यालयमा अञ्चल अध्यक्ष राजीव घिमिरेको अध्यक्षता मे दिवस गोष्ठी सम्पन्न भयो। भद्रपुर स्थित मोमेन्टो एपरेल्समा अध्यक्ष सीता भट्टराइको अध्यक्षतामा, पृथ्वी नगरमा पूर्ण तामाङको अध्यक्षतामा, काकडभिट्टामा राजकुमार श्रेष्ठको अध्यक्षतामा र गिरिबन्धुमा सुकमती देवानको अध्यक्षतामा मे दिवस कार्यक्रम सम्पन्न भएको थियो।

**बिराटनगर** : जिफन्टको आयोजनामा कोशी अञ्चलको विभिन्न स्थानहरू बिराटनगर, धरान, खनार र पथरीमा विभिन्न कार्यक्रमका साथ मे दिवस कार्यक्रम सम्पन्न भयो। बिराटनगरमा जिविसको सभा भवनमा जिफन्ट अञ्चल अध्यक्ष योगीलाल यादवको आतिथ्यमा मे दिवस कार्यक्रम सम्पन्न भएको थियो।

त्यसैगरी जिफन्ट पूर्वाञ्चल क्षेत्रीय संयोजक ओम कोइरालाको प्रमुख आतिथ्यमा खनारस्थित गाविस भवनमा, अञ्चल सचिव मोतीराज सुनुवारको प्रमुख आतिथ्यमा धरानस्थित सदन माविमा र अञ्चल सदस्य कुमार चाम्लिङको प्रमुख आतिथ्यमा पथरी स्थित सामुदायिक भवनमा मे दिवस कार्यक्रम भव्य रूपमा सम्पन्न भयो। मे दिवसकै बिहान नेपाल यातायात स्वतन्त्र मजदुर संगठनको आयोजनामा बिराटनगर बस पार्कमा रक्तदान कार्यक्रम सम्पन्न भयो। रक्तदान कार्यक्रममा ५० जना श्रमिकहरूले रक्तदान गरेका थिए।

**जनकपुर** : जिफन्टको आयोजनामा जनकपुरमा मजदुरहरूको व्यानर सहितको जुलुस नगर परिक्रमा गरी सभामा परिणत भयो। सभाका प्रमुख अतिथि नेपाल ट्रेड यूनियन महासंघका उपाध्यक्ष ललित बस्नेत हुनुहुन्थ्यो। जनकपुर अञ्चल उपाध्यक्ष सुरेन्द्र राईको अध्यक्षतामा सञ्चालित सो सभामा नेकपा (एमाले) केन्द्रीय सदस्य तथा जनकपुर अञ्चल इन्चार्ज क. रामचन्द्र झा लगायत अन्य अतिथि वक्ताहरूले पनि आ-आफ्नो मन्तव्य दिनुभएको थियो।

**सर्लाही** : महासंघका राष्ट्रिय पार्षाद रमेश मैनालीको आतिथ्यमा सर्लाहीको इन्दु शंकर चिनी कारखानाको हाताभित्र मे दिवस कार्यक्रम सम्पन्न भयो। ऋद्धिलाल शर्माको अध्यक्षतामा

स्वतन्त्र गतिविधिलाई कसरी वृहत एकताको घेरा भित्र संचालन गर्ने भन्ने कुरा नै एकल यूनियन निर्माणको आधार बन्ने कुरामा हाम्रा दुई महासंघको निष्कर्ष रहेको छ।"

प्रेस विज्ञप्तिमा अगाडि भनिएको छ-"नेपालको ट्रेड यूनियन आन्दोलनलाई सही दिशा प्रदान गरी प्रजातान्त्रिक मूल्य-मान्यता र प्रक्रिया समेतलाई अंगिकार गर्दै मजदुरको सही प्रतिनिधिमूलक एकल ट्रेड यूनियन निर्माण गर्नु हाम्रो साझा उद्देश्य रहेको छ। यस प्रक्रिया अन्तर्गत एकल यूनियन निर्माणको अभ्यासलाई राष्ट्रिय स्तर, संघ स्तर र प्रतिष्ठान वा जिल्ला स्तर गरी ३ तहमा छलफल र वार्ताका माध्यमबाट अघि बढाइने छ।"

वक्तव्यमा भनिएको छ- "नेपालको ट्रेड यूनियन आन्दोलनले विभिन्न आरोह-अवरोह पार गर्दै आजसम्म आइपुग्दा विभिन्न खाले चुनौतीको सामना गर्नुपरेको छ। श्रमिकहरूले उठाएका सही माग र आवाजलाई शिथिल पार्ने काम पटक पटक सरकारबाट भइरहेको छ। १० प्रतिशत सेवा शुल्कको माग र बैंक तथा संस्थानका कर्मचारीको आन्दोलन दबाउन सरकारबाट लागू गरिएको आवश्यक सेवा संचालन ऐन यसका उदाहरण हुन्। उद्योग प्रतिष्ठानहरूको निजीकरणका कारण हजारौं श्रमिकले रोजगारी गुमाउनु परिरहेको अवस्था छ। रोजगारीको नयाँ अवसरको सृजनाको अभाव, सीपमूलक तालिमको अवसर नपाउनु, श्रम ऐनको पूर्ण कार्यान्वयन नहुनु जस्ता समस्याले श्रमिकको जीवन हिजो भन्दा आज अझ कष्टकर हुँदै गएको छ। सरकार र रोजगारदाताले श्रम ऐन संशोधन गर्न हालसालै शुरू गरेको श्रम ऐन संशोधन र मजदुर कटौतीको माग श्रमिकहरूको प्राकृतिक न्यायको सिद्धान्त विपरित देखिन्छ।"

"वर्तमान अवस्थामा राज्यले प्रभावकारी रूपमा मजदुरका समस्यालाई सम्बोधन गर्नु पर्ने थुप्रै विषयहरू हाम्रा सामु उपस्थित छन्। सामाजिक सुरक्षा अवधारणा र नीति निर्माणका लागि ट्रेड यूनियनहरूले बारम्बार अवधारणा प्रस्तुत गर्दा पनि नीति निर्माण हुन नसक्नु विडम्बनाको विषय बनेको छ। गरिबी निवारणको विषयले राष्ट्रिय प्राथमिकता पाएको भए तापनि ट्रेड यूनियनहरू यसका सम्वाहक हुन सक्छन् र ट्रेड यूनियनहरूको संस्थागत संरचनाको उपयोग र सहभागिताबाट वास्तविक मजदुर र गरीब जनता समक्ष यो कार्यक्रम प्रभावकारी हुन सक्छ भन्ने मान्यता हाम्रो छ तर सरकारी पक्ष यसमा उदार देखिंदैन।"

वक्तव्यमा यस्ता चुनौती र समस्यालाई सही रूपमा समाधान गर्न राष्ट्रिय स्तरमा ट्रेड यूनियनहरूको एकल आधिकारिक संयन्त्र निर्माणको उद्देश्यले दुई महासंघका बीच उच्चस्तरीय कार्यदलको निर्माण गरी सोको लागि आवश्यक पर्ने प्रक्रियाहरूको निर्धारण तथा श्रमिकका समस्याहरूको प्रथामिकताको छनौट जस्ता सवालमा आन्तरिक कार्यहरू भइरहेको जानकारी गराउँदै तत्कालका लागि १ वर्ष भित्रमा संयुक्त रूपमा गर्ने कामको रूपमा श्रम ऐनको पूर्ण कार्यान्वयन, आधिकारिक यूनियनको निर्वाचन र प्रभावकारी संचालन, सदस्यता स्थितिको वास्तविक प्रामाणिक आंकलन र प्रक्रिया निर्धारण, चेक अफ प्रणालीको कार्यान्यवन, आबद्ध संघहरू बीच कार्यगत एकता, आंतककारी समस्याले मजदुरमाथि पारेको असरको न्यूनीकरण र व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा समिति निर्माण र कार्यान्वयनलाई उल्लेख गरिएको छ।

कार्यक्रममा पत्रकारहरूले उठाएका जिज्ञासाको जवाफ महासंघका अध्यक्ष मुकुन्द न्यौपाने र एनटियूसीका अध्यक्ष लक्ष्मण वस्नेतले संयुक्त रूपमा दिनुभएको थियो।

---

सम्पन्न सो कार्यक्रममा नेकपा (एमाले) सर्लाही जिल्ला कमिटी सदस्य विदुर प्याकुरेल, चिनी उद्योगका श्रम कल्याणकारी अधिकृत लगायतका अतिथिहरुले मन्तव्य राख्नु भएको थियो।

**सगरमाथा** : उदयपुरमा मजदुर सभा, हाजिर जवाफ प्रतियोगिता, खेलकूद प्रतियोगिता, रक्तदान कार्यक्रम र नगर सफाइ कार्यक्रमका साथ मे दिवस सम्पन्न भयो। उदयपुर सिमेन्ट कारखानाका यूनियन अध्यक्ष केशरवहादुर राईको अध्यक्षतामा जलजलेमा सम्पन्न मजदुर सभामा जिफन्ट अञ्चल अध्यक्ष त्रिविक्रम ज्ञवालीका साथै अञ्चल कोषाध्यक्ष धनकुमार राई, प्रलेसंघ उदयपुरका अध्यक्ष कोविद काफ्ले र उदयपुर सिमेन्ट उद्योगका महाप्रवन्धक अशोकप्रसाद मल्लले मन्तव्य दिनु भएको थियो। सभामा हाजिर जवाफ प्रतियोगिता र महिला म्युजिकल चियरका विजयी मजदुरहरू र रक्तदाताहरूलाई प्रमाणपत्र प्रदान गरिएको थियो।

त्यसैगरी, गाइघाटमा नेपाल यातायात स्वतन्त्र मजदुर संगठनको आयोजनामा रक्तदान कार्यक्रमका साथ मे दिवस कार्यक्रम सम्पन्न भएको थियो।

**वीरगंज** : जिफन्टको आयोजनामा रौतहट, बारा र पर्सामा मे दिवस सम्बन्धी गोष्ठी सम्पन्न भयो। कार्यक्रममा अञ्चल अध्यक्ष दिनेश राई, अञ्चल सदस्यहरू यज्ञप्रसाद दाहाल र महेन्द्र जयसवाल, नेस्वखापेमयू केन्द्रीय सदस्य धिरेन्द्र यादव, नेकपा (एमाले) रौतहट जिल्लाका अमर आले वक्ता हुनुहुन्थ्यो। कार्यक्रमको अध्यक्षता कृषि मजदुर संघका केन्द्रीय सचिव कल्याणी खड्काले गर्नु भएको थियो।

यसरी नै बाराको सरस्वती कन्टेनरको हलमा सम्पन्न विचार गोष्ठीमा नेकपा (एमाले) बारा जिल्ला कमिटी सदस्य कृष्ण पौडेल, नेस्वकेआमयू केन्द्रीय सदस्य आनन्द थामी, कृमसं बारा जिल्ला अध्यक्ष खेदु साह, नेकपा (एमाले) बारा जिल्ला सदस्य राजीवलोचन रिमाल, नेस्वमयू बाराका सचिव अमर वहादुर गुरुङले आ-आफ्नो मन्तव्य राख्नु भएको थियो। कार्यक्रमको अध्यक्षता अञ्चल कोषाध्यक्ष कमलेश झाले गर्नुभएको थियो।

त्यसरी नै पर्सा स्थित बवरगंज चिनी कारखानाको सभाकक्षमा सम्पन्न कार्यक्रम नेकपा (एमाले) पर्सा जिल्ला सचिव रामचन्द्र साहको अध्यक्षतामा सम्पन्न भयो। कार्यक्रममा जिफन्ट अञ्चल उपाध्यक्ष राजवहादुर कटुवाल, नेकपा (एमाले) पर्सा जिल्ला सदस्य प्रल्हाद गिरी र सरोज खड्का, नेस्वमयू केन्द्रीय सदस्य पटवारीलाल बैठा, अनेमसंघ पर्सा जिल्लाका निर्मला देवकोटा लगायतका वक्ताहरूले मन्तव्य राख्नु भएको थियो। कार्यक्रमको अध्यक्षता तथा सञ्चालन क्रमश: जिफन्ट अञ्चल सदस्यहरू प्रभुनाथ प्रसाद र नरेन्द्र ठाकुरले गर्नु भएको थियो।

**हेटौंडा** : मे दिवसको उपलक्ष्यमा हेटौंडामा मजदुर ऱ्याली, मजदुर सभा र हाजिरी जवाफ प्रतियोगिताका साथ श्रमिक दिवस सम्पन्न भयो। मे दिवसको बिहान हेटौंडा औद्योगिक क्षेत्रमा प्रमुख अतिथि नेकपा (एमाले) का केन्द्रीय वैकल्पिक सदस्य रणध्वज कन्दङवाले झण्डोत्तोलन गर्नुभएपछि आरम्भ भएको ऱ्याली औद्योगिक क्षेत्रको परिक्रमा गरी सभामा परिणत भयो। सभामा प्रमुख अतिथि लगायत विशिष्ट व्यक्तिहरूले मन्तव्य राख्नु भएको थियो। सभामा हाजिरी जवाफ प्रतियोगिताका विजयी टिमहरूलाई शील्ड तथा

# अध्यक्षद्वारा अञ्चल कार्यालय भवन, बुटवलको उद्घाटन



नेपाल ट्रेड यूनियन महासंघका अध्यक्ष मुकुन्द न्यौपानेको प्रमुख आतिथ्यमा बुटवलस्थित सभाहलमा मे दिवस समारोह सम्पन्न भयो। जिफन्ट अञ्चल अध्यक्ष कमल गौतमको अध्यक्षतामा सम्पन्न सो सभामा प्रमुख अतिथि लगायत नेकपा (एमाले) केन्द्रीय सदस्यहरू विष्णु पौडेल र प्रदीप ज्ञवाली, एमाले जिल्ला सचिव विजय पौडेल, शिव सुवेदी, बलवहादुर आचार्य, सलाम अहलम, शरद अधिकारी, रामप्रसाद प्रदीप र कुमार थापाले आ-आफ्नो मन्तव्य राख्नु भएको थियो।

यसअघि बिहान मे दिवसको उपलक्ष्यमा एक समारोहका बीच महासंघका अध्यक्ष मुकुन्द न्यौपानेले जिफन्ट कार्यालय भवन बुटवलको उद्घाटन गर्नुभएको थियो। त्यहाँ १७ गते रक्तदान कार्यक्रम र १६ गते हाजिरी जवाफ प्रतियोगिता पनि सम्पन्न भएको थियो।

पुरस्कार पनि वितरण गरिएको थियो।

**पोखरा** : पोखरा औद्योगिक क्षेत्रको समीक्षालयमा जिफन्ट अञ्चल अध्यक्ष सूर्यमोहन सुवेदीको अध्यक्षतामा मे दिवस समारोह सम्पन्न भयो। सो सभाका प्रमुख अतिथि नेकपा (एमाले) केन्द्रीय सदस्य काशीनाथ अधिकारी हुनुहुन्थ्यो। सभामा महासंघ पश्चिमाञ्चल क्षेत्रीय संयोजक चूडामणि जंगली, पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष वसन्त उदास, औद्योगिक क्षेत्र व्यवस्थापन लि.का अध्यक्ष रविन्द्र बस्नेत, नेस्वखापेमयू कास्की जिल्ला अध्यक्ष नरवहादुर केसी, महासंघ महिला मजदुर विभागका जिल्ला सचिव रमा कोइराला, महासंघ औद्योगिक क्षेत्र समन्वय कमिटीका अध्यक्ष ज्ञानेन्द्रले मन्तव्य दिनु भएको थियो।

**धादिङ** : ११३ औं मे दिवसको उपलक्ष्यमा क्युपेक नेपालको आयोजनामा धादिङमा लोक दोहोरी गीत प्रतियोगिता सम्पन्न भयो। महासंघका प्रतिनिधि नेपाल स्वतन्त्र मजदुर यूनियनका सहसचिव खड्ग अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न सो कार्यक्रममा प्रथम, द्वितीय र तृतीय हुने विजयी टोलीहरूलाई पुरस्कार वितरण गरिएको थियो। समारोहमा दोहरीको निर्णायक टोलीका संयोजक तथा क्युपेक नेपालका सहसचिव टिकाराम थापाले मे दिवसको महत्त्व बारे प्रकाश पार्नुभएको थियो। यसरी नै मध्यमाञ्चलको काभ्रेमा पनि नेस्वकेआमयूका अध्यक्ष जनक चौधरीको आतिथ्यमा मे दिवस कार्यक्रम सम्पन्न भएको समाचार छ।




**नेपालगंज** : जिफन्ट अञ्चल कमिटी नेपालगंजको आयोजनामा नेपालगंज नगरपालिकाको सभाहलमा मे दिवस समारोह सम्पन्न भयो। मजदुर सभाको प्रमुख अतिथि नेकपा (एमाले) का अञ्चल समन्वय कमिटीका सदस्य देवराज भार हुनुहुन्थ्यो। सभामा नेपाली कांग्रेस जिल्ला सभापति, नेपाल ट्रेड यूनियन कांग्रेस जिल्ला

# मजदुरको रगतमा कमिजलाई मुछेर प्रचलनमा आएको लालझण्डा

**नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको शुभकामना मन्तव्यको मूल अंश :**



मे दिवस मजदुरहरूको ठूलो चाड हो। गर्वको दिन हो। त्यसदिन मजदुरहरूले आफ्नो हकहितको लागि संघर्ष गरेका थिए। म सोचिरहेको छु, त्यो संघर्ष कुन अवस्थामा भएको थियो !

त्यतिखेर रेडियो थिएन, टीभी थिएन, माइक थिएन, केही थिएन। त्यो जमाना र आजको जमानालाई तुलना गरेर हेर्दा म के पाउँछु भने त्यो जमाना यस्तो थियो- गोली चल्यो, मजदुरहरू मारिए। त्यो जमानाको आन्दोलन थियो त्यो। अनि, उनीहरूले तिनै मजदुरको रगतमा कमिजलाई मुछेर एउटा लकडीमा झुण्ड्याएर 'हेर सरकारले मारेको यही हो' भन्दै देखाउँदै गए र त्यहींबाट लाल झण्डा आयो। त्यो बेला र अहिले तुलना गर्दा के लाग्छ भने त्यो जमानादेखि आजसम्म मजदुरहरू आफ्नो हकहितको लागि संघर्ष गर्दै आएका छन्। र, त्यो संघर्ष कति दिन अगाडि जाने होला भन्ने मलाई लाग्दछ।

अरु ठाउँको र नेपालको मजदुर आन्दोलनमा अत्यन्त ठुलो भिन्नता र महत्त्वपूर्ण भिन्नता मैले पाएको छु। अरु देशमा राजनीतिबाट मजदुर आन्दोलन शुरू भयो, नेपालमा मजदुर आन्दोलनबाट राजनीतिको बीउ रोपियो। यो अत्यन्त नै महत्त्वपूर्ण कुरा हो। त्यसैले मजदुरहरूसंग मेरो एउटा भावनात्मक सम्बन्ध छ किनकि त्यसवेला म पनि त्यस्तै एउटा ठाउँमा काम गर्दथें। अब जमाना बदलिएको छ, समय बदलियको छ। तर संघर्ष जारी नै छ। मजदुर आन्दोलन जहाँसुकैको, जोसुकैको होस् म तिनीहरूको भावनासंग गाँसिएको पाउँछु। म जुन अवस्थामा भए पनि मेरो भावना गाँसिएको हुन्छ।

आज नेपालको अवस्था अत्यन्त नै गम्भिर र संकटपूर्ण छ। अब यो परिस्थितिबाट मुक्ति कसरी पाउने ? यसबाट मुक्ति पाउन आज सम्पूर्ण राजनीतिक पार्टीहरू एक भएका छौं। मजदुर संघहरू पनि सबै एक भएर आउने अवस्था देख्दैछु। र, मलाई खुशी लागेको छ कि दुवै ट्रेड यूनियन कांग्रेस र जिफन्टले संयुक्त रूपमा महासंघ निर्माण गर्ने भनेका छन्। एउटै महासंघ बनाएर संयुक्त रूपमा ट्रेड यूनियन आन्दोलनलाई अगाडि बढाउनुपर्छ। यसको आवश्यकता मैले देखेको छु। हत्या, हिंसा र आतंकले गर्दा हाम्रो अर्थतन्त्र ध्वस्त भएको छ। विस्तारै हाम्रो उद्योगहरू पनि समाप्त हुँदैछन्, बन्द हुँदैछन्, पर्यटन समाप्त भएको छ। होटलहरू खालि जस्तै छन्। प्रभाव अरू क्षेत्रमा पनि परेको छ। जस्तो टुरिस्ट आउँथे, पहाडतिर जान्थे, स–साना चिया बिस्कुटको दोकान हुन्थे, कोकाकोला राखिन्थे ठाउँठाउँमा। आज ती दोकानहरू बन्द हुँदैछन् र बेरोजगारीको समस्या दिनदिनै बढ्दैछ। त्यस्तो अवस्थामा हामीहरूले संयुक्त रूपबाट हत्या, हिंसा र आतंकको सामना गर्नुपर्दछ र यो देशमा शान्ति स्थापना गरेर मात्र विकासको कार्य शुरू गरिनु पर्छ। अरुको नक्कल गरेर हाम्रो स्थितिमा सुधार हुन सक्दैन। त्यसैले हाम्रो भूगोल र सामाजिक-आर्थिक अवस्थालाई हेरेर हामीले आफ्नो नीति निर्माण गर्नु पर्दछ। त्यसो गर्‍यौं भने तल्लो तहका जनतासम्मले त्यसको प्रतिफल पाउन सक्दछन्।

ट्रेड यूनियन र व्यवस्थापनको बीचको सम्बन्ध नङ र मासुकै हो। यदि उद्योग बचाउन सकेनौं भने त्यसले घाटा मजदुरलाई पनि हुन्छ र व्यवस्थापकलाई पनि हुन्छ। त्यसकारण जहिले पनि विवाद चल्यो भने बसेर छलफल गरेर समन्वय गर्दै गयो भने व्यवस्थापकको पनि समस्या समाधान हुन्छ र मजदुरले पनि आफूलाई सुरक्षित महसुस गर्न सक्दछ। मजदुर र व्यवस्थापनको अत्यन्त गहिरो सम्बन्ध विस्तार गर्न सक्नुपर्दछ। आजको अवस्थामा यो अत्यन्त आवश्यक कुरा हो। अहिले श्रम कानून बनेको छैन। यसलाई पनि कतिसम्म हामीले समय सुहाउँदो बनाउन सक्छौं ! आइएलओको एउटा अभिसन्धि छ- फ्रिडम अफ एसोसिएसन भन्ने। यो संसदमा आइसकेको छैन। यो अब छिटै आउँछ र पास पनि हुन्छ। त्यसपछि यसले मजदुरको हकहितको सुरक्षा पनि गर्छ।

म आज यहाँहरूलाई बधाइ पनि दिन्छु कि नेपालमा राजनीतिको शुरूवात र राजनीतिको बीउ रोप्ने मजदुरहरूको जुन भूमिका रह्यो त्यसलाई कसैले लुकाएर लुक्दैन। मजदुरहरूले शुरू गरेको राजनीतिलाई अब कसैले समाप्त पार्न सक्दैन।

---

सभापति, डिकोन्ट जिल्ला सभापति लगायतले बोल्नु भयो। उक्त सभा अञ्चल अध्यक्ष केशवराज गिरीको अध्यक्षतामा सम्पन्न भएको थियो।

**धनगढी** : मे दिवसको उपक्ष्यमा धनधगढीमा नेकपा (एमाले) कैलाली जिल्ला उपसचिव दिपक देवकोटाको प्रमुख आतिथ्यमा र नेपाल रिक्सा चालक यूनियनका केन्द्रीय सदस्य चूडामणि नेपालको अध्यक्षतामा मजदुर सभा सम्पन्न भयो।

**महेन्द्र नगर** : जिफन्ट अञ्चल अध्यक्ष धर्मानन्द पन्तको अध्यक्षतामा महेन्द्रनगरको पुनर्वासमा मे दिवस समारोह सम्पन्न भयो। सो सभाका प्रमुख अतिथि कञ्चनपुर जिल्ला विकास समितिका सभापति हुनुहुन्थ्यो। यसै गरी कैलालीको टिकापुरमा नेकपा (एमाले) नगर प्रमुख सूर्यचन्द्र भट्टराईको आतिथ्यमा, कृषि मजदुर संघ, नेपालका केन्द्रीय सदस्य फिरुलाल चौधरीको सभापतित्वमा मे दिवस कार्यक्रम सम्पन्न भयो। यसै गरी पश्चिमाञ्चलको त्रिभुवन बस्तीमा पनि मे दिवस कार्यक्रम सम्पन्न भएको थियो।



# कसैलाई काखा र कसैलाई पाखाको अवस्था हामीलाई स्वीकार्य हुँदैन

**नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालको मन्तव्यको मुख्य अंश :**



आज आफ्नो अधिकार प्राप्तिको लागि, स्वतन्त्रताको लागि आन्दोलनमा ऐक्यबद्ध भएर अगाडि बढेको दिन, संसारभरका मजदुरहरू आज आ–आफ्नो देशमा मे दिवस मनाइरहेका छन्। जिफन्टले जुन हिसाबले यो दिवसलाई मनाउँदै अगाडि बढिरहेको छ, यसको विविध रूप पनि हामीले देखेका छौं। र्‍याली, प्रदर्शनी, सभा-समारोहको माध्यमबाट मजदुरहरूमा एकताको सन्देश, ऐक्यबद्धता र भविष्यप्रति आशा, आत्मविश्वासको सन्देश छर्ने काम गर्दै आएको छ। नेपाली मजदुर आन्दोलन सुदृढ भएर एक भएर अगाडि जान सकोस्, यही शुभकामनासहित क्रान्तिकारी सलामको अभिवादन व्यक्त गर्न चाहन्छु।

मजदुरहरूले आफ्नो अस्तित्व, अधिकार र स्वतन्त्रताको लागि निकै रगत बगाएका छन्। शिकागोका मजदुरहरूले ८ घण्टा काम, ८ घण्टा मनोरञ्जन र ८ घण्टा आरामको माग गर्दै रगत बगाएका थिए। यो संसारव्यापी अभियान अझै अगाडि बढिरहेछ। अधिकार प्राप्तिको यो आवाज प्रतिध्वनित भएको छ।

८ घण्टाको काम निश्चित गरिएको भए पनि त्यसलाई व्यवहारमा लागू गर्न कामको सुरक्षा सुदृढ गर्ने काममा ट्रेड यूनियनले अझै पनि आफ्नो यात्रालाई अगाडि बढाउनु पर्ने आवश्यकता छँदैछ।

मे दिवस मनाइरहेको यस अवस्थामा हामी हाम्रो देशको मजदुरहरूको अवस्थालाई सम्झिरहेका छौं। संगठित र असंगठित क्षेत्रमा रहेका मजदुरहरूलाई हामी सम्झिरहेका छौं। हामी देखिरहेका छौं कलकारखानाहरू बन्द हुन थालिरहेका छन्। सरकारी क्षेत्रबाट संचालित संस्थानहरू हुन् वा निजी क्षेत्रका उद्योग धन्दा र व्यवसाय हुन्, तिनीहरू धरासायी बन्दै गइरहेका छन्। त्यसले मजदुरहरूको अस्तित्वमाथि प्रश्न उठाएको छ। ट्रेड यूनियनको अस्तित्वको प्रश्न, मजदुरहरूको भविष्य र जीवन यापनको प्रश्न- यी सबै मजदुरका अगाडि आएका छन्।

विश्वभरीको ट्रेड यूनियन आन्दोललाई समाजवादी आन्दोलनसंग जोडेर कसरी लिएर जाने, ट्रेड यूनियनको आन्दोलन कसरी समाजवादको दिशातर्फ अगाडि बढाउने र समाजवाद विना मजदुरको हित हुन सक्दैन भन्ने कुरा कसरी सबैलाई बुझाउने जस्ता जुन स्वीडिस मित्रले अगाडि सार्नु भएको छ, त्यस कुरामा विमति गर्नु पर्ने आवश्यकता छैन। समाजवादको ध्येयलाई कसैले धरासायी बनाउन सक्दैन। त्यसैले समाजवाद प्राप्तिको निम्ति मजदुरहरको यो यात्रा जारी रहनेछ। यही हिसाबले विभिन्न देशहरूमा वामपन्थी र कम्युनिस्ट पार्टीहरू अगाडि बढिरहेका छन्। युरोपका विभिन्न देश चाहे फ्रान्स होस् वा स्पेन, साइप्रस होस् वा इटाली, कम्युनिस्टहरू मजदुर आन्दोलनको रूपमा अगाडि बढिरहेका छन्। हामी नेपाली कम्युनिस्टहरू संसारभरका मजदुरहरूको सफलताबाट हर्षित भएका छौं। र हामीलाई यसले अगाडि बढ्न हौसला प्रदान गरेको छ, उत्साह प्रदान गरेको छ। तर उपस्थित मजदुर साथीहरू, हाम्रो देशको राजनैतिक आर्थिक र सामाजिक अवस्थाले, देशको दुर्दशाले हामीलाई चिन्तित बनाइरहेको छ। हाम्रो देशको स्वतन्त्र अस्तित्व कायम रहने हो कि होइन ? हाम्रो सार्वभौमसत्ता हाम्रो हातमा रहने हो कि होइन ? यसले अत्यन्त चिन्तित बनाइरहेको छ। हामीले आफ्नो देशको भाग्य र भविष्यको निर्णय गर्न पाउने हो कि होइन ? यो गम्भिर प्रश्न हाम्रो सामु तेर्सिएको छ। विश्वव्यापीकरणको नाममा देशको यो दुरावस्थाको लागि विदेशी दासतालाई स्वीकार गर्ने, उनीहरूको सल्लाहलाई आँखा चिम्लेर स्वीकार गर्ने र आफ्नो स्थितिलाई आफै विश्लेषण नगर्ने प्रवृत्ति जिम्मेवार रहेका छन्।

निश्चित रूपमा हामी संसारसंग अलग रहन सक्दैनौं। संसार एउटा ग्लोवल भिलेजको रूपमा विकासित भएको छ र विश्व अर्थतन्त्रसंग सम्बन्धित छ। यी सबैका वावजूद, विकसित देशले आफ्नो अर्थतन्त्र जोगाएर लान संरक्षणको नीति लिएका छन्। चाहे जापान होस् वा अमेरिका वा युरोप आफ्ना जनताको हितका लागि उनीहरूले आफ्नो हितमा नीतिहरू तर्जुमा गर्ने गरेका छन्। नेपाल जस्तो राष्ट्र जहाँ औद्योगिक क्षेत्रको शुरूवात साह्रै ढिला मात्रै शुरू भएको छ, जहाँका उद्योगधन्दा कमजोर रहेको छ। अर्थतन्त्रको मेरुदण्ड मजबुत बन्न सकेको छैन, त्यस ठाउँको अर्थतन्त्रको रक्षाको लागि उद्योग-व्यवसायलाई अगाडि बढाउन उत्पादित वस्तुहरूलाई विश्व बजारमा क्षेत्रीय प्रतिस्पर्धामा पुर्‍याउन नेपालकै बजार हाम्रो उत्पादतनले प्राप्त गर्नका लागि राज्यले विशेष संरक्षण दिनु आवश्यक छ, जुन हुन सकिरहेको छैन।

सानो बालक आफै हिड्न सक्दैन, उसलाई अभिभावकको सहाराको आवश्यकता पर्दछ, सहयोग पुर्‍याउनु पर्ने आवश्यकता पर्दछ, त्यस्तै नेपाली अर्थतन्त्रलाई पनि राज्यले सहयोग र टेवा पुर्‍याउनु आवश्यक पर्दछ। जसरी केटाकेटीहरू जवान भएपछि अभिभावकको सहयोग आवश्यक महसुस गर्दैनन्, त्यस्तै अर्थतन्त्र पनि आफैमा सक्षम भइसकेपछि राज्यको संरक्षण आवश्यक पर्दैन। त्यसो हुनाले हामीले आफ्नो देशको अर्थतन्त्रलाई कसरी अगाडि बढाएर लिएर जाने ? त्यसमा सुस्पष्ट सोचको आवश्यकता पर्दछ।

त्यसको लागि हामीले नेपालको विशेषता अनुसारको आर्थिक कार्यक्रम लिन सक्नु पर्छ। त्यसमा झन् अहिले हत्याको हिंसाको दौरले गर्दा। यसको प्रत्यक्ष प्रभाव उद्योग व्यवसायमा परेको छ, पर्यटन क्षेत्र, विदेशी लगानीको क्षेत्रमा परेको छ। उद्योगको विभिन्न क्षेत्रहरू बन्द हुँदै गइरहेका छन्। घरेलु उद्योग र व्यवसायहरू क्रमश: बन्द हुँदैछन्। निर्यात गर्ने वस्तुले प्रतिस्पर्धा गर्ने क्षमता गुमाइरहेका छन्। त्यसको सोझो असर श्रमिकहरूको जीवनमा परेको छ। यी सबै पक्षले हामीलाई चिन्तित बनाइरहेको छ। यो संकटको चक्रबाट देशलाई मुक्त गर्ने कसरी ? यो प्रश्न हामी सबैको सामु रहेको छ।

कुनै पनि क्षेत्रमा योग्यताको आवश्यकता छ र योग्यताको कदर हुनुपर्छ। मजदुरहरू अयोग्य देखिए, मजदुरहरूले बद्मासी गरेको ठाउँ देखियो भने दण्डित गर्न सकिएला। कारखाना मालिकले बदमासी गर्‍यो भने उसलाई दण्डित गर्नुपर्छ कि पर्दैन ? यदि हामी कानूनको शासनमा विश्वास गर्छौं भने कानून सबैलाई बराबरी लाग्नु पर्छ। सम्पत्ति हुनेहरूलाई कानून नलाग्ने, श्रम हुनेहरूलाई मात्र कानून लाग्ने कुरा हामी स्वीकार गर्न सक्दैनौं। हामी पूँजी र श्रमको बीच सन्तुलन चाहन्छौं। हामी सामाजिक सम्वाद अगाडि बढेको देख्न चाहन्छौं। हाम्रो यो मुलुकलाई सहमतिबाट अगाडि बढाएर लैजान चाहन्छौं र आर्थिक सामाजिक, राजनैतकि सबै क्षेत्रमा सहमति, औद्योगिक क्षेत्रमा पनि शान्ति र सहमति, हाम्रो उद्देश्य रहेको छ। जनताले भोग्न परिरहेको पिडा, व्यवसायीहरूले भोगिरहेको पिडालाई समान ठाउँमा राखेर अगाडि बढ्न चाहन्छौं। कसैलाई काखा र कसैलाई पाखाको अवस्था हामीलाई स्वीकार्य हुँदैन।

हाम्रो देशमा दण्डहिनताको अवस्था विद्यमान छ। बदमासी गर्ने मानिसहरू दण्डित हुने गर्दैनन्। सात लाख घुस खाने सचिवहरू आजसम्म कार्वाहीमा परेका छैनन्। यस्तो खालको अराजक दण्डहिनताको अवस्था विद्यमान छ हामीकहाँ ! यो देशमा विधिको शासन स्थापित हुन सकिरहेको छैन।

त्यसैले अहिले स्पष्ट दृष्टिकोण बोकेर अगाडि बढ्ने विकल्पको आवश्यकता छ। हाम्रो देशमा व्यापक सुधारको खाँचो छ। आमूल सुधार र परिवर्तनको खाँचो छ।




# सामूहिक छलफलबाट निश्चित गरिएका लक्ष्मण-रेखा ट्रेड यूनियनको तर्फबाट नाघिने छैनन्

**(महासचिवद्वारा मे दिवस समारोहमा प्रस्तुत नेपाल ट्रेड यूनियन महासंघको मे दिवस घोषणा-२००२)**

### मे दिवस को महत्व

मानव जीवनमा अत्यन्तै महत्त्व राख्ने **काम-मनोरञ्जन-आराम**लाई पहिलो पल्ट 'तीन ८ को माग' सहित आजभन्दा ११६ वर्ष अघि शिकागोका मजदुरहरूले शुरू गरेको 'मे-एक' आन्दोलनलाई आज हामी सगरमाथाको फेदीबाट अभिवादन गर्दैछौं। यस उपलक्ष्यमा हामी सम्पूर्ण श्रमजीवी वर्ग र समाजका अन्य सबै तह र समूहका जनसमुदायमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौं। श्रमिक वर्गको मुक्ति र अधिकार प्राप्तिको शताब्दीयौं लामो संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति नेपाल ट्रेड यूनियन महासंघको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं।

निश्चिय नै मे दिवसको इतिहास शहीदहरूको आलो रगतबाट लेखिएको छ, अमूल्य जीवन उत्सर्गबाट आलोकित भएको छ। गोलार्धको ओल्लो कुनादेखि पल्लो छेउसम्म कठोर परिश्रम सहित पसिना बगाइरहेका लाखौं-करोडौंको समृद्ध भविष्यको लागि त्यो उत्सर्ग प्रेरणा-पुञ्ज बनिरहेको छ, मुटुको माझमा अंकुराउने, प्रस्फुटित हुने र यसै गरी पुस्तौं-पुस्तासम्म प्रसारित हुने क्रम जारी छ।

अमेरिकाको शिकागोमा बगेको रगत हाम्रो गर्व र आदर्श बनेको छ। तर आज - सर्वहारा वर्ग र श्रमिकका नाममा हाम्रो आफ्नै भूमिमा जे भइरहेछ त्यसले हाम्रो शीर सगरमाथाको शिखर झैं उँचो होइन, केचनाको डोविल्को भन्दा पनि तल झुकाएको छ।

### दोहोरो मारमा मजदुरहरू

बितेको वर्षमा कसैलाई दोहोरो मार परेको छ भने श्रमिक वर्गलाई परेको छ। विकट पहाडी भेगमा शिक्षाको दियो बाल्ने अभियानमा जुटेका झण्डै ५ दर्जन गुप्त वहादुर बि.क.हरूलाई कथित मुक्तिका नाममा कक्षा कोठाबाट दिन दहाडै घिसारियो। पहिले हात खुट्टाको हाड मासुलाई किचीकिची किमा बनाइयो र त्यसपछि घोची घोची मारियो। कतिको शरीरको गींड मात्र अधमरो छोडी तड्पाई तड्पाई मारियो। माघ ३ गते लमजुङ दुराडाँडाका प्र.अ. मुक्ति नाथ अधिकारीलाई हात खुट्टा बाँधी आफ्नै शिष्यको अघिल्तिर गोली ठोकियो। चैत २० गते भालुवाङमा रात्री बस हाँकिरहेका महेन्द्र कर्माचार्यलाई चलिरहेकै गाडीमा गोली हानी ठहरै पारियो। २०५८ फागुन १० गते चितवनमा आफ्नै सहयात्रीहरूलाई जिउँदै जलाएको दृश्य टुलुटुलु हेरिरहन बाध्य पारियो। यति मात्र

होइन विकासका संरचनाहरूको ध्वंसबाट सबैभन्दा पीडित श्रमिक वर्ग नै हुने निश्चित छ।

यी पीडादायक घटनाले मात्र होइन, वर्ष २०५८ को शुरूदेखि नै श्रम बजारमा व्याप्त अराजकताले ठूलो संख्यामा श्रमिकलाई रोजगारीबाट हात धुन समेत बाध्य पार्‍यो। ट्रेड यूनियन आन्दोलनलाई हड्ताल, घेराबन्दी र जुलुसको रूपमा मात्र बुझ्ने मानसिकता बोकेको हाम्रो समाजमा एकातिर अतिवादीबाट भड्काइएको असन्तोषले हाम्रो श्रम बजार अशान्त हुन पुग्यो, अर्कातिर "तेल दिंदा नखाने, राती कोल चाट्ने" आहानलाई चरितार्थ गर्दै केही रोजगारदाताद्वारा विद्यमान कानून तथा गरिएका सामूहिक सम्झौता, व्यवहारमा कार्यान्वयन नगर्ने तर फोनबाट दिइएको र हुलाकबाट पठाइएका असंवैधानिक आदेश लुरुलुरु पालना गर्ने व्यवहारले वर्षौंको मेहनतबाट बल्ल बल्ल सिर्जित सामाजिक संवादका वैधानिक संयन्त्रहरू पनि नराम्रो संग विथोलिन पुगे।

यूनियनहरूमाथिको मार यत्तिमै थामिएन। तालाबन्दी, कटौती, निष्कासन, ले-अफ, पे-अफ, प्रतिष्ठान बन्द र अनिवार्य बिदा जस्ता गतिविधिबाट हजारौंको संख्यामा थप श्रमिकहरूको रोजगारी गुम्यो। तथ्यले बोल्छ, बितेको वर्षमा बन्द भएका ३३ वटा गार्मेन्ट कारखाना, ४ वटा टेक्सटायल र २ पस्मिना उद्योगबाट मात्रै १०,१४२ मजदुरहरूको रोजगारी गुमेको छ। ४ वटा होटेलको मात्रै उदाहरण दिने हो भने पनि १ हजार भन्दा बढी मजदुरहरू ले-अफमा परेका छन्। करीब ३ हजार श्रमिकलाई होटेल क्षेत्रबाट मात्रै अनिवार्य बिदामा बस्न बाध्य पारिएको छ। उनीहरूले खाईपाई आएको सुविधा व्यापक मात्रामा काटिएको छ। गलैंचा, निर्माण तथा अन्य उत्पादनमूलक उद्योगबाट विस्थापित श्रमिकहरूको संख्या बितेका कुनै पनि वर्षमा भन्दा ज्यादै ठूलो छ।

यस्तो अवस्थामा चुनौतीको सामना गर्न सिंगो राष्ट्रले एकीकृत पहल गर्नु पर्ने थियो। सामाजिक सहयात्री बीचको राष्ट्रिय संकल्पबाट समस्याको समाधान खोज्नु पर्ने थियो। तर श्रम क्षेत्रले राज्यबाट माया र सुरक्षा होइन प्रताडना नै झेल्नु पर्‍यो। पर्यटन, यातायात लगायत ११ वटा सेवामा लादिएको 'आवश्यक सेवा संचालन ऐन-०१४' जारी नै रह्‍यो। सामाजिक संवादबाट समस्या हल गर्नु भन्दा पनि लाठो देखाएर असन्तोष र असहमति दबाउने अप्रजातान्त्रिक कदमलाई निरन्तरता दिइयो।

**यूनियन विरोधी काम**

श्रमिकको संगठन स्वतन्त्रता माथि धावा बोल्ने क्रम थामिएन। कृषि, उत्पादन र सेवा क्षेत्रका श्रमिकहरूलाई संगठित रूपमा परिचालन गरे सकारात्मक परिणाम निस्कन सक्छ भन्ने तथ्य बुझ्नै खोजिएन। वित्तीय तथा सेवामूलक सार्वजनिक क्षेत्रमा श्रम कानून विपरित कामदार-कर्मचारीको यूनियनमा संलग्न हुने अधिकारमाथि अंकुश लगाइयो, श्रमिक-श्रमिक बीच पदको बार तेर्साएर विभाजनको रेखा कोरियो। निजामति सेवामा शुरूमा 'एक कर्मचारी संघ' को नीति घोषणा गरियो र 'अहिले यूनियन विहिन निजामती सेवा' को माखे-साङलो बुनिदै छ। शिक्षा नियमावली मार्फत शिक्षकका राजनीतिक अधिकारमाथि साङलो लगाउन खोजिएको चर्चा चली रहेको छ। नागरिकहरूको मौलिक अधिकार

## स्वीडिस पार्टी अफ लेफ्टका केन्द्रीय सदस्य तथा स्वीडेनका सांसद क. काले लार्सनको शुभकामना



सन् १९९० को जनआन्दोलनबाट प्राप्त सामाजिक-आर्थिक परिवर्तनका संघर्षबाट जनताले पाएको वहुदलीय ढाँचाको प्रजातन्त्रमाथि अतिवादीहरूले आक्रमण गरिरहेका छन्। यस वेला तपाईको देश र मेरो देशको बीचमा धेरै ठूलो दुरी भए पनि दुवैमा वर्गीय समाज विद्यमान छ। साथै महिलाहरू शक्ति र आम्दानी दुवैमा पुरुषभन्दा पछाडि परेका छन्। पूँजीवाद र महिला विरुद्ध शोषणको संघर्षमा हामी एक छौं। विश्वको श्रमिक एकताको दिन आज मे दिवस मनाइरहेको वेला फेरि भावना व्यक्त गर्दछु - हामी एक छौं।

युरोपमा हामी फासिवादका विरुद्ध एकताबद्ध छौं। युरोप र विश्वकै फासिस्टहरूलाई हाम्रो एउटै सन्देश छ- फासिवाद अब कहिल्यै स्वीकारिने छैन। हामी फासिवाद विरुद्ध संघर्ष गर्छौं र विजय प्राप्त गर्छौं। आज अन्तरराष्ट्रिय श्रमिक आन्दोलन दिवसको दिन सबैतिर जनता सडकमा उत्रिएका छन्। पेलेस्टाइन होस् वा कोलम्बिया, अर्जेन्टिना होस् वा अफगानिस्तान, कुर्दिस्तान वा नेपाल।

२०० सबैभन्दा धनी मानिसको आम्दानी संसारको आधा जनसंख्याको आम्दानी भन्दा बढी भएको यो वर्तमान अन्यायपूर्ण विश्व व्यवस्थामा समाजवाद सुन्दर विचार मात्र होइन आवश्यकता पनि हो।

समाजवाद ठोस यथार्थ हो, जसले मानिसको जीवनलाई परिवर्तन गर्नेछ। समाजवादले मात्र हरेक मानिसको लागि शान्ति र सम्मानपूर्ण जीवन सहितको विश्व दिन सक्छ।

समाजवाद बिनाको प्रजातन्त्र वहुराष्ट्रिय निगमको दैलोमा उभिन्छ। समाजवाद बिनाको स्वतन्त्रता मुट्ठीभर मानिसको फाइदा र असंख्य मानिसहरूको शोषण मात्र हो। समाजवादको अभावमा करोडौं-करोड बालबालिकालाई विश्वव्यापीकरणको नाममा भोकभोकै मार्ने काम मात्र हुन सक्छ। समाजवाद बिना गरिबी र अपमानपूर्ण जीवन करोडौं-अर्बौं मानिसहरूको भागमा पर्छ। पूँजीवाद नै इतिहासको अन्त्य समाजवादको सम्भावनालाई वास्तविकतामा परिवर्तन गरौं।

श्रमिकहरूको अन्तरराष्ट्रिय ऐक्यबद्धता जिन्दावाद !

निलम्बन गरिएको यो संकटकालीन अवस्थालाई समेत केही व्यवस्थापकबाट मजदुर विरुद्ध दुरूपयोग गरिएको छ, आफ्नै मजदुरसित इबी साध्ने प्रकृतिका घटनाहरू विर्सन नसकिने उदाहरण बनेका छन्।

**व्यवसायी र श्रम कानून**

मे दिवसको अवसरमा म, उद्योग बाणिज्य दिवसको समुद्घाटन समारोहमा नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्षज्यूद्वारा प्रस्तुत स्वागत भाषण मार्फत गरिएको अनुरोधलाई उद्धृत गर्ने अनुमति चाहन्छु- "अर्थतन्त्रमा बढी से बढी मात्रामा रोजगारीका अवसरहरू सृजना गर्ने हो भने श्रम बजारलाई पनि लचिलो बनाउनु पर्छ। यस सम्बन्धमा सामाजिक सम्वाद र सहकार्यको लागि ट्रेड यूनियनका मित्रहरूलाई हार्दिक अनुरोध गर्दछु।" अब प्रश्न उठ्छ- हाम्रो व्यवसायिक जगतले यूनियन आन्दोलनबाट अपेक्षा गरेको सहयोग के हो ? कस्तो लचकता र कस्तो अड्डरोपन ? रोजगारदाताका ठोस एजेण्डाहरू के के हुन् ?

बितेका वर्षका अनुभवले के देखाएको छ भने व्यवसायीहरूका एजेण्डाहरू सूत्रबद्ध छैनन् र तिनले राष्ट्रिय स्वार्थलाई प्रतिविम्वित गर्न सकिरहेका छैनन्। हामीलाई लागेको छ, व्यवसायीहरूको ठूलो संख्या आफू संलग्न रहेको वस्तु वा सेवाको उत्पादन र आफूले संचालन गरेको प्रतिष्ठानको सानो घेरालाई हेरेर श्रम कानून संशोधन र राष्ट्रिय नीति तर्जुमाको माग गरिरहेका छन्।

हामीलाई यस्तो भन्नु पर्दा दुःख लागिरहेछ, विद्यमान श्रम कानून प्रति प्रतिष्ठित र बौद्धिक कहलिएका उद्योगीहरू नै सचेत छैनन्। हामी किटेरै भन्न सक्छौं- २०५८ साल १२ औं महिनाको २१ गतेका दिन अमेरिकाबाट विद्यावारिधी गरेका र लामो समयदेखि उद्योग-व्यापारमा संलग्न एक मनोनित सांसदले राष्ट्रिय सभामा जरुरी र सार्वजनिक महत्त्वको प्रस्ताव राख्ने क्रममा भन्नुभयो- "यूनियन दर्ता हुन राजनीतिक पार्टीसंग आबद्ध हुनु पर्ने अनिवार्यता हटाउनु पर्छ र कुनै राजनीतिक दलसंग आबद्ध नभएका यूनियनको दर्ता पनि संभव हुनु पर्छ।" ट्रेड यूनियन ऐन-०४९ का अनुसार १० जना भन्दा बढी कामदार कर्मचारी कार्यरत कुनै पनि प्रतिष्ठानका २५ प्रतिशत कामदार-कर्मचारीले आपसमा सम्झौता गरेमा स्थानीय पञ्जिकाधिकारीले यूनियन दर्ता गरिदिनु पर्छ। त्यस्तो यूनियनहरूमा प्रतिष्ठानमा १ वर्षदेखि अविच्छिन्न सेवा गरेका नेपाली नागरिक मात्र नेता हुन पाउँछन्। यो कानूनी व्यवस्थामा कहाँनेर राजनीतिक पार्टीसंगको आबद्धताको 'त्रुटीपूर्ण' व्यवधान छ ?

यहाँनेर यूनियनको अति राजनीतिकरण भयो भन्ने व्यवसायी जगतको टिप्पणी प्रति हाम्रो प्रतिटिप्पणी छ- यूनियनहरूले उठाएको श्रम सम्बन्धी विषयलाई किन जबर्जस्ती पार्टीकरण भएको बिल्ला भिराइँदैछ ? उद्योग-व्यवसाय र प्रतिष्ठानमा श्रम समस्या उत्पन्न भए स्थानीय यूनियनसंग संवाद गर्नुको बदला कुन यूनियनको सदस्यले कुन पार्टीको चिन्हमा छाप लगाउँछ भन्ने आधारमा पार्टी-पार्टी चहारी श्रम विवादमा राजनीति किन घोलिन्छ ? एकचोटी मनन गरौं त, कांग्रेस, कम्युनिस्ट र सबै बिचार तथा मतका होटल श्रमिकहरूले बितेको वर्षमा संचालन गरेको सेवा शुल्क आन्दोलनमा यूनियन प्रतिनिधिसंग वार्ता गर्नुको साटो पार्टी-पार्टी चहारी जारी

## अन्तरराष्ट्रिय श्रम संगठन काठमाडौंका निर्देशक लैला टेग्मो रेड्डीको शुभकामना मन्तव्यको प्रमुख अंश

आजको महत्त्वपूर्ण दिनमा विश्वभरका श्रमिकहरू र विशेष गरी नेपाली मजदुर प्रति श्रद्धा व्यक्त गर्ने मौका दिनु भएकोमा आयोजकलाई धन्यवाद ज्ञापन गर्दछु।

नेपाली श्रमिकहरूको जीवन र कार्यावस्थामा सुधार तथा प्रवर्द्धनको लागि संचालित अथक कामका लागि जिफन्टलाई बधाइ ज्ञापन गर्दछु। आइएलओको जिफन्टसंग प्रगाढ सम्बन्ध रहेको छ र आगामी दिनका चुनौतीहरू सामना गर्न अझै सुदृढ हुँदै जानेछ भन्ने मलाई लागेको छ।

आइएलओको प्रमुख उद्देश्य विश्वव्यापी रूपमा मर्यादित काम हो। मर्यादित कामको उद्देश्य रोजगारी सृजना गर्ने मात्र नभएर अपेक्षित गुणको काम सृजना गर्नु पनि हो।

मर्यादित कामका ४ महत्त्वपूर्ण पक्ष छन्- कामको अधिकार र आधारभूत सिद्धान्तको प्रवर्द्धन, महिला-पुरुष दुवैको लागि रोजगारी अभिवृद्धि, सामाजिक सुरक्षा र सामाजिक संवादको प्रवर्द्धन।

विशेष गरी जिफन्ट र अन्य ट्रेड यूनियन संगठन सामाजिक सहयात्री सहित हामी सक्रिय रूपमा देशको लागि मर्यादित कामको योजना प्रवर्द्धनमा क्रियाशील छौं। ट्रेड यूनियनहरू गरिबी घटाउने रणनीति निर्माणमा संलग्न छन्।

म जिफन्ट र एनटीयूसीलाई उनीहरूको एकता अभियानको लागि बधाइ दिन चाहन्छु। गरिबी घटाउने आइएलओ कार्यपत्रमा यी दुई महासंघले दिएको संयुक्त सुझावलाई महत्त्वपूर्ण कामको रूपमा उल्लेख गर्न चाहन्छु। यो सुझावले गरिबी निवारणको थुप्रै आवश्यक पक्षलाई छोएको छ। यसले ठूलो संख्यामा रहेको अनौपचारिक एवं नाजुक अवस्थामा रहेका समाजका अन्य समूहको अप्ठ्यारालाई समेटेको छ। ती आवाजलाई प्रायः उपेक्षा गरिन्छ र सुनिदैन, निर्धन उपेक्षित र प्रायः बेवास्ता गरिएकाहरूको पक्षमा हामी



सबैले सक्रियतापूर्वक काम गर्नु पर्छ।

नेपालको लागि आजको अवस्था साह्रै ध्यान दिन पर्ने वेला हो। यतिखेर देशको साथसाथै श्रमको संसार थुप्रै चुनौतीबाट प्रभावित छ। त्यसैले म आइएलओको सबै सहयात्रीलाई सामाजिक संवादको भावनामा सहकार्य गरी सबै विषयहरूलाई हल गर्न आग्रह गर्दछु।

लेबोर नेपाल डट ओओरजी जस्तो तगडा वेभसाइट निर्माण गरी श्रमको संसारको सूचना प्रवाहमा गरेको योगदानको लागि पनि म जिफन्टलाई बधाइ दिन चाहन्छु। नेपाल र नेपाल बाहिरका मित्रहरूले त्यसबाट पाएको सूचनाको सन्दर्भमा गरेको तारिफबाट त्यो वेभसाइटको प्रभावकारिता महसुस गर्न सकिन्छ।

आजको महत्त्वपूर्ण दिनमा म नेपालको सरकारलाई आइएलओ अभिसन्धि १०५ र ८७ पारित गर्न समेत आग्रह गर्दछु।

आन्दोलनलाई गलत दिशातर्फ मोड्ने कसरत हामी दुई पक्षमध्ये कसले गर्‍यो ? के यो दृष्टान्त नै हाम्रा व्यवसायी मित्रहरूको व्यवहारका सन्दर्भमा पर्याप्त छैन र ? हाम्रो विनम्र प्रश्न छ- अर्काको अनुहारमा हिलो छ्यापेर आफूलाई सफा देखाउने यस्तो अपसंस्कृति अब हामी लेकहिलेसम्म जारी राख्ने ? त्यसैले, एउटा विधायक उद्योगपतिको उक्त भ्रामक लिखित अभिव्यक्तिले नेपाली उद्योगीहरूको ईज्जतमाथि नै धावा बोलेको छैन र ?

**मजदुरहरू विरुद्धका आरोप**

यो प्रसंगमा मजदुरमाथि र यूनियनहरूप्रति लगाइने गरिएको अर्को आरोपको चर्चा गर्नु पनि सान्दर्भिक हुने हामी ठान्दछौं। एउटा आरोप छ, मजदुर उत्पादक भएनन्। हाम्रो साधारण प्रतिप्रश्न छ- सर्लाही र सप्तरीका कृषि मजदुरहरू पञ्जाब र हरियाणाका खेत खलिहानमा किन उत्पादक स्वीकारिएका छन् ? नेपालको तुलनामा ४ दोब्बर ज्याला किन पाउँछन् ? अदक्ष र बेकामे ठानिएका लाखौं नेपाली युवाहरू खाडी देशमा किन हिराको टुक्रा ठानिन्छन् ? दक्षिण एशियाका अन्य श्रमिकहरूको तुलनामा नेपाली बेरोजगार भीड मलेसिया लगायत दक्षिणपूर्वी एशियामा किन प्रिय छ ? हङकङको चिङ्मा ब्रीज बनाउन सक्ने नेपाली, नेपालको कर्णाली पुल बनाउन किन योग्य ठानिदैनन् ? नेपालको इलेक्ट्रोनिक्स जगतमा नबिकेका तन्नेरीहरू 'सिलिकन भ्याली' मा कसरी उच्च आयको रोजगारीमा सफल छन् ? हाम्रो श्रम बजार र औद्योगिक सम्बन्धका पेचकिला कहाँ फुस्किएका छन् ?

हामी स्वीकार गर्छौं, अहिले देशको आवश्यकता भनेको मीठो र झुठो भाषण होइन, काम हो- ठोस तथा फलदायी काम ! तर, बेलाबखतमा हाम्रा केही व्यवसायीबाट पाइएको 'ठोस प्रस्ताव' उदेक लाग्दा छन्। कसैको प्रस्ताव छ- "अहिलेको आवश्यकता भनेको रोजगारहरूको सुरक्षा होइन, बेरोजगारलाई रोजगारी दिने हो।" यो भनेको के हो ? रोजीरोटीको सुरक्षा र बेरोजगारले रोजगारी पाउने बीच कुनै साइनो छैन र ? एक जना उद्योगपतिको प्रस्ताव छ- "श्रम बजारमा वर्षेनी ३ लाखको संख्यामा जनशक्तिको प्रवेश भइरहेको छ। अब प्रत्येक प्रतिष्ठानहरूले ६/६ महिनामा १ चौथाइ श्रमिकलाई निकाल्ने र बेरोजगार भीडबाट त्यतिकै संख्यामा भर्ती गरेर रोजगारी सृजना गर्नु पर्छ।" के हामीले भन्ने गरेको लचकता यस्तै हो ? के हामी यसैको लागि सामाजिक संवादको कुरा गरिरहेका छौं ? व्यवसायीको यस्ता सुझाव, सन् १९९८ मा इण्डोनेसियाको आर्थिक संकटको वेला जकार्ता पोस्टमा एक विद्वानले गरेको टिप्पणी- "गरिबीको रेखामुनि रहेका जनताको संख्या घट्ने छ, त्यो कसरी भने उनीहरू मरेरै सकिने छन्" संग धेरै मिल्दो छ।

**निकास के हुन सक्ला?**

यो पृष्ठभूमिमा हामी पुनः उद्योग बाणिज्य दिवसका दिन अध्यक्षज्यूले व्यक्त गर्नुभएको भावनालाई उद्धृत गर्न चाहन्छौं- "यदि निजी क्षेत्रलाई विकासको इन्जिन मान्ने हो भने अब हामीले यो इन्जिन कसरी चलाउने हो, यो कसरी चल्नु पर्ने हो भन्ने थाहा पाउनुको साथसाथै यसका पार्टपुर्जाहरूको अध्ययन र विश्लेषण गर्नु पर्ने वेला आएको छ। त्यस्तै यो इन्जिन कुन गतिमा, कुन दिशातर्फ, के गन्तव्य लिएर चलिरहेको छ, त्यसको समीक्षा एवं

## नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष रवि भक्त श्रेष्ठको शुभकामना मन्तव्य



विगतका वर्षहरूमा झैं नेपाल ट्रेड यूनियन महासंघले यस वर्ष पनि मजदुरहरूको अन्तरराष्ट्रिय पर्व "मे दिवस" विविध कार्यक्रमका साथ मनाउन लागेको र यसै क्रममा मुलुकका उद्यमी व्यवसायीहरूको प्रतिनिधिको हैसियतले मलाई आफ्ना विचार राख्ने अवसर दिनु भएकोमा आयोजक मित्रहरूमा आभार व्यक्त गर्दछु। यस दिवसले देशका सम्पूर्ण व्यवस्थापक एवं मजदुरबीच सुमधुर सम्बन्ध एवं एकताका साथै आपसी मेलमिलाप बढाउन प्रेरणा प्रदान गरोस् भन्ने शुभेच्छा पनि व्यक्त गर्दछु।

आज मुलुक विषम परिस्थितिमा र बुझ्नै नसकिने किसिमको अशान्ति र आतंकको चपेटामा फसेको छ। आजको यस जटिल अवस्थाबाट देशलाई उकास्न सम्पूर्ण राजनैतिक दल, ट्रेड यूनियन, व्यवस्थापक र विभिन्न समूह तथा नागरिक समाज एकीकृत भएर परस्पर विश्वासका साथ अघि बढ्नु पर्ने आवश्यकता छ।

मे दिवसको पूर्व सन्ध्यामा नेपाल ट्रेड यूनियन कांग्रेस र जिफन्टले नेपालका श्रमिकहरूको हक हितका लागि एकल ट्रेड यूनियनको अभ्यास स्वरूप एक वर्षका लागि सहकार्य गर्ने सुखद समाचार सुन्न पायौं। मुलुकको आर्थिक अवस्था रसातलमा पुगेको कारण रोजगारीका नयाँ अवसर शून्य स्थितिमा रहेको तपाईं हामी सबैलाई थाहा छ। त्यसकारण नेपालका ट्रेड यूनियनहरू फुटेर होइन, जुटेर सहकार्य गरी मजदुर-मालिकको पुरातन मानसिकताबाट माथि उठेर विकासको सहयात्री बनी उत्पादन र उत्पादकत्व बढाउनु आज समयको माग र हाँक भएको छ।

हामी सबैलाई थाहा छ, आज मुलुकको आर्थिक स्थिति डाँवाडोल छ। नयाँ उद्योग, व्यापारको थालनी त परको कुरा रह्यो, खुलेका उद्योग, व्यापारहरू पनि धमाधम बन्द हुँदैछन्। यस अवस्थामा हामी विकासको सहयात्री बन्नुको साटो व्यवस्थापन पक्ष र मजदुर पक्ष भनी राजनीतिमा झैं पक्ष र प्रतिपक्ष भई बस्ने कुनै कारण देख्दैनौं। आज हामी दुवै पक्ष नरहने हो कि भन्ने भयावह चुनौती हाम्रो सामुन्ने खडा छ। यसर्थ, यस अवस्थाबाट हामी कसरी उम्कने भन्ने तर्फ हामीले गृहकार्य गर्नु परेको छ।

हामी सबैले क्षणिक लाभ-हानीको स्वार्थबाट माथि उठी हामी बीच अझ बढी सहयोग र समझदारी बढाउनु जरुरी छ। यही परिप्रेक्षमा रोजगारीलाई उत्पादनशील र अझ बढी उत्पादकत्वमुखी बनाउन समय सुहाउँदो श्रम सम्बन्धी कानूनमा सुधार अति आवश्यक छ।

अन्त्यमा, विद्यमान चुनौतीको सामना गर्न एवं उद्योग यवसाय क्षेत्रले भोग्नु परेका समस्याको समाधानको लागि मजदुर एवं कामदार मित्रहरू अझ बढी सशक्त, क्रियाशील र सहयोगात्मक रूपमा प्रस्तुत हुनु हुनेछ भन्ने पूर्ण अपेक्षा सहित सबै साथीहरूमा पुनः मे दिवसको हार्दिक शुभ कामना व्यक्त गर्दछु।

मूल्यांकन गर्नुपर्ने समय पनि आइसकेको छ।"

हामी नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्षज्यूको यो स्वीकारोक्तिको धेरै नजिक छौं। सामाजिक संवादको बाटोबाट राष्ट्र निर्माणको राजमार्ग खन्ने हो भने हामी सबैले आत्म-समीक्षा गर्ने वेला आइसकेको छ। व्यवसायीमा रहेको सामन्तवादी संस्कार र श्रमिक वर्गमा रहेको पछौटेपनलाई सामूहिक रूपमा पखाल्न अबेर भइसकेको छ। महात्मा गान्धीले एक पटक भनेका छन्- "यो पृथ्वी हरेकको आवश्यकताको लागि पर्याप्त छ, तर प्रत्येकको लालचको लागि होइन।" हामी अन्य सामाजिक सहयात्रीका होस्टेमा हैंसे गर्न तयार छौं- "म र मेरो होइन, हामी र हाम्रो" भन्ने सामूहिक भावना जागृत गरौं।



सामाजिक संवादको कुरा गरिरहँदा राज्यको भूमिका बारे छोटो चर्चा गर्नु सान्दर्भिक हुनेछ। यूनियनहरूको दावी छ- श्रम र पूँजी लगानी गर्ने दुई लगानीकर्तामध्ये पूँजी लगानी गर्नेलाई राज्यको आँखाको नानी र श्रम लगानी गर्नेलाई आँखाको कसिंगर ठानिदै छ। भनिन्छ, संसार बनाउने श्रमजीवी जनता हुन्। तर हाम्रो सरकार श्रम लगानीकर्तालाई उपेक्षा गरेर पूँजी निर्माण (क्यापिटल फर्मेसन) कसरी गर्न खोजिरहेछ ? राज्यको तराजु यति बिघ्न असन्तुलित किन भइरहेछ ?

रोजगारी अभिवृद्धि र औद्योगिकीकरणको प्रसंगमा हामी पनि संयुक्त, ठोस र वृहत खाकाको तयारी र कार्यान्वयनको पक्षमा छौं। ट्रेड यूनियनले के गर्ने- के नगर्ने ? उद्योगी-व्यवसायीले के के न्यूनतम मापदण्ड आ-आफ्ना व्यवसायमा लागू गर्ने, चर्चामा रहेको कर्पोरेट इथिक कुन मापदण्डको आधारमा तय गर्ने ? र सरकारले कसरी सहजकर्ता, नमूना रोजगारदाता र असल अनुगमनकर्ताको भूमिका निर्वाह गर्ने ? हामी घोषणा गर्छौं- सामूहिक छलफलबाट निश्चित गरिएका लक्ष्मण रेखा ट्रेड यूनियनको तर्फबाट नाघिने छैनन्।

अन्तरराष्ट्रिय श्रम संगठनद्वारा आयोजित "गरिबी निवारणको लागि मर्यादित काम- राष्ट्रिय परामर्श बैठक" मा हाम्रो महासंघ र नेपाल ट्रेड यूनियन कांग्रेसद्वारा प्रस्तुत संयुक्त सुझावपत्र नयाँ नेपाल निर्माणको एउटा आधार हुन सक्ने हाम्रो राय छ। हामी अत्यन्त आशावादी छौं कि हामी सबैले संस्थागत र सन्तुलित ढंगले कदम अघि बढाउन सक्यौं भने अपेक्षित उपलब्धि प्राप्त नहुने कुरै छैन। दुनियाँको विकसित राष्ट्रको सूचीमा भविष्यमा नेपाल नपुग्ने कुरै छैन। रोजगारदाताको पूँजी र हाम्रो श्रमको उपयुक्त संयोजन हुँदा लक्षित नतिजा निस्कनेमा कुनै शंका छैन। यसको लागि विध्वंस, तोडफोड, हत्या-हिंसा, आगजनीको आवश्यकता छैन, आवश्यकता छ भने समझदारी, संवाद, सहिष्णुता र आँटिलो तथा दृढ इच्छा शक्ति सहितको अग्रगामी सुधारको।

**हाम्रो घोषणा**

मे दिवसको उपलक्ष्यमा, हामी बितेका वर्षहरूदेखि शुरू गरिएको एकताबद्ध यूनियन आन्दोलनको अभियान जारी रहने पुन: घोषणा गर्न चाहन्छौं। हामीले आफूलाई कार्यगत-विषयगत बहुपक्षीय एकताबद्ध अभियानको पक्षमा उभ्याएका छौं। २ दिन अघि मात्र हाम्रा महासंघका अध्यक्ष र नेपाल ट्रेड यूनियन कांग्रेसका अध्यक्षद्वारा जारी गरिएको संयुक्त प्रेस विज्ञप्तिमा उल्लेखित घोषणा हाम्रा दुई महासंघका वार्षिक साझा कार्यक्रम हुनेछन्। झण्डै २ वर्ष अघि तीन महासंघका महिला मजदुर विभाग बीच स्थापित जेण्डर समानता र प्रवर्द्धनको लागि ट्रेड यूनियन कमिटीका कार्यक्रमहरू हाम्रा साझा अभियान हुनेछन्। हाम्रो संलग्नता, निर्माण क्षेत्रको ग्लोबल यूनियन फेडरेसन- आइएफबीडब्लुडब्लुको एफिलियट्स कमिटीको गतिविधिमा प्रभावकारी ढंगले हुनेछ। उर्जा, केमिकल आइरन तथा सम्बद्ध व्यवसायको ग्लोबल यूनियन फेडेरेसन- आइसीइएममा आबद्ध नेपालका यूनियनहरू बीच समन्वय गर्ने कार्य जारी रहनेछ।

हामीले मे १, २००२ देखि अप्रिल ३०, २००३ सम्मको लागि १७ बुँदे कार्यक्रम तय गरेका छौं। व्यवसायको आधारमा दलित समुदायप्रति भेदभाव गर्ने सामाजिक कुरिति विरुद्ध अन्तरराष्ट्रिय श्रम सम्मेलनमा प्रस्तुत गरिने ग्लोबल प्रतिवेदन तयारीमा हाम्रो पनि संलग्नता रहनेछ। 'नेपालको काम नेपालीलाई' उपलब्ध गराउन हामीकहाँ कार्यरत विदेशी श्रमिकको संख्या तथा स्थितिको बारेमा यस वर्ष सर्वेक्षण गरिनेछ। वर्तमान संकटको अन्त्य र उपयुक्त राजनीतिक निकासको लागि राजनीतिक पार्टीसंगको हातेमालो हाम्रो यस वर्षको सामाजिक सरोकारका कार्यसूची भित्र रहनेछ। श्रमिकका हितका लागि बहुपक्षीय गतिविधिहरूमा हाम्रो कार्यक्रम केन्द्रित रहनेछन्।

यो वर्षको मे दिवसको उपलक्ष्यमा श्रमजीवी जनता र देशलाई माया गर्ने शान्ति एवं समृद्धिका पक्षपाती समाजका विभिन्न तह र समूहका जनसमुदाय बीचको परिणाममुखी एकताको लागि हामी कामना गर्दछौं। अपेक्षित उपलब्धिका लागि राजनीतिक दलहरू, व्यवसायी वर्ग, संचार माध्यम र नागरिक जीवनका हरेक संस्थालाई सन्तुलित र सामूहिक ढंगले क्रियाशील रहिरहन आव्हान गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**विश्वका मजदुरहरू – एक होऔं** !

**मे दिवस – जिन्दावाद** !

**एक यूनियन एक आवाज** !

# विश्वमा २००२ को मे दिवस

**फिलिपिन्स**को मनिलामा पन्ध्रौं हजार प्रदर्शनकारीहरू सरकारको कडा सुरक्षा व्यवस्था विरुद्ध सडकमा उत्रिएका छन्। उनीहरूले यस दिवसलाई अमेरिकी साम्राज्यवादीको सैनिक अभ्यास विरुद्ध केन्द्रित गरे।

**थाइल्याण्ड**को बैंककमा हजारौं श्रमिकहरू मे दिवसको दिन सडकमा उत्रिए र श्रम क्षेत्रमा भइरहेको भ्रष्टाचार र सार्वजनिक संस्थानहरूको निजीकरणको विरोध गरे। उनीहरूले गत हप्ता मात्र सार्वजनिक भएको विदेशमा रोजगारीको ग्यारेन्टी गरिदिने नाममा सरकारी अधिकारीहरूले प्रवासिएका श्रमिकसंग घुस खाएको कुराको तीव्र विरोध, निन्दा र भर्त्सना गरेका थिए।

**मलेसिया**मा उचित ज्यलाको माग गर्दै सैयौं श्रमिकहरू सडकमा उत्रिए। प्रदर्शनकारीका विरुद्ध प्रयोग गर्न पानीको फोहोरासहित प्रहरीहरू बाटोमा तैनाथ गरिएका थिए। १७ जना श्रमिकलाई प्रहरीले गिरफ्तार गरेको थियो।

**चीन**को बेइजिङ्गमा ट्रेड यूनियनले आफ्नो प्राथमिकताको क्षेत्र परिवर्तन गर्दै नयाँ कुराको शुरूवात गरेको छ। अल चाइना फेडेरेसन अफ ट्रेड यूनियन्स्ले श्रमजीवी जनताप्रति ऐक्यबद्धता जनाउने चार जना व्यवसायीलाई "मे एक श्रमिक पदक" द्वारा सम्मान गरेको छ।

**इण्डोनेसिया**को जाकार्तामा मे दिवसको दिन सार्वजनिक विदा घोषणा गर्न र श्रमक्षेत्रको सुधारको माग गर्दै हजारौं श्रमिकहरू सडकमा उत्रिए। ट्रेड यूनियन, पेशागत संगठन र श्रमिक अधिकारको लागि क्रियाशील ५० वटाभन्दा बढी संगठनको संयुक्त आयोजनामा सम्पन्न उक्त कार्यक्रममा सुरक्षाका नाममा सरकारले ७ हजार भन्दा बढी प्रहरीलाई सडकमा तैनाथ गरेको थियो। देशको अन्य शहरहरूमा पनि श्रमिक दिवसका कार्यक्रमहरू आयोजना गरिएका थिए।

**दक्षिण कोरिया**मा दुई ठूला ट्रेड यूनियन महासंघहरू कोरियन कन्फेडेरेसन अफ ट्रेड यूनियन र फेडेरेसन अफ कोरियन ट्रेड यूनियनले जुलुश प्रदर्शन गरी मे दिवस मनाए।

**इजरायल**मा ५ हजार भन्दा बढी श्रमिकहरू सडकमा उत्रिए र बढ्दो महंगी र थोरै ज्यालाको विरुद्ध नारा लगाए। सैयौं महिलाहरूको समेत सहभागिता रहेको उक्त जुलुशमा "प्यालेष्टिनीलाई बिर्स र हाम्रो बारेमा सोच" भन्ने नारा लगइएका थिए। प्रदर्शनकारीमा धेरै गार्मेन्ट उद्योगका श्रमिकहरू थिए, जसले विगत १४ महिनादेखि तलब पाइरहेका छैनन्।

**अष्ट्रेलिया**को सिड्नीमा आयोजित मे दिवसको कार्यक्रममा तीन वर्षदेखि हिरासतमा राखिएका शरणार्थीहरूको समस्यामा पुनर्विचार गरियोस् भन्ने मागलाई जोडतोडले उठाइयो। प्रदर्शनीकारीहरूले पाँचवटा हिरासत संचालन गरिरहेको कम्पनीमा जाने बाटो अवरुद्ध गर्न लाग्दा ५ सय प्रदर्शनकारीमाथि प्रहरीले लाठीचार्ज गरी तितर-वितर पारेको थियो।

**बेलायत**को लण्डनमा ट्रेड यूनियन र विश्वव्यापीकरणका विरोधी संगठनहरूले संयुक्त रूपमा मे दिवस मनाए। पूँजीवादको विरोधका नाराहरूसहित ट्राफल्गार स्क्वायरबाट निस्किएको जुलुशमा हजारौं श्रमिकहरूको सहभागिता थियो। जुलुशको अन्त्यमा वक्ताहरूले आफ्ना भनाइहरू राखेका थिए। त्यस्तै विश्वव्यापीकरणको विरोध गर्दै लण्डनमा निस्किएको अर्को जुलुशमा प्रदर्शनकारी र प्रहरी बीच झडप हुँदा ५ जना प्रहरी घाइते भएका छन्। उक्त घटनामा १५ जना प्रदर्शनकारीलाई गिरफ्तार गरिएको छ। बेलायतमा मे दिवसको दिन अझैसम्म श्रमिकहरूले बिदा पाएका छैनन्।

**जर्मनी**को बर्लिन शहरमा प्रदर्शनकारी र प्रहरी बीच भएको झडपमा प्रहरी तर्फका ८३ जना र प्रदर्शनकारी बीच दुई जना सख्त घाइते भएका छन्। एक जना महिलाक जीवन मरणको अवस्थामा पगेकी थिइन्। भिडन्तपछि २५ जनाभन्दा बढी प्रदर्शनकारीहरूलाई प्रहरीले गिरफ्तार गरेको थियो।

**स्विजरल्याण्ड**को जुरिच शहरमा मे दिवस मनाइरहेका श्रमिकहरूलाई तितर-वितर गर्न प्रहरीले अश्रुग्याँस र रबरको गोलीको प्रयोग गरी हिंसात्मक बाटो अपनायो।

**इटाली**का श्रमिकहरूले त्यहाँका प्रधानमन्त्रीका विरुद्ध पुनः एकपटक गतिलो धक्का दिएका छन्। श्रम कानूनमा गर्न खोजिएको श्रमिक विरोधी सुधार "हायर एण्ड फायर" को प्रस्ताव विरुद्ध मे दिवसको दिन लाखौं श्रमिकहरूले पुनः एक पटक सडकमा उत्रिएर एकता प्रदर्शन गरेका छन्।

**फ्रान्स**का दशौंलाख श्रमिकहरू मे दिवसको दिन शान्तिपूर्ण जुलुसको आयोजना गरी चरम दक्षिणपन्थी शक्ति विरुद्ध श्रमिक एकता प्रदर्शन गर्दै सडकमा उत्रिए। राष्ट्रपति निर्वाचनको चार दिन अगाडि परेको यस मे दिवसलाई श्रमिकहरूले दक्षिणपन्थी उम्मेदवार जीन मेरी ले पेन विरुद्धमा श्रमिक एकताको रूपमा पनि लिएका छन्।

**मस्को**को रेड स्क्वायर अगाडि एक लाख ४० हजार श्रमिकहरू भेला भए भने कार्ल मार्क्स स्क्वायरमा एक लाख भन्दा बढी कम्युनिस्ट समर्थक श्रमिकहरू भेला भई श्रमिक दिवस मनाएका छन्। श्रमिक दिवसमा बोल्दै कम्युनिस्ट नेता गेन्नाडी जुगानोभले भने- अब आफ्नो पार्टीले क्रेमलिनसंग कहिल्यै सहकार्य गर्ने छैन।

**स्पेन**का विभिन्न ७५ भन्दा बढी शहरमा मे दिवसको कार्यक्रमहरू आयोजना गरियो। यस वर्षको श्रमिक दिवस दक्षिणपन्थी सरकारले भरखरै ल्याएको श्रमिक विरोधी बेरोजगारी सुविधा प्रणाली सम्बन्धी प्रस्तावको विरोधमा केन्द्रित रह्यो। म्याड्रिड शहरमा लाखौं श्रमिकहरू श्रमिक ऱ्यालीमा सहभागी रहेका थिए।

**दक्षिण अफ्रिका**मा दशौं हजार श्रमिकहरूले मे दिवसको दिन राष्ट्रिय स्तरमा ऱ्यालीहरूको आयोजना गरे। ऱ्यालीमा श्रमिकहरूले आगामी वर्ष पुनः गरिबी, एड्स र वेरोजगारीको विरुद्ध जुझ्ने प्रतिबद्धता जाहेर गरेका छन्। कोसाटु र यसका आबद्ध यूनियनहरूले यूनियनको आन्तरीक सुदृढीकरण गर्ने र श्रम कानूनको कार्यान्वयन र न्यायपूर्ण रोजगारीको अभियान संचालन गर्ने प्रतिबद्धता जाहेर गरेका छन्।

कार्यक्रममा बोल्दै संचार मन्त्रीले भने- हामीले गत वर्ष श्रम क्षेत्रको सुधार, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य र रोजगारीको आधारभूत कुरामा उपलब्धि हासिल गरेका छौं। यस वर्ष हामी श्रम कानूनको कार्यान्वयनको क्षेत्रमा आफ्नो दायित्व पुरा गर्न लागि पर्नेछौं।

# कठिन अवस्थामा रहेका बालश्रम विरुद्धको संघर्ष

● लेखन/सम्पादन: **विष्णु रिमाल** ●चित्र: **बासु क्षितिज** ●संयोजन: **महेन्द्र श्रेष्ठ**

## बालश्रम र बाल कार्य

**धेरै मानिसहरु बालश्रमको बारेमा कुरा गर्छन्। हाम्रो देशमा पनि २६ लाख बाल श्रमिक छन् भन्ने तथ्यांक प्रकाशमा आएको छ। हामी १५ वर्षमुनिका केटाकेटी हौं। हाम्रा बाआमा, दिदीदाजुहरुलाई भान्छाको काममा हामी कहिलेकाहीं सघाउन सक्छौं।**




**यी केटाकेटीले भने जस्तै घर वरिपरि गरिने सानातिना कामलाई बालश्रम भनिदैन। यस्ता काम गर्नबाट केटाकेटीलाई रोक्न पनि हुँदैन। यस्ता काम गर्नेले उनीहरुको क्षमता विकास गराउँछ र स्वावलम्बी नागरिक बनाउन मद्दत पुऱ्याउँछ। तर केटाकेटीको स्वास्थ्य, मनोविज्ञान र शिक्षामा असर पार्ने गरी उनीहरुलाई लगाईने सबै खाले काम भने बालश्रम हो। बालश्रम विभिन्न रुपमा देख्न पाइन्छ। नेपालमा श्रम शोषणको मारमा परेका यस्ता केटाकेटीमध्ये ९ लाख घरेलु श्रम जस्ता क्षेत्रमा र १७ लाख विभिन्न क्षेत्रमा कार्यरत छन्।**


बाल श्रमिक कहाँ, कति?
नेपालमा हामी जस्ता केटाकेटी १६ लाख ९ हजार ९ सय छौं रे !
कृषिः कृषि नै यस्तो क्षेत्र हो जहाँ ठूलो संख्यामा बालश्रमिकहरु कार्यरत छन्। उनीहरुले यो क्षेत्रमा दाउरा ल्याउने, घाँस-सेउला ल्याउने, पानी बोक्ने, गोडमेल गर्ने, गोठालो जाने, खन्ने-जोत्ने र बाली भित्राउँदा सहयोग गर्ने जस्ता काम गर्छन्।
हामी जस्ता घरेलु श्रम गर्ने नेपालमा ९ लाख छौं रे !
सेवाः कृषि क्षेत्रबाट शहरतिर मानिसहरु आकर्षित हुँदैछन्। अहिले घरेलु नोकर, होटेल, रेष्टुराँ, पसल जस्ता ठाउँहरुमा बालश्रमिक भेटिएका छन्।
उद्योगमा हामी जस्ता ५० हजारभन्दा बढी छौं रे !
उद्योगः उद्योगहरुमध्ये बालश्रम रहेको मुख्य उद्योगहरुमा निर्माण क्षेत्र, गलैंचा, इटाभट्टा र ढुंगा खानीहरु हुन्। यसका अतिरिक्त मैन बनाउने, राडी-पाखी बुन्ने, फर्निचर र ढुंगा तथा काठको मूर्ति बनाउने ठाउँमा पनि बालश्रमिक छन्।
पर्दा पछाडीका अर्मायादित व्यवसायमा पनि २५ हजार भन्दा बढी छन् ।
पर्दा पछाडिको ठाउँः कतिपय गैरकानुनी र अमर्यादित काममा पनि बालश्रमिक प्रयोग भएको भेटिएको छ। उदाहरणको लागि लागू पदार्थको ओसार-पसार, वेश्यालय, महिला तस्करी आदिलाई लिन सकिन्छ। यो त्यस्तो क्षेत्र हो जहाँ अपराधी र भ्रष्ट व्यक्तिहरुको गठजोड हुने गर्छ। वेश्यावृत्ति - २५ हजार
२०५७ साल साउन ४ र ५ गते धुलिखेलमा तीनवटै ट्रेड यूनियन महासंघले बालश्रम सम्बन्धी साझा घोषणापत्र जारी गरे। धुलिखेल घोषणापत्र भनिने त्यो साझा घोषणाका अनुसार बालश्रम भनेको आर्थिक रुपमा शोषणमूलक वा हानीयुक्त वा केटाकेटीको स्वास्थ्य, शिक्षा, मानसिक, शारीरिक र नैतिक वा सामाजिक विकासमा हानी पार्ने बाल रोजगारी हो।


## बालश्रमका कारण


गरिबी
आफ्ना केटाकेटीलाई स्कूल पढाउन त मन थियो नि, के गर्ने आम्दानी छैन !
गलत शिक्षा प्रणाली
पढ्न पठाएर के गर्ने जागिर पाइदैन, पढेकाले अरु काम गर्न पनि सक्दैनन् !
सस्ता बालश्रमिक
म त यी नै फुच्चा/फुच्चीलाई काम गराउँछु । २/४ रुपैयाँ दिए पुग्छ !
अनौपचारिक अर्थ व्यवस्था
आ, मेरो त पसल दर्ता गरेकै छैन, बच्चालाई काम लगाए पनि कसले के भन्छ र ?
ट्रेड यूनियनको अनुपस्थिति
हाम्रो मा यूनियन छैन, बच्चालाई काममा लगाउने हो। हाम्रो मा त नाम मात्रको यूनियन छ, केही फरक पर्दैन।
सामाजिक सुरक्षाको कमी
हामीलाई पनि काम गर्न त मन थिएन नि के गर्ने ? बाउ आमाले पाल्न सक्दैनन्, अरुले त्यसै पढाउँदैनन् !
सामाजिक रीतिथिति
यस्तै चलन छ त के गर्ने ? पश्चिमाहरुको सिको गरेर यी केटाकेटीलाई काम नगराएर हुन्छ ?




**धुलिखेल घोषणामा निम्न अनुसारको बालश्रमका विरुद्ध सामूहिक रुपमा गर्न नेपाली ट्रेड यूनियनहरुले प्रतिबद्धता जाहेर गरेका छन्।**

- कठिन अवस्थामा रहेको बालश्रम
- बाँधा र बलपूर्वक लगाइएको बालश्रम
- यौनजन्य तथा शारीरिक दुरुपयोग
- १४ वर्ष मुनिका औपचारिक र अनौपचारिक क्षेत्रको बालश्रम
- केमिकल, अन्य औद्योगिक हानीकारक वस्तुसंग जोडिएको र हानीकारक वातावरणसंग जोडिएको क्षेत्र
- अदृश्य तथा घरेलु बालश्रम कृषि, यातायात, होटल र रेष्टुराँसंग जोडिएको बालश्रम




# खम्पा काण्ड

राजन भट्टराई

तिब्बतमा एउटा खम्पा भन्ने प्रान्त छ। नेपालीहरूलाई बृटिश र भारतीय सेनामा गोर्खाली भनिएझैं त्यस प्रान्तबाट तत्कालीन तिब्बती सेनामा भर्ना हुनेहरूलाई खम्पा भनेर भनिन्थ्यो। गोर्खालीहरू जस्तै , खम्पाहरू पनि अत्यन्तै लडाकु स्वभावका र शारीरिक रूपले पनि सेनामा भर्ती हुन योग्य मानिन्थे। यिनै कारणले गर्दा त्यसबेलाको तिब्बती सेनामा खम्पाहरूको ठूलो संख्या थियो। सन् १९५९ मा तिब्बत जनवादी गणतन्त्र चीनको अधिनमा गएपछि दलाई लामा आफ्नो सरकारका कर्मचारी, सेना र हजारौंको संख्यामा भक्तहरू सहित तिब्बत छोडेर नेपाल र भारत पसेका थिए। उनीहरूलाई भारत र नेपालमा शरणार्थीको रूपमा बस्ने अनुमति दुवै सरकारका तर्फबाट दिइयो। शरणार्थी भएर बसेका तिब्बतीहरू क्रमिक रूपमा चीन विरोधी गतिविधिमा संगठित हुनथाले। यसै क्रममा उनीहरूले तत्कालीन चिनियाँ सरकारका विरुद्ध नेपालको भूमिलाई प्रयोग गरी विद्रोह शुरू गर्न थाले। यसका लागि उनीहरूले नेपालको मुस्ताङ जिल्लालाई आफ्नो आधार क्षेत्र बनाए। यस भेगका नेपालीहरू र तिब्बतीहरूका बीचमा धर्म, भाषा, संस्कृति जस्ता सामाजिक बर-व्यवहार समान भएका कारण उनीहरूलाई यस क्षेत्रमा बस्न र स्थानीयवासीको सहयोग लिनका लागि सजिलो भएको थियो। त्यसैले जोमसोमको उत्तरी भूभागमा जम्मा भएका तिब्बती शरणार्थीहरूले त्यस क्षेत्रमा व्यापक क्याम्पहरू खडा गरेर स्वतन्त्र तिब्बत आन्दोलन अगाडि बढाए।

मुस्ताङ जिल्लालाई आधार बनाएर तत्कालीन चिनियाँ सरकार विरुद्ध सन् १९६०-७५ सम्म खम्पाहरूले हतियारबद्ध विद्रोह शुरू गरेका थिए। त्यो विद्रोहको प्रमुख उद्देश्य तिब्बतलाई चीनको केन्द्रीय शासनबाट स्वतन्त्र गराई दलाइ लामाको नेतृत्वको सरकार पुनर्स्थापित गर्ने थियो। यसो गर्न नसके नेपालको मुस्ताङ लगायतका केही हिमाली जिल्लाहरूलाई नेपालबाट टुक्र्याई मुस्ताङे राजाको नेतृत्वमा स्वतन्त्र राज्य खडा गरी चीनलाई दीर्घकालीन रूपमा दुःख दिने रणनीति तय गरिएको थियो।

यस आन्दोलनमा संलग्न विद्रोहीहरूलाई भारत र अमेरिकाले सैनिक तालिम दिएका थिए भने यस क्षेत्रमा हातहतियार पुऱ्याउने काममा राष्ट्रिय र अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरू यहाँसम्म कि रेडक्रसलाई समेत प्रयोग गरिएको थियो। तत्कालीन विद्रोह दबाउने शाही सेनाका तत्कालीन वटालियन प्रमुख तथा शाही नेपाली सेनाका पूर्व प्रधान सेनापति सचित शम्शेर जबरा बताउँछन्- "त्यस क्षेत्रमा हतियार पुऱ्याउन रातको समय पारेर हेलिकोप्टर र जहाजहरू प्रयोग गरिएको थियो। यसरी जहाजबाट अत्याधुनिक हतियारहरू त्यस क्षेत्रमा पठाउने काममा विदेशी राष्ट्रहरू बिशेष गरेर अमेरिका र भारतको संलग्नता रहेको कुरा पछि गिरफ्तार गरिएका व्यक्तिहरूको बयान र बरामद भएका हतियारहरूबाट खुल्न गएको थियो।" स्थानीय मुस्ताङे राजाका छोरा जिग्मे पर्वल बिष्टका अनुसार उनीहरूले प्रयोग गरेका हतियारहरू पनि सामान्य

किसिमका नभई अत्याधुनिक हतियारहरू थिए। राइफलहरूमा समेत टेलिस्कोप जडान गरिएको थियो। सन् १९७२/७३ सम्म आइपुग्दा मुस्ताङ पुगेका तिब्बती लडाकुहरूको संख्या १४-१५ हजारसम्म पुगेको थियो। सदरमुकाम जोमसोमको उत्तरी भाग पूर्ण रूपमा विद्रोहीहरूको कब्जामा थियो। उक्त क्षेत्रमा बाहिरबाट जान प्रतिबन्ध लगाइएको थियो। कसैले भ्रमण गर्न चाहेमा उनीहरूको अनुमति लिनुपर्ने बाध्यात्मक अवस्था थियो।


मुस्ताङमा तिब्वतीहरूको यति ठूलो मात्रामा उपस्थिति र चीनका विरुद्धमा गरिएको यस किसिमका गतिविधिलाई लिएर तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि बिष्ट चीन भ्रमण गएका बखत चिनियाँ सरकारले नेपाल सरकार समक्ष आपत्ति प्रकट गर्‍यो। आश्चर्यलाग्दो कुरा के छ भने यति ठूलो संख्यामा तिब्बतीहरूको उपस्थिति र बढ्दो गतिविधिका बारेमा भने नेपालको केन्द्रीय सरकार अनभिज्ञ थियो वा अनभिज्ञ रहेको बताउँदै थियो। तर चिनियाँहरूका तर्फबाट औपचारिक रूपमा नै आपत्ति प्रकट गरेपछि तत्कालीन सरकार अप्ठ्यारोमा पर्‍यो। फलस्वरूप कीर्तिनिधि बिष्ट नेपाल फर्केको लगत्तै सरकारले शाही नेपाली सेनाको एक टोली यस सम्बन्धी अध्ययनका लागि उक्त क्षेत्रमा पठाउने निर्णय गर्‍यो। र, सन् १९७२ को जुलाईमा तत्कालीन कर्णेल सचित शम्शेर जबराको नेतृत्वको एक टोलीलाई त्यस क्षेत्रमा पठाइयो। करिब एक महिनाको अध्ययन पश्चात टोलीले एक विस्तृत प्रतिवेदन सरकार समक्ष पेश गर्‍यो। अध्ययनले त्यस बखत मुस्ताङमा खम्पाहरू २।३ हजार मात्र रहेको र बाँकी खम्पाहरू भारत-पाकिस्तान युद्धमा संलग्न हुन भारततर्फ गएको कुरा थाहा भयो। त्यस्तै, त्यस क्षेत्रमा रहेकाहरूका गतिविधिहरूबाट पनि स्थानीय जनतामा रोष र आक्रोश रहेको कुरा प्रतिवेदनमा उल्लेख थियो। हत्या, आतंक, लुट, बलात्कार जस्ता घटनाहरू बढेकोले स्थानीय जनता उनीहरूका विरुद्धमा जान सक्ने र खम्पाहरूलाई एक्ल्याएर दबाउन सकिने निष्कर्ष उक्त अध्ययन प्रतिवेदनको थियो। यही निष्कर्षको आधारमा खम्पालाई निःशस्त्र गराउन सकिने ठानी सरकारले तत्काल त्यस क्षेत्रमा सेना पठाउने निर्णय गर्‍यो।

सन् १९७२ को जुलाइमा दुई बटालियन सेना कर्णेल सचित शम्शेर जबरा र सिंह वहादुर बस्नेतको नेतृत्वमा पठाइयो। उक्त सेनाको बटालीयनलाई अभ्यासका लागि त्यस क्षेत्रमा पठाउन लागेको कुरा प्रचार गरियो। विदेशी शक्ति राष्ट्रहरू भारत र अमेरिका लगायत यस विद्रोहलाई सहयोग गरिरहेका मुलुकहरूले सरकारको निर्णयमा हस्तक्षेप नगरुन् भन्ने उद्देश्यले यस्तो प्रचार गरिएको थियो। दोहोरो युद्ध हुन सक्ने सम्भावनालाई ध्यानमा राखेर दुवै बटालियनले पर्याप्त हतियारहरू लगेका थिए। जसमा एल एम जी, राइफल, एम एम जी, रकेट लञ्चर, मोरटार्स र गोलाहरू थियो। हतियारले सुसज्जित २ बटालियन सेना आएको र आफूतर्फ भएका सेना पनि भारततर्फ गएको कारण तिब्बतीहरू शाही सेनासँग लड्दै नलडी क्रमशः हतियार बुझाउँदै आत्मसमर्पण गर्न थाले।

पूर्व प्रधान सेनापति सचित शम्शेर जवराका अनुसार यस कारवाहीमा दुवैतर्फ कोही पनि हताहत भएनन्। कतिपय हतियार बुझाउन हिच्किचाउनेहरूलाई दलाई लामाको टेप रेकर्ड (जसमा हतियार बुझाउन निर्देशन दिइएको थियो) सुनाएर पनि हतियार बुझाउन लगाइएको थियो। कतिपयलाई मुस्ताङे राजाको मध्यस्थतामा हतियार बुझाउन लगाइएको कुरा उनका छोरा जिग्मे पर्वल बिष्टले भनेका छन्। आत्मसमर्पण गरेका र समातिएकाहरूलाई त्यस क्षेत्रबाट विस्थाथित गराई काठमाडौं र पोखरा ल्याई शरणार्थी क्याम्पहरूमा राखियो। र, त्यति बेला खम्पाहरूले प्रयोग गरेका हतियारहरू पछि टुँडिखेलमा प्रदर्शनी पनि गरिएको थियो। अन्त्यमा नेपाली सेनाले तिब्बती सेना प्रमुख वांग्दी लाई समर्पणका लागि आदेश दिइएको थियो। यसको मध्यस्थता पनि मुस्ताङे राजाले नै गरेका थिए। तर वाङ्दीले नेपाली सेनासँग आत्मसमर्पण गर्नुको सट्टा भारततर्फ भाग्न खोजेकोले दार्चुलाको टिन्करमा नेपाली सेनाबाट मारिए। यसरी करिब एक दशक भन्दा लामो हतियारबद्ध आन्दोलनलाई नेपाल सरकारले शाही सेनालाई प्रयोग गरी नियन्त्रण गरेको थियो।

नव वर्ष २०५९ को सुखद उपलक्ष्यमा
सम्पूर्ण श्रमिक, उद्योग व्यवसायी तथा सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**नेपाल लिकर्स (लि.)**
**टंकी, सिनवारी**




**वस्तुको अस्तित्वको स्वरूपको रूपमा हामीले गतिको व्याख्या गर्‍यौं तर वस्तुको अस्तित्व अन्य रूपमा कसरी प्रकट हुन्छन् ?**

वस्तुले आफूलाई समय र विस्तारमा प्रकट गर्दछ। समय र विस्तार वस्तुको अस्तित्वको रूप हो। दार्शकनिक भाषामा यसलाई दिक र कालको शब्दबाट पनि परिभाषित गरिएको छ। सबै पदार्थको फैलाव हुन्छ। यसलाई बुझ्नको लागि हामीले सर्वप्रथम के कुरा बुझ्न जरुरी छ भने वस्तुका तीन ओटा आयाम छन्- चौडाइ, लम्बाइ र उचाइ। एक निश्चित विस्तारमा फैलिएको कारण सबै वस्तुहरूको बीच कुनै न कुनै प्रकारको सम्बन्ध हुन्छ। यसबाट के प्रष्ट हुन्छ भने प्रत्येक वस्तुको विस्तारमै अस्तित्व छ र अन्य कुनै रूपमा उसको अस्तित्व छैन।

जस्तो हामीले देख्यौं हरेक पदार्थ वस्तुबाट बनेको छ। वस्तुको एउटा पनि कण त्यस्तो छैन जसको स्थान विस्तारमा नहोस्। यसैले विस्तारलाई वस्तुको अस्तित्वको स्वरूप मानिन्छ।

यसका अतिरिक्त विश्वका सबै विषय परिवर्तन गति र विकासवान छन् तर यो परिवर्तन कसरी हुन्छ यस सम्बन्धी हामी सानो उदाहरणलाई हेरौं। मानिसका बाल्यअवस्थादेखि बुढेसकालसम्मको फोटोहरू लिएर हेरौं- ती फोटोहरूमा वर्षहरू बित्नुका साथ साथै स्पष्ट परिवर्तन भएको पाइन्छ। सबै परिवर्तनले समय लिएको हुन्छ।

यसको अतिरिक्त विश्वमा हुने सबै परिवर्तनको एउटा सुनिश्चित ढाँचा हुन्छ। रात पछाडि दिन आउँछ। हिउँद पछाडि वर्षा आउँछ। सामन्तवाद पछाडि पूँजीवाद आउँछ र पूँजीवाद पछाडि समाजवाद आउँछ। एउटा घटना पहिले घट्छ र दोस्रो घटना पछाडि घट्छ। यी सबैको एउटा निश्चित अवधि हुन्छ। जन्मनु, जवान हुनु र बुढो हुनको निम्ति त्यसले एउटा अवधि पार गर्नै पर्छ। घटनाको अनुक्रम र अवधि समयमा हुने गर्छ। यसैले समय पनि वस्तुको अस्तित्वको एउटा स्वरूप हो। यो स्वरूपलाई बुझ्न नसक्ने हतारोवादी (दुस्साहसवादी) हरूले समयलाई बलजफ्ती आफ्नो इच्छामा तान्न खोज्दा कहिलेकाहीं मानव जगत र प्रकृति जगतमै पनि ठूल-ठूला नोक्सानीहरू भएका छन्।

प्रकृतिमा हरित क्रिया यसको एउटा उदाहरण हो, जसले आज वातावरण गम्भीर संकटमा परेको छ। त्यस्तै समाज विकासमा हतारोका फड्काहरू गम्भीर नोक्सानदायी सावित भएका छन्। उदाहरणको लागि पूँजीवाद (समाजवादको प्रारम्भिक अवस्था) लाई साम्यवाद भनी घोषणा गर्ने जस्ता हतारो मनिस्थितिबाट उत्पन्न क्रियाकलापले समाजवादको प्रारम्भिक चरण पनि आज कति मुलुकमा समाप्त भएको छ। द्वन्द्ववादको आधारभूत नियम के हो भने कुनै पनि वस्तु सीमाभन्दा पर गयो भने त्यो उल्टो रूपमा फेरिन्छ। समयलाई जबरजस्ती धकेलेर समाजवादलाई सीमाभन्दा पर लान खोज्दा त्यो उल्टो रूप पूँजीवादतिर फर्कियो। कतिपय मुलुकका चरण उग्रपन्थीहरू क्रान्तिको परिस्थिति नबुझी यस्तै हतारोमा क्रान्तिलाई धकेल्न अघिबढ्दा त्यहाँ प्रतिक्रान्तिले जन्म लियो र उनीहरू चरम दक्षिणपन्थीमा रूपान्तरित भए। त्यसैकारण समयका पनि आफ्ना सीमा हुन्छन् र हामीले त्यसको सीमालाई समाउनै पर्छ।

लेनिनले भनेका छन् गतिवान वस्तुको अलावा दुनियाँमा कुनै चीज छैन, वस्तुको गति विस्तार र समयलाई छोडेर कुनै दोस्रो तरिकाले सम्भव छैन।

**यदि विस्तार र समय अस्तित्वको स्वरूप हुन् भने यिनीहरूको भिन्नता के मा छ ?**

विस्तार (दिक) वस्तुको अस्तित्वको यस्तो स्वरूप हो जसले भौतिक पदार्थको क्षेत्र, त्यसको आधार र त्यसको आयामलाई जनाउँछ। तर समयले वस्तु र अस्तित्वको विकासको दोस्रो पक्षलाई जनाउँछ। समयले भौतिक पदार्थमा भइरहेको अनुक्रमणलाई निरुपित गर्दछ। यो भिन्नता स्पष्ट छ। यसबाट के स्पष्ट हुन्छ भने दिक र कालको गुण भिन्न भिन्न छ।

अर्को विस्तार (दिक) का तीन वटा नाप छन्। लम्बाइ, चौडाइ र उचाइ। यिनले विस्तारको पूर्ण विवरण दिन्छन्। तीन नापको उपस्थिति विस्तारको सर्वाधिक प्रमुख लक्षण हो।

तर हामी सबै जान्दछौं समयको परिवर्तनको एउटै दिशा हुन्छ। त्यो दिशा हो भूतबाट वर्तमान वर्तमानबाट भविष्यतिर। यो परिवर्तनको उल्टो दिशातिर कहिल्यै आउँदैन र समयको सर्वाधिक गुण हो- उल्टो दिशामा त्यसको अपरिवर्तनियता। समय र विस्तारको भिन्नता वास्तवमा यही नै हो।

तर यी एक दोस्रोबाट कहिल्यै अलग्गिदैनन्। पदार्थ समय बिना विस्तारमा रहन सक्तैन भने समय विस्तार बिना आफ्नो अस्तित्व राख्न सक्तैन। त्यसैले दिक र काल (समय र विस्तार) अभिन्न रूपले सम्बन्धित छन्। हामीले माथि नै भनिसक्यौं विस्तार र समयको वस्तुगत अस्तित्व छ। मानिसको अनुपस्थितिमा पनि यिनीहरूको अस्तित्व थियो र फेरि पनि रहनेछ।

**विस्तार र समयको पनि सीमा हुन्छ ?**

विस्तार असीम र समय अनन्त छ। यसैले विश्वको फैलाव हर दिशामा छ र असीमित छ। समयको कुनै शुरूवात छैन र त्यसको अन्त्य पनि छैन। दर्शनको यो एउटा महत्त्वपूर्ण निष्कर्ष हो। विश्व असीम छ भन्ने निष्कर्षले विश्वको सर्वनाशको धार्मिक कल्पना त्यसै लोप भएर जान्छ। विश्व समयमा अनन्त छ भन्ने निष्कर्षले विस्तार असीम र समय अनन्त छ। यसैले विश्वको फैलाव हर दिशामा छ र असीमित छ। विश्व समयमा अनन्त छ भन्ने निष्कर्षले "एक समय यस्तो विश्वको अस्तित्व थिएन त्यसलाई ईश्वरले बनाए" भन्ने पण्डित पुजारीको मत सरासर असत्य ठहर्छ। यो प्रश्नमा आजसम्म संघर्ष कडा छ।

**विस्तार असीम र समय अनन्त छ भन्ने कुराको पुष्टि कसरी हुन्छ ?**

विज्ञानले विश्व र विस्तारको असीमितताको भौतिकवादी सिद्धान्तलाई पुष्टि गर्छ। हाम्रो पृथ्वी नाम नक्षत्र सृष्टिको यो असीम समुद्रमा एउटा छोटो कण मात्र हो। सृष्टिमा दुरीको नाप किलोमिटरमा हैन प्रकाश वर्षमा हुन्छ। प्रकाशको किरण प्रति सेकेन्ड तीन लाख किलोमिटरको रफ्तारमा सफर गर्छ। यसलाई किलोमिटरमा हिसाब गर्दा प्रकाश १ वर्षमा १९ खर्ब ४० अर्ब किलोमिटरको दूरी पार गर्छ। यो दूरीलाई प्रकाश वर्ष भनिन्छ। एउटा आकाश गंगाको जुन नक्षत्र तथा अन्य पिण्डहरूको पुञ्ज छ जसमा सौर्यमण्डल पनि सामेल छ, व्यास लगभग १ लाख प्रकाश वर्ष छ।

आकाशगंगा आफूभन्दा धेरै ठूलो क्षेत्र भएको नक्षत्र पुञ्जको बीचमा हिंडिरहन्छ। आज वैज्ञानिकहरू सबभन्दा अधिक शक्तिशाली अप्टिकल तथा रेडियो यन्त्रद्वारा ब्रम्हाण्डको जुन भागको अध्ययन गर्दैछन् त्यसको व्यास २६ अर्ब प्रकाश वर्ष छ। वैज्ञानिकहरूको भनाइ के छ भने अध्ययनको यो क्षेत्र विराट भाग ब्रम्हाण्डको अन्य सबै भागको तुलनामा नगण्य छ। विज्ञानको यो वृहत अध्ययनबाट स्पष्ट भएको छ- सृष्टि अनन्त र असीम छ।

**पुरेत र पुजारीहरूले दावा गरेका छन्, "अलौकिक शक्तिको अर्को छुट्टै क्षेत्र छ जुन सृष्टिको सीमाभन्दा बाहिर छ र त्यसमा देवीदेवता र अप्सराहरू वास गर्छन्" के यस्तो सम्भव हुन सक्छ ?**

विज्ञानले के कुरा प्रमाणित गरिसकेको छ भने अभौतिक परलोक नहुन सक्छ, न कहिल्यै थियो नै। सच्चाइमा जब वस्तु भन्दा अर्को कुनै चीज नै फेला पर्दैन भने स्वतः के प्रमाणित हुन्छ भने भौतिक जगत भन्दा छुट्टै कुनै त्यस्तो क्षेत्र छैन। युगौं पुर्व युरोपियन वैज्ञानिक जर्दानो ब्रुनोले के सिद्ध गरे भने विश्व वहुतायत छ तर त्यो सबैको सबै भौतिक प्रकृतिको छ। मार्क्सवादको शिक्षा के छ भने विश्व एक इकाइ हो। यसको मतलब सम्पूर्ण पदार्थ, सम्पूर्ण विषय र सम्पूर्ण प्रक्रिया यसरी अन्तर सम्बन्धित छन्, ती अलग-अलग पदार्थका थुप्रो हैनन् बरु एउटा समग्र इकाइ हुन्।

**विशव सम्य छ अथवा इकाइ हो भन्ने सबूत कहाँ छ ?**

यसमा एंगेल्सले जवाफ दिएका छन् "यसको सबूत हो दर्शन र प्रकृति विज्ञानको दीर्घकालीन खोज र उद्योगशील विकास। प्राचीन कालमा जब मानिसलाई सूर्य, नक्षत्र र ताराहरूको वैज्ञानिक ज्ञान थिएन तब मानिस के ठान्दथ्यो भनेसूर्य र चन्द्रमा पृथ्वीबाट भिन्न छन्। यही सोचबाट दुई विश्वको धारणा साम्ने आयो। विस्तारै विस्तारै विज्ञानको विकास हुँदैगयो, रहस्यको पर्दा पनि खुल्दै गयो र यस्तो पाइयो कि स्वर्ग भनिएका भूतलहरू पनि त्यतिकै भौतिक रहेछन् जति हामी बसेको पृथ्वी। यसकारण एंगेल्स भन्दछन् "भौतिक नै विश्वको एकता हो। दोस्रो शब्दमा विश्व एकता यसै कारणले छ- त्यो भौतिक प्रकृतिको छ। यो मानिसको चेतनाभन्दा अलग र स्वतन्त्र छ।

**भौतिक प्रकृतिको बारेमा हामीले धेरै छलफल गर्‍यौं। वस्तुको अवधारणाको सम्बन्धमा धेरै कुरा आए। त्यसो हो भने चेतना के हो र यसको वस्तुसंग के सम्बन्ध छ ?**

अनादी कालदेखि मानिसहरू आश्चर्यमा परेका छन् मरेपछि मान्छे बोल्न, चल्न, सोच्न किन बन्द गर्छ ? पण्डित-पुजारीहरू भन्छन् आत्माले शरीरलाई परित्याग गरेको कारण यस्तो हुन्छ। उनीहरूको भनाइमा आत्माले शरीरलाई परित्याग गर्नु नै मृत्यु हो। सदियौं वर्षदेखि मानिसहरू शरीर र आत्मा (जसको वास्तविक नाम चेतना हो) को बीच अनेक अड्कलबाजी गरिरहेका छन्। यस्तो चीजको अध्ययन कसरी गर्ने जो अदृश्य छ। रंग विहिन र निरगन्ध छ जसलाई सुन्न सकिंदैन र छुन सकिंदैन। हाम्रो चेतना, चिन्तन र अनुभूति यस्तै छ। मेरो पीडिलाई म भन्दा बाहेक कसैले अनुभूत गर्न सक्दैनन्। म के सोचिरहेको छु यो कसैले बताउन सक्दैनन्, जबसम्म त्यसलाई मैले बाहिर प्रकट गर्दिन।

# सीजीआइएल इटालीको आम हडताल

**उमेश उपाध्याय**



गत १६ अप्रिल २००२ अर्थात वैशाख ३ गते श्रमिकहरूको आम हडतालले इटाली पूर्ण रूपले बन्द भयो। बितेका २० वर्षमा यति ठूलो जनपरिचालन कहिल्यै नभएको टिप्पणी सबैतिरबाट आएको थियो। २३ लाख मजदुरहरू इटालीका सडकहरूमा विरोध प्रदर्शनमा उभिए।

उद्योग र सेवा ९० प्रतिशत बन्द रहेको यूनियनहरूको दावी र ६० प्रतिशत बन्द भन्ने उद्यमीहरूको दावीले हडतालको व्यापक सफलतालाई प्रमाणित गर्दछ।

यो हडतालको कारण के होला ? स्वाभाविक रूपमा प्रश्न उठ्छ। यो असन्तोष र यूनियनहरूको एकताबद्ध आन्दोलन इटालीको श्रम कानूनको धारा १८ संग सम्बन्धित छ। धारा १८ ले उचित कारण बिना निष्कासन गरिएमा पुनर्बहाली हुन पाउने हक श्रमिकलाई प्रदान गरेको छ। तर श्रम कानूनलाई सुधार गर्ने नाममा यो धारा संशोधन गरी निष्कासनको हकलाई वैध बनाउन उद्यमीहरू क्रियाशील छन्। प्रधानमन्त्री बर्लुस्कोनी आफै पनि इटालीका ठूला व्यवसायी हुन् र असाध्यै धनी व्यक्तिका रूपमा गनिन्छन्।

यो अत्यन्त सफल आमहडतालले सरकारलाई आँखीभौं खुम्च्याएर घोरिनु पर्ने अवस्थामा पुऱ्याएको छ। यो आन्दोलनको आयोजना तीनै वटा ट्रेड यूनियन केन्द्रहरूले गरेका हुन्- बामपन्थी पृष्ठभूमि भएको सीजीआइएल, क्रिस्चियन डेमोक्रेटहरूसंग गाँसिएको सीआइएसएल र समाजवादी पार्टीसंग सम्बद्ध युआईएल।

शक्तिको हिसाबले हेर्दा ९६ वर्षको उमेर पुगेको सबैभन्दा पुरानो र शक्तिशाली सीजीआइएलको सदस्य संख्या ५४ लाख छ। यसले यस अघि पनि मार्च २३ का दिन ज्यादै ठूलो ऐतिहासिक विरोध प्रदर्शन एक्लै गरेको थियो। सीआईएसएलमा स्वेतपोश श्रमिकहरूको संख्या ठूलो छ र दक्षिण इटालीमा बढी क्रियाशील छ। यसको सदस्य संख्या करीव ४० लाख छ। तेस्रो, यूआइएलको सदस्य संख्या झण्डै २० लाख छ र यो पनि स्वेतपोश श्रमिकहरू नै धेरै भएको संगठन हो। त्यसैले श्रमिकहरूको मूल र आधारभूत भाग समेटेको सीजीआईएलको यस आन्दोलनमा मुख्य र प्रभावशाली भूमिका देखिन्छ।

इटाली युरोपिय सम्प्रदायका ४ ठूला अर्थव्यवस्था मध्येको एक हो र यहाँको यूनियन आन्दोलन युरोपको सबैभन्दा शक्तिशाली मानिदै आएको छ। युरोपको मध्यभाग तर दक्षिणपट्टिको किनारमा बसेको इटालीको आकार भने झण्डै झण्डै हथौडाको जस्तो छ। राष्ट्रिय राजनीतिमा बामपन्थीहरूको सधैं प्रभावशाली उपस्थिति इटालीमा रहँदै आएको छ। जनसंख्या पनि युरोपीय सन्दर्भमा ठूलै भएर होला, गरिबीको प्रतिशत पनि युरोपिय हिसाबमा बढी नै छ। सन् १९९२ मा इटालीमा गरिबीको दर ११.५ प्रतिशत थियो भने १९९९ मा आइपुग्दा झन् बढेर १३.१ प्रतिशत पुगेको छ। युरोपको सबै भन्दा बढी बेरोजगारी दर १० प्रतिशत भएको देश पनि इटाली नै हो।

समकालीन युरोपको श्रमिक आन्दोलनमा सामाजिक जनवादीहरू प्रभावी भए पनि इटालीको श्रमिक आन्दोलनमा जहिले पनि बामपन्थी धारा नै मूलधाराको नेतृत्वमा रहेको छ। इटालीयन श्रमिकहरूको महासंघको रूपमा सीजीआइएल असाध्यै प्रभावशाली छ। हालसालै विश्वव्यापीकरणका प्रभावले ल्याएको श्रम कानून संशोधनको प्रस्ताव विरुद्धको आन्दोलनमा उर्लिएको जनसागरले सीजीआइएलको भूमिका र प्रभावलाई फेरि एकपल्ट प्रमाणित गरेको छ।

सिंगो युरोपमा यूनियन सदस्यता घट्दै गइरहेको सन्दर्भमा हेर्दा पनि सीजीआइएलको सदस्यतामा क्रमिक वृद्धि नै भइरहेको देखिन्छ। सन् २००० र २००१ को मात्र तुलना गर्दा पनि ४७,९३६ नयाँ सदस्य थपिएको पाइन्छ। हुन त सदस्यता गणनाको परम्परा पनि उनीहरूको बेग्लै खालको छ। कूल सदस्यताको हिसाब गर्दा हालका क्रियाशील सदस्य, अवकाश प्राप्त गरिसकेका सदस्य र बेरोजगार सदस्य भनी तीन भागमा बाँड्ने चलन छ। (हेर्नुस् तालिका)



काममा लागेका सदस्यमा सबैभन्दा बढी धातु श्रमिक संघमा ३,६७,९३८, सार्वजनिक सेवा श्रमिक संघमा ३,६१,८८१, निर्माण श्रमिक संघमा ३,०५,३१६ र कृषि तथा खाद्य श्रमिक संघमा २,९९,५०१ श्रमिक देखिन्छन्। सबैभन्दा थोरै क्रियाशील सदस्य भएको पुलिस संघ हो, त्यसमा ८,१२० सदस्य छन्।

२३ लाख श्रमिकहरू सडकमा उतारेर सम्पूर्ण इटालीलाई आमहड्तालको दिन ठप्प बनाइ दिने सीजीआइएल विचारमा पनि निकै प्रष्ट देखिन्छ। त्यसले सार्वजनिक सेवाका धनी उद्यमहरू निजी उद्यमी तथा बजारलाई हस्तान्तरण र कम आम्दानी-कम फाइदाका उद्यम तथा सेवा राज्यका हातमा राख्ने निजीकरणको विरोध गर्दै आएको छ। शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा सार्वजनिक दायित्वमा पर्दछन् र राज्यका काम हुन्, बजारका नियमको शासनभित्र यिनलाई धकेलिनु हुन्न भन्ने दृढ विश्वासमा रहेको छ- सीजीआइएल। सीजीआइएल लोक कल्याणकारी राज्यको अवधारणामा विश्वास गर्दछ र प्रति वर्ष कूल राष्ट्रिय आम्दानीबाट कम्तीमा १ प्रतिशत थप सामाजिक खर्चमा वृद्धि गर्दै लगिनु पर्दछ भन्ने धारणा राख्दछ।

युरोपको सबैभन्दा बढी कार्यथलोमा दुर्घटना हुने देश इटाली हो। त्यहाँ प्रति वर्ष १० लाख दुर्घटनाहरू हुने गरेको पाइन्छ। सन् २००० मा १०,१९,०३३ दुर्घटना भएकोमा १३१० चाहिं घातक सावित भए। निर्माण, कृषि र मालसामान यातायातमा नै अत्यधिक कार्यथलो दुर्घटनाहरू हुने गर्दछन्। त्यसैले पेशागत स्वास्थ्य र सुरक्षा विषयमा अत्यन्त संवेदनशील छ सीजीआइएल। गत वर्ष मात्रै 'सुरक्षित ढंगले काम गरौं' को नाराका साथ ठूलो स्वास्थ्य-सुरक्षा अभियान यस संगठनले चलाएको थियो।

| सदस्यको विवरण | सन् २००० | सन् २००१ | वृद्धि |
|---|---|---|---|
| काममा लागेका सदस्य | २३,८५,४६८ | २४,२३,७५४ | ३८,२८६ |
| अवकास प्राप्त सदस्य | २९,३६,३०७ | २९,४५,८५२ | ९,५४५ |
| बेरोजगार सदस्य | ३२,६९७ | ३२,८०२ | १०५ |
| जम्मा सदस्य | ५३,५४,४७२ | ५४,०२,४०८ | ४७,९३६ |

सन् २००२ को फेब्रुअरी महिनाको ६-९ मा यस महासंघले चौधौं महाधिवेशन सम्पन्न गऱ्यो। त्यस महाधिवेशनमा ११७३ प्रतिनिधिहरू सहभागी भए।

नव वर्ष २०५९ को सुखद उपलक्ष्यमा
सम्पूर्ण श्रमिक, उद्योग व्यवसायी तथा सम्पूर्ण नेपालीहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौं।

अरिहन्त मल्टीफाइवल (लि.)
सोनापुर

# माओवादीको लस्कर

**प्रदिप नेपाल**

टाँकिचौरको ओरालोमा घामले बेस्सरी हानेको छ। रुखहरू पनि प्याक्प्याक् परिरहेका छन्। अहं, एक पित्को हावा चलेको छैन।

उहिले केटाकेटीमा पढेको एउटा कथालाई ओरालो झरिरहेकाहरूले पालैपालो सम्झिए। घाम र बतासको कथा ...।

एकादेशमा एउटा घाम थियो र अर्को एउटा बतास थियो। दुवै असाध्यै घमण्डी थिए। कोही कसैसंग हार्न मान्दैनथे। बतास आफूलाई सबैभन्दा ठूलो ठान्थ्यो, घाम पनि आफू भन्दा कोही माथि छैनन् भनेर अहङ्कार गर्थ्यो। घामकी आमाले भनी, "नानी अहङ्कार गर्नु हुन्न। विनम्रताले साथी बनाउँछ। अहङ्कारले दुश्मन थप्छ। विनम्रता मायाको भाइ हो, अहङ्कार शत्रुताको मित हो।"

बतासकी आमाले पनि आफ्नो छोरालाई सम्झाउँदै भनी, "नानी मैमत्ता हुनुहुन्न। त्यस्तालाई कसैले रुचाउँदैनन्। नम्र बन र सबैको मनको साथी बन।"

तर घाम र बतास दुइटैलाई आमाहरूको अर्ती पचेन। तिनीहरू म ठूलो, म महान, म सबैको प्यारो भन्दै झगडा गर्न थाले।

एक दिन झगडै झगडामा दुइटाले को महान, को प्यारो, को ठूलो भन्ने बाजी थापे। घामले भन्यो - "ऊ तल बाटामा एउटा मान्छे हिंडिरहेको छ। त्यो मान्छेले जसलाई मन पराउँछ, त्यो नै महान हुन्छ।"

"हुन्छ, बाजी भने बाजी सही।" बतास पनि के कम थियो र ?

घाम र बतासले पालैपालो बाटोमा हिंडिरहेको मान्छेको छेउमा जाने र उसको हातबाट महानता, ठूलोपन र प्यारोपनको प्रमाणपत्र लिने निधो गरे।

शुरूमा बतास मान्छेतिर हान्नियो। कानमा सिट्ठी बजेको कोकोहोलो मच्चाउँदै त्यो पहाडबाट तल भन्भनियो। मान्छेको कोट च्यातियुंला जसरी उड्न थाल्यो। बिचराको टाउकाको टोपी त पलमै कहाँ पुग्यो पुग्यो। हावा झन् झन् मान्छेको नजिक आउन थाल्यो। मान्छेले न उभिंदा सुख पायो न हिंड्दा। घरी ऊ उडिरहेको लुगालाई सम्हाल्थ्यो त घरी हावाले खोसेर उडाउनै आँटेको झोलाको खकनलाई काँधमा सपक्क मिलाउँथ्यो। हावा चर्किंदै गयो, मान्छेको हुर्मत पनि बढ्दै गयो।

"छ्या, यो हावा पनि कति चल्या होला ?" ठूलो बरको रुखको आडमा लुक्दै मान्छेले हावालाई सराप्यो। हावा खिस्रिक्क पऱ्यो। उसले बाजी हारिसकेको थियो। अँध्यारो अनुहार लाएर ऊ आफ्नो थलो तिर फर्कियो।

हावा हराएपछि मान्छे बरको आडबाट बाहिर निस्कियो। आकाश कंचन थियो। आफ्ना दुइटै आँखाबाट मायाको फूल बर्षाए जसरी घामले मान्छेको तालु ताकिरहेको थियो। भरखरै मात्र हावाको हुण्डरी बेहोरेको मान्छेलाई पाँच सात मिनेट त रमाइलै लाग्यो। तर त्यसपछिका प्रत्येक पाइलामा ऊ घामसंग मुर्मुरिन थाल्यो। घामलाई पनि प्रमाणपत्र लिन हतारो थियो। त्यसैले त्यो यात्रीको तालु सेक्न झन् झन् चर्को हुँदै थियो। एकैछिनमा वायुमण्डल तात्यो, बाटाका ढुङ्गाहरू टेक्नै नसकिने गरी ताते। ससाना झारका छोराछोरीहरू लल्याक लुलुक भएर मुर्झाए।

"थुइक्क मोरा घाम," विरक्तिएको यात्रीले मुखभरीको गाली गऱ्यो। घाम खिस्रिक्क पऱ्यो।

टाँकिचौरको ओरालोमा ठ्याम्मै त्यही कथा दोहोरिएको थियो। माथि खानीगाउँको तेर्सोमा हिंडिरहँदा आकाशमा पातलो बादल लागेको थियो र सिरिरिरि हावा पनि चलिरहेको थियो। पानी परिहाल्ने पो हो कि भन्ने डरले त्यो सिङ्गो लस्करलाई तर्साइरहेको थियो। त्यतिबेलाको तिनीहरूको हिंडाइ पनि हेर्नेखालको नै थियो। मैदानमा मार्च गरिरहेका सिपाहीं जस्तै थिए तिनीहरू। फटाफट पाइला चालेका मेशिन जस्ता थिए तिनीहरू।

> **"साप, माओवादीको हुल त रानीघाट दरबारतिर लाग्यो," जङ्गलमा सुरक्षित भएर बसेको हाकिमको कानैमा साउती गरे जसरी उही पुरानो पुलिसले भन्यो, "त्यो हुल त सलह जसरी दरबारको सिंढी चढ्न थाल्यो।"**

खानीगाउँमा तिनीहरूले भात खाए। भात खानु अघि चौतारोमा बसेर तिनीहरू एकछिन सुस्ताए। झण्डै दुई घण्टै बित्यो यो लहनतहनमा। यो दुई घण्टामा बादल आफैं घामको पछिल्तिर लुकिसकेको थियो। आकाशमा पानी बोकेका बादलहरू थिएनन्। आकाश कंचन थियो, त्यो गाढा निलो थियो र घाम आफ्नो पुरानो गतिमा पश्चिमतिर तन्किइरहेको थियो।

खानीगाउँको गाविस भवनबाट परक्क बटारिएर बाटो ओरालो झऱ्यो। ओरालोसंगै सबैको शरीर पोलिन थाल्यो। ओरालाको प्रत्येक पाइलाले घामलाई पहिले भन्दा बढी चर्को, पोल्ने खालको तातो बनाउँदै थियो। टाँकीचौरको बर पिपल मुनिबाट ओरालो लागेपछि त घामले सबैलाई हिरिक् हिरिक् पार्न थालिहाल्यो।

मान्छे पनि थोरै थिएनन्। थिए होलान् चालिस जना। रानीघाट दरबार हेर्न हिंडेका युवाहरू नासपाती टोक्दै ओरालो झरिरहेका थिए।

"साप्, माथि हेर्नुस् त," कालीगण्डकीको सबैभन्दा लामो पुलको उत्तरी कोखामा आएका पुलिसहरूले नियालेर टाँकीचौरको ओरालोमा हेरे। पैंतीस चालिस जना तन्नेरीहरू एकसुरले ओरालो झरिरहेका थिए।

"के भो ?" सापले सोध्यो।

"माओवादी जस्ता छन्," पुलिसले भन्यो।

"हँ ?" हाकिमका हिंड्दा हिंड्दैका पाइला रोकिए। पुल अलिक परै थियो। ऊ पुलको जगको आडमा उभियो र पछिल्तिर फर्किएर उसले भन्यो, "एइ, एकछिन चुप्।"

हाकिमले सर्प जसरी बटारिएको टाँकीचौरको ओरालोमा नियालेर हेर्‍यो। कोही कमेज सुरुवाल लाएका छन्, कसैको शरीरमा पेण्ट शर्ट छ, कसैले टोपी लाएका छन्, कोही नाङ्गै टाउको ओरालो झरिरहेका छन्।

**प्रश्नहरूको बाढीले सरलाई छोपेपछि सर खिसिक्क हाँसे। उनले सबै विद्यार्थीलाई कालिगण्डकीको किनारतिर लगेर भने, ''जीवनलाई नदी जसरी बग्न नदिनेहरूका लागि जीवनमा कुरुपता मात्रै रोपिएको हुन्छ। त्यसैले सुन्दरताको अनुहारमा त्यो भद्दा अक्षरहरूको नारा कोर्छ, सुन्दरतालाई बजारको वेश्यालयमा लगेर बेच्न मूर्ति चोर्छ।''**

'यो ज्यान खाने घाममा मान्छेको लस्कर किन कालीगण्डकी तिर झर्छ ? कोही मर्‍या भए एउटा कुरा हो। तर तिनीहरू त मलामी जस्ता पनि छैनन्, अघि पछि कसैले लास बोकेको छैन, शंख बजेको छैन ... ...।' हाकिमले मनमनै गुन्यो।

"साप, हामी पो दरबारको गङ्गाजीको मूर्ति चोरिएको हुनाले छानबिन गर्न करले हिन्या छौं, त्यो माथिको हुल माओवादी नभए किन यो चर्को घाममा ठाडो ओरालो झर्थ्यो र ? एक दुई जना भए केही काम पर्‍यो होला भन्न हुन्थ्यो। त्यहाँ त सिङ्गै एउटा प्लाटुन नै छ ...।" सिपाहींले ठ्याम्मै हाकिमको मनको कुरो भन्यो।

"एकछिन चुप् लाग्," हाकिमले अलि जान्ने भएर भन्यो, "मान्छे हुन् कि गुरिल्ला हुन् पहिले ठम्याउनु पर्छ, उनीहरू कता जाने हुन् थाहा पाउनु पर्छ ...।" हाकिमले पुलिसलाई अर्ति दिए पनि तिनीहरू मान्छे होइन, गुरिल्लै हुन् र उनीहरू अन्त कतै होइन, यही लामो पुल तरेर स्याङजातिर आउँदैछन् भन्ने निष्कर्ष हाकिमको मनले शुरूमै निकालिसकेको थियो।

"साप्, चालिस जनासंग त भिड्न सकिन्न," पहिले कुरो उक्काउने सिपाहींले भन्यो।

"ठीक् भनिस्," सापले पनि भन्यो।

"साप, गुरिल्लाको त भरोसै हुन्न। तिनीहरू त उडेरै आउन बेर छैन," फेरि त्यही सिपाहींले भन्यो।

"हुम्," हाकिमले हाकिमी पाराले भन्यो, "आ, ठीक भनिस्।"

"साप, हामी कता लाग्ने ?" सिपाहींले सोध्यो।

"एकछिन पख," हाकिमले आफ्नो गह्रुंगो जिम्मेवारी पुरा गर्न खोजे जसरी भन्यो, "हामी उता देब्रे तिरको जङ्गलमा छिप्नु पर्छ। तिनीहरू पक्कै पनि बाटै बाटो जालान्। माथि भगवतीको मूर्ति चोर्न हिन्या पनि हुन सक्छन्। अथवा उता गुल्मी कट्ने दाउमा पनि हुन सक्छन्। जे भए नि त्यो ओरालो झरेर तिनीहरू राम्दी हानिदैनन्। सबैलाई सतर्कताका साथ बाटा माथि लुक्नु भन् ...।"

टाँकीचौरको ओरालाको हुल निकै तल झरिसकेको थियो। पुलिसहरू पुल भन्दा झण्डै दुई सय मिटर परको बाक्लो जङ्गलमा छपक्क हराए।

"साप, माओवादीको हुल त रानीघाट दरबारतिर लाग्यो," जङ्गलमा सुरक्षित भएर बसेको हाकिमको कानैमा साउती गरे जसरी उही पुरानो पुलिसले भन्यो, "त्यो हुल त सलह जसरी दरबारको सिंढी चढ्न थाल्यो।"

"हं, किन त्यता गए हँ ?" हाकिम पनि छक्क पर्‍यो।

"बाँकी मूर्ति लिन गए हुनन्," सिपाहींले बुद्धिमत्तापूर्ण निष्कर्ष निकाले जसरी भन्यो, "माओवादी धर्म, कर्म, देवी, देउता केही मान्दैनन्। अस्तिन कालिकोटमा एउटी माओवादीनीले नछुने भएको बेला शिवलिङ्ग छोइ भन्थे। मूर्ति अन्त लगेर बेच्यो भने पैसा आउँछ भन्थे। त्यसैले साप," निष्कर्ष सुनाउनु अघि पुलिस गम खाएर एकछिन रोकियो, "अस्तिको मूर्ति बेचेपछि अर्को शिवको मूर्ति लिन आ'होलान्।"

"एकछिन चुप लाग्," हाकिमले न हकारेको न माया गरेको स्वरमा भन्यो, "तिनीहरू त्यहाँ गएर के गर्छन् राम्ररी हेर्। तिनीहरू मूर्ति चोर्नै आएका रहेछन् भने एकछिनमै त्यहाँबाट बतास् भइहाल्छन्। होइन भने तिनीहरू त्यहाँ नअड्किई बाटो लाग्छन्। त्यसैले राम्ररी हेर्।"

"साप्, तिनीहरू त लल्याक लुलुक भए जसरी आँगनमा पो पल्टिए," छेउको सिपाहींले भन्यो।

"हेर्दै गर्," हाकिमले आदेश दियो।

सिपाहीं हेरिरहेकै थियो।

रानीघाट दरबारलाई लिपपोत गरेर राम्रो पारिएको थियो। यद्यपि बन्दाको सुन्दरता अझै त्यसमा पोतिइसकेको थिएन। झ्याल ढोकाका खापाहरू नयाँ थिए। माथिको सत्तरी पनि नयाँ थियो। झ्याङलाई पनि नयाँ ढङ्गले बनाइएको थियो। तर पनि त्यो सुन्दर थियो। एक शताब्दी अघिको प्रेम प्रतीक अब फेरि नयाँ सुसार बोकेर स्निग्धता छरिरहेको थियो। परबाट हेर्दा ताजमहल नै लाग्ने रानीघाट दरबार भित्र छिर्दा शीतल हावाको मायाले प्रेमको स्पर्श दिन्थ्यो।

टाँकीचौरको ओरालोमा लस्त परेर आएको चालिस

जनाको हुल रानीघाट दरबारको चिसो हावामा आइपुगेपछि फ्यात्त आँगनमा पसारियो। आँगन सफा थियो, तर त्यहाँ ओछ्याइएका स्लेटका कापहरूबाट हरियो घाँस मौलाउँदै थियो। आँगनको बीचमा भएको माछा-पोखरी सुक्खा थियो र त्यसको ओंठमा कलेटी परेको थियो।

"सर, यो हरिबोधिनी एकादशीमा हामी विद्यार्थीहरूले मिलेर यो दरबार सफा गर्नुपर्छ," ओरालोको थकाइलाई बिस्तारै आँगनमा सारेको एउटा विद्यार्थीले भन्यो।

"एकादशीमै किन ?" सरले सोधे।

"मेला लाग्छ नि सर।"

"ठीक भन्यौ," सरले खुशी मनले भने, "एकादशी भन्दा तीन दिन अघि हामी एक डेढ सय विद्यार्थीहरू यहाँ आउने। यहीं बस्ने। यहीं भात पकाएर खाने। अनि तल गण्डकी नुहाउने ठाउँदेखि सफा गर्दै गर्दै यो आँगन, उताको भान्सा सबै सफा गर्ने।"

चालिसै जनाको थकाइ मऱ्यो। उनीहरूका आँखा स्वप्निल भए। ती आँखाहरूमा पनि प्रेमको ताजमहल नाचिरहेको थियो।

"सर, हेर्नुस् त कस्तो निर्मोही मन ? यस्तो ठाउँमा पनि नारा !"

"हुन्देउ," भित्तालाई नै कुरूप पारेको नारातिर नियाल्दै सरले भने, "सुन्दरता सबैका लागि सुन्दरता हुँदैन। सुन्दरता कसैका लागि स्नेह र प्रेम हुन्छ भने कसैका लागि त्यो बलात्कारको माध्यम पनि हुन्छ। सुन्दरता सधैंभरी एउटै मात्र अनुहारमा खुम्चिंदैन। पाशविकताका लागि सुन्दरता आक्रमण हो भने मानवताका लागि सुन्दरता पूजाको थाली हो।"

"सर, मान्छे किन मान्छेको दुश्मन हुन्छ ? मान्छे किन सुन्दरताको दुश्मन हुन्छ ? मान्छेलाई किन प्रकृति प्यारो लाग्दैन ?"

प्रश्नहरूको बाढीले सरलाई छोपेपछि सर खिसिक्क हाँसे। उनले सबै विद्यार्थीलाई कालिगण्डकीको किनारतिर लगेर भने, "जीवनलाई नदी जसरी बग्न नदिनेहरूका लागि जीवनमा कुरूपता मात्रै रोपिएको हुन्छ। त्यसैले सुन्दरताको अनुहारमा त्यो भद्दा अक्षरहरूको नारा कोर्छ, सुन्दरतालाई बजारको वेश्यालयमा लगेर बेच्न मूर्ति चोर्छ।"

"यो असमानता किन सर ? के सबैले सभ्यता सिक्न सक्दैनन् ?"

"यो भेद नै प्रकृति हो। यो भेद नै जीवनको स्वभाविक पक्ष हो। इतिहास यही भेदबाट यहाँसम्म आइपुगेको छ र भेदहरूको भारी बोकेर नै यो निरन्तर अघि बढिरहने छ।"

सरको कुरो नबुझे पनि विद्यार्थीहरूले सन्तोषको टाउको हल्लाए।

"साप्, साप्," दुरबीनले जसरी रानीघाट दरबार नियाली रहेको सिपाहीं झण्डै झण्डै आत्तिएर कराए जसरी बोल्दै थियो, "माओवादीहरू नै रा'न्। उ साप फेरि तिनीहरू मन्दिर तिरै झरे। लौ न नि, मोराहरूले अर्को त्यो शिवजीको मूर्ति पनि लाने भए। हे मोरा हो ...।"

"नकरा," साप झर्कियो, "तिनीहरू मूर्ति बोकेर उतैउता बाटो लागुन् भनेर भगवतीसंग प्रार्थना गर्।"

पातका चस्माबाट पुलिसहरूले नियालिरहेका विद्यार्थीहरू मन्दिरमा झरिसकेका थिए।


"सर, यो नारा मेटौं है ?" एउटाले भन्यो।

"अहिले हुन्देउ," सरले बिस्तारै भने, "केही दिनमै हामी यहाँ आउँदैछौं। त्यतिबेला हामी सिङ्गै कम्पाउण्ड सफा गर्नेछौं। उसै पनि यो नारा आफैं सफा हुँदै रहेछ। हेर त," सर एकछिन रोकिए, "यहाँ नेकपा माओवादी भन्ने नारा बढी चहकिलो छ, तर जनयुद्ध अमर होस् भन्ने अक्षरहरू त पिताम्बर जस्तै पहेंला भइसकेका रहेछन्।"

भदौ ७, ०५८ काठमाडौं।


नव वर्ष २०५९ को सुखद उपलक्ष्यमा
सम्पूर्ण श्रमिक, उद्योग व्यवसायीमा
हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**अमी एपरेल्स प्रा. लि.**
**खनार**



# महासंघ राष्ट्रिय परिषदको दोस्रो वैठक सम्पन्न

## वहुयूनियनवाद विरुद्ध एकतावद्ध यूनियन आन्दोलन निर्माणमा जोड

नेपाल ट्रेड यूनियन महासंघको राष्ट्रिय परिषदको दोस्रो वैठक अध्यक्ष मुकुन्द न्यौपानेको अध्यक्षतामा यही वैशाख ५ गते मनमोहन मजदुर भवनमा सम्पन्न भयो। कार्यक्रमको शुरूवात गर्दै अध्यक्ष न्यौपानेले भन्नुभयो- "हाम्रो राष्ट्रिय परिषदको बैठकको एक वर्ष पुरा भएको छ र हामीले विगत वर्षमा बनाएका आफ्नो वार्षिक कार्ययोजनाको अवधि पनि समाप्त गरिसकेका छौं। ... हाम्रा ती छलफलहरूबाट निकालिएका निष्कर्षहरू आहिले पनि हाम्रो लागि मार्गदर्शन बनिरहेका छन् र भविष्यमा पनि बनिरहने छन्। त्यसकारण नीति र सिद्धान्तका प्रश्नहरूमा म तिनै कुराहरूलाई यहाँ दोहोऱ्याउन चाहन्न।"

"युद्ध स्थायी समाधान होइन। बन्दुक र बारुद सृजनाको मुहान हुन सक्तैन" क. न्यौपानेले वर्तमान परिस्थितिको चर्चा गर्दै भन्नु भयो- "अंगोलाको २७ वर्षको गृहयुद्ध पछिको विद्रोहीहरूको आत्म समर्पण र श्रीलंकाको तमिल टाइगरले शान्ति वार्ताको लागि गरेको युद्ध बिरामले पनि यिनै कुरालाई पुष्टि गर्दछ।"

अध्यक्षले त्यसपछि महासचिव क. विष्णु रिमाललाई कार्य सूचि प्रस्तुत गर्न र अगाडिको कार्यक्रम अघि वढाउन निर्देशन दिनु भयो। महासचिवले राष्ट्रिय परिषदका सदस्यहरूको परिचय पछि कार्यसूचि र सांगठानिक प्रतिवेदन पेश गर्नु भयो।

"२०५८ सालको मे १ देखि नै हाम्रो आन्दोलनले अनपेक्षित र अनावश्यक अवरोधको सामना गर्नु पऱ्यो।" महासचिव रिमालले प्रतिवेदन राख्ने क्रममा भन्नु भयो- "ट्रेड यूनियनको काम भनेको हडताल, नारा र जुलुस मात्र हो भन्ने भ्रम व्याप्त रहेको हाम्रो समाजमा यो (माओवादी) अराजक समूहको वितण्डाले श्रमिक वर्गमा पनि एक हदसम्म भ्रम र अन्यौल सृजना गऱ्यो। इमान्दार मजदुर नेतामाथि लगाइएको घृणित आरोप र जारी गरिएको मृत्युको 'फतवा' लाई चुनौती दिंदै महासंघका कमिटीहरूले सशक्त प्रतिकार गरे।"

महासचिव रिमालले विभिन्न अञ्चलले गरेको गतिविधिको चर्चा गर्दै अगाडी भन्नु भयो- असोजसम्म

दायाँ र बायाँ दुवै कोणबाट यूनियन आन्दोलनमाथि भएका आक्रमणलाई झेल्दैमा बित्यो। यहाँसम्म कि आवश्यक सेवा संचालन ऐन-२०१४ विरुद्ध आवश्यक जनमत सृजना गर्न शुरू गरिएको कार्ड अभियान समेत प्रयोजनहीन बन्न पुग्यो। झण्डै १ लाख हस्ताक्षरित कार्ड कार्यालयमा प्राप्त भएपछि यो अभियान नै स्थगित गरियो।"

महासचिवले प्रतिवेदनमा संलग्न ४१ पेज अनुसूचिको चर्चा गरेपछि कोषाध्यक्ष क. विनोद श्रेष्ठले आर्थिक प्रतिवेदन पेश गर्नु भयो। गत वर्ष तर्जुमा गरिएको वजेट स्थिति वारे चर्चा गरेपछि कोषाध्यक्षले भन्नुभयो "गत वर्ष सम्पन्न प्रथम राष्ट्रिय परिषदको बैठकले निर्णय गरेको आत्म निर्भरताको कार्यक्रमलाई तत्कालिन परिस्थितिको कारणले अगाडी बढाउन नसके पनि यस वर्ष विगतकै निर्णयलाई कार्यान्वयन गर्न जोड दिइने छ।" उहाँले अगाडी भन्नु भयो-"स्वास्थ्य सहकारी संस्थालाई देश व्यापी बनाउनको लागी अञ्चल तहमा जुन अञ्चल ५०० सदस्य संख्या बनाउन सक्षम हुन्छन्, त्यहि अञ्चलको स्थानीय तहमा स्वास्थ्य सहकारी क्लिनिक सन्चालन गर्ने सहयोग गर्ने नीति लिइने छ।"

कोषाध्यक्षको प्रतिवेदन पछि केन्द्रीय लेखा परीक्षण आयोगका प्रमुख एवं उपाध्यक्ष क. ललित वस्नेतले लेखा परिक्षण आयोगको प्रतिवेदन पेश गर्नु भयो। "लेखा परिक्षणको क्रममा हिसाव-किताव राख्दा देखिएका कमी-कमजोरीहरूलाई संबन्धित पदाधिकारीसंग छलफल गरी सुधारको प्रतिवद्धता प्राप्त गरिएको छ।"- उपाध्यक्षले त्यसपछि लेखा प्रणालीमा देखिएका प्राविधिक समस्याको पनि चर्चा गर्नु भयो।

सदस्य संघ आधारित समूह विभाजन गरी गरिएको छलफल कार्यक्रम पछि विभिन्न संघबाट प्रतिनिधित्व गर्ने रापसहरूले आ-आफ्नो संघको तर्फबाट प्रतिवेदनहरू माथि टिप्पणी गर्नु भयो। प्राप्त सुझावलाई ग्रहण गर्दै टिप्पणीमाथि थप स्पष्टिकरण दिने काम प्रतिवेदन प्रस्तोताबाट भयो।

बैठकको अन्तिम सत्रमा वार्षिक कार्ययोजना -०५९ प्रस्तुत गरियो। प्रस्तावित कार्यक्रम बैठकबाट स्वीकृत भएपछि अध्यक्षले निर्देशनात्मक मन्तव्य सहित बैठक अन्त्य भएको घोषणा गर्नु भयो।

स्मरणीय छ, महासंघको राष्ट्रिय परिषदमा शुल्क तिर्ने सदस्य संख्याको आधारमा प्रतिनिधित्व गर्ने व्यवस्था छ। यो बैठकमा कूल ९८ रापस मध्ये ८७ प्रतिशत सदस्यको उपस्थिति थियो।

## पारित विशेष प्रस्तावहरू:

- नेपाल ट्रेड यूनियन महासंघको नियमावली-२०५८ जारी गरिएको छ।
- काठमाडौंको मौजुदा कमिटी, श्रम सम्बन्ध विभागका प्रमुख हरिदत्त जोशीको अध्यक्षतामा विशेष अञ्चल कमिटी, काठमाडौंको रूपमा पुनर्गठन गरिएको छ। राजधानीको विशिष्टतालाई ध्यानमा राखी यो कमिटीका पदेन सदस्यहरू, प्रत्येक सदस्य संघका केन्द्रीय सचिव वा सचिव काठमाडौंमा नरहनु भएको संघको केन्द्रीय कार्यालय प्रमुखहरू रहनु हुनेछ।
- काठमाडौं अञ्चल कमिटीका निवर्तमान अध्यक्ष क. कृष्ण वहादुर घलेलाई राष्ट्रिय कमिटीको रिक्त सदस्य पदमा पुनः नियुक्त गरिएको छ। महासंघको आर्थिक विभागको मातहत रहने गरी क. घलेको संयोजकत्वमा ९ सदस्यीय 'श्रमिक खवर व्यवस्थापन विशेष कमिटी' गठन गरिएको छ।
- अञ्चल कार्यालयलाई सुदृढ गर्ने क्रममा यस पटक विराटनगरलाई फ्याक्स तथा पोखरा र बुटवललाई १/१ वटा कम्प्युटर दिइएको छ।
- शुल्क तिर्ने सदस्यको आधारमा अञ्चलहरूले पाउने अनुदान सरल तरिकाले उपलब्ध गराउने उद्देश्यले २०५९ वैशाख देखि अञ्चलहरूले स्थानीय यूनियनबाट सिधै रु. ५।- संकलन गर्नेछन्। र, त्यसको ७० प्रतिशत केन्द्रमा पठाउने छन्।
- विशेष परिस्थितिको कारण हेटौडामा अञ्चल महिला मजदुर विभागलाई राष्ट्रिय कमिटी सदस्य गोमा तिमिल्सिनाको संयोजकत्वमा पुनर्गठन गर्ने निर्देशन दिइएको छ। यसैगरी काठमाडौंमा राष्ट्रिय परिषद सदस्य पेम्बा लामाको संयोजकत्वमा अञ्चल महिला मजदुर विभाग पुनर्गठन गरिएको छ।
- अबदेखि कार्य सम्पादन प्रतिवेदन ४/४ महिनामा पठाउनु पर्नेछ।




# पारित वार्षिक कार्यक्रम–२०५९

१ मे दिवसलाई मूल रूपमा गोष्ठीको रूपमा मनाउने।

२. एकीकृत यूनियन आदोलनको लागि राष्ट्रिय मोर्चाको अभियान अघि बढाउने। यसको लागि एन टि यू सी संग यही वैशाख १६ गते एउटा साझा कार्यक्रम गर्ने र त्यस मार्फत अन्य कार्यक्रम तय गर्ने। यसैगरी आई सि ई एम एफिलिएट्स, आई एफ वि डव्लु डव्लु एफिलिएट्स कमिटीको कामलाई गति दिने र टुक-गेप अभियान जारी राख्ने। कर्मचारी संघको समस्या संकलनको लागि राष्ट्रिय भेला आयोजना गर्ने।

३. संकटकाल, माओवादी समस्या, राजनीतिक निकास र संविधान संशोधन जस्ता सामाजिक सरोकारका विषयमा संलग्न रहँदै, उर्जा क्षेत्रको निजीकरण विषयमा राष्ट्रिय सेमिनार गर्ने। सन् ००३ को अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा दलित श्रमको बारेमा ग्लोबल रिपोर्ट पेश हुने भएकोले दलित श्रम संबन्धी अध्ययनमा संबन्धित संस्थाहरूसंग कार्य गर्ने।

४. व्यवसाजन्य सुरक्षा र स्वास्थ्यको विषयलाई स्थानीय स्तरमा प्रचारित गर्न एन टि यू सी संगको प्रस्तावित संयुक्त सचिवालयको परिकल्पनालाई गति दिने।

५. शैक्षिक अभियान तर्फ केन्द्रबाट समन्वय र संचालन गर्ने प्रकृतिको राजनीतिक/वैचारिक र ट्रेड यूनियन संगठन संबन्धी प्रशिक्षण, केन्द्रीय तहमा उच्चस्तरीय परिसंवाद कार्यक्रम सहित २ वटा आयोजना गर्ने। सदस्य संघको केन्द्रीय तहमा कम्तिमा १/१ वटा र क्षेत्रीय/अञ्चल तहमा ९ वटा पारालिगल तालिम तथा काठमाडौं अञ्चलको लागि एउटा छुट्टै कार्यक्रम आयोजना गर्ने। जनशक्ति विकासको लागि ७ वटा अञ्चललाई कम्प्युटर तालिममा सहयोग गर्ने।

६. नेपालमा काम गर्ने विदेशी श्रमिक संबन्धी अनुसन्धान गर्ने।

७. विद्यमान परिस्थितिमा आधारभूत तहमा प्रशिक्षण अभियान र कमिटी सुदृढीकरण कार्यक्रममा जोड दिने। यसमा अञ्चलहरूको आवश्यकता अनुरूप तय गरिएका कार्यक्रमलाई जोड्ने।

८. श्रम कानून संशोधनको विषय अन्य ट्रेड यूनियनहरू बीच साझा कार्यक्रम तय गरेर अघि बढ्ने।

९. महिला सहभागिताको विकासको कार्यक्रम अन्तर्गत कार्यक्रमलाई प्रभावकारी ढंगले अघि बढाउने। मुलुकी ऐन एघारौं संशोधन बारे यूनियन आन्दोलनलाई जानकार तुल्याउन कम्तीमा ९ वटा केन्द्रीय स्तरको प्रशिक्षण संचालन गर्ने।

१०. श्रमिक खवरलाई प्रभावकारी बनाउन विशेष कमिटी मार्फत ग्राहक र बजार विस्तार गर्ने र अन्य प्रकाशनहरूलाई सदस्य बीच पाठ्य सामग्रीको रूपमा प्रचारित गर्ने।

११. चेकअफ प्रणाली लागू गर्न एनटीयूसी संग समन्वय गरेर निर्वाचनमा खसेको र प्राप्त गरेको मतका आधारमा शुल्क वितरण गर्ने।

१२. आयमूलक कार्यक्रमको लागि कसरी लगानी गर्ने, अहिले के गर्ने भन्ने विषय आर्थिक विभागको योजना अनुरूप गर्ने। स्वास्थ्य सहकारी अभियान जारी राख्ने।

१३ अन्तरराष्ट्रिय संबन्ध विकासको लागि गार्मेन्ट टेक्सटायल संबन्धी आईटिएससंग सम्बन्ध बढाउन प्रयत्न गर्ने, डव्लुसीएल र आईसिएफटियूको उच्च स्तरीय प्रमण्डललाई आमन्त्रण गरी विश्व ट्रेड यूनियन आन्दोलन र विशेष गरी दक्षिण एशियाली साझा मञ्च निर्माण अभियानलाई निरन्तरता दिने। दक्षिण एशियाली महिला मजदुर सम्मेलन आयोजना गर्ने र प्रवासी मजदुर संवन्धी कार्यक्रमको सन्दर्भमा जिफन्ट सहयोग समूहको कामलाई विशेष ध्यान दिने।

१४ कृषि मजदुर संघलाई सुदृढ गरी कृषि क्षेत्रको न्यूनतम ज्याला अभियानलाई गति दिने।

१५. सदस्यता विस्तारको लागि हाल जारी रहेको महासंघ साधारण सदस्यता विस्तार कार्यक्रम जारी राख्ने। घरेलु तथा फुटपाथमा काम गर्ने मजदुरहरूलाई संगठित गर्न अनौपचारिक क्षेत्रसंग संबन्धित हरेक संघमा विशेष कमिटी निर्माण गर्ने र महासंघले एउटा विषय समिति गठन गर्ने।

१६. यो वर्षको विशेष अभियानको रूपमा ईन्टरनेट मार्फत सूचना पठाउने प्रणाली विकास गर्ने।

१७. श्रमिक खवर अन्य नियमित प्रकाशन जारी राख्ने। विभिन्न अध्ययन प्रतिवेदन आवश्यकता अनुरूप प्रकाशन गर्ने।

# मुलुकी ऐनको एघारौं संशोधनबाट नेपाली महिलाहरूले पाएको अधिकार

विन्दा पाण्डे

विगत छ वर्षदेखि संसदमा रहेको महिलाको सम्पत्ति विधेयक नामले चर्चित मुलुकी ऐनको एघारौं संशोधन गत चैत्र १, २०५८ मा प्रतिनिधि सभाबाट दोस्रो पटक पारित भई लालमोहरको लागि दरवार गएको छ। पहिलो पटक असोज महिनामा प्रतिनिधि सभाबाट पास भए पनि राष्ट्रिय सभाले फेल गराएको कारण अनिर्णयको अवस्थामा रहेको यस विधेयक अब केही दिनमा नै लालमोहर लागी कानून बनेर व्यवहारमा आउनेछ। एघारौं पटकको संशोधनबाट मुलुकी ऐनले नेपाली महिलाहरूलाई पहिलेको तुलनामा के के अधिकार थप गऱ्यो? नेपाली महिला आन्दोलनको मूल माग के थियो भन्ने सन्दर्भमा तल संक्षिप्त चर्चा गरिएको छ।

**संशोधनले महिलालाई दिएको थप अधिकार**

यो संशोधनले महिलाहरूको पक्षमा केही अधिकार थप गरेको छ। ती अधिकार मध्ये पहिलो हो **सम्पत्तिमा अधिकार**। अब छोरीले पनि जन्मिने बित्तिकै पैतृक सम्पत्तिमाथि छोरासरह अधिकार राख्छिन्। बाबु आमाले छोरा र छोरी बीच पालन-पोषण, शिक्षा र स्वास्थ्य जस्ता कुरामा विभेद गर्न पाउँदैनन्। त्यस्तो गरिएमा छोरीले अधिकारको लागि दावी गर्न सक्छिन्।

विवाहपछि भने उनले बाबुआमापट्टिको सम्पत्तिमा अंशको दावी गर्न सक्दिनन्। तर, विवाह हुने वित्तिकै श्रीमतीले श्रीमानको सम्पत्तिमाथि बराबरीको अधिकार राख्छिन्। यसको लागि पहिलाजस्तो विवाह भएको १५ वर्ष वा उमेरले ३५ वर्ष कुर्नु पर्दैन।

विधवा महिलाले कुनै पनि समय परिवारबाट आफ्नो अंश लिएर भिन्न बस्न पाउँछिन्। यस्ती विधुवा महिलाले अर्को विवाह गरेमा आफ्नो अंश आफुखुशी गर्न पाउँछिन्। सन्तान भएकी विधुवा रहिछन् भने सन्तान नाबालक रहेसम्म सन्तानको पालन पोषण र शिक्षा-दीक्षा सोही सम्पत्तिबाट गर्नु पर्छ। सन्तान वालिग भएपछि उनले आफ्नो अंशभाग आफूखुश गर्न पाउँछिन्।

दोस्रो विषय **सम्बन्ध विच्छेद** संग सम्बन्धित छ। विवाहपछि शारीरिक वा मानसिक यातनाका कारण श्रीमान र श्रीमती संगै बस्न नसक्ने अवस्था भएमा श्रीमतीले कुनै पनि वेला सम्बन्ध विच्छेद गर्न सक्छिन्। यस्तै, श्रीमानले अर्की महिलासंग शारीरिक सम्बन्ध राखेमा, लोग्ने नपुंसक हुन गएमा वा निको नहुने यौन रोग लागेमा पनि श्रीमतीले सम्बन्ध विच्छेद गर्न पाउँछिन्। यसरी सम्बन्ध विच्छेद हुँदा, सम्बन्ध विच्छेद हुनुभन्दा पहिला नै श्रीमतीले श्रीमानको अंशबाट आफ्नो अंशभाग छुट्याएर लिन सक्छिन्।

तेस्रो विषय **विवाह** संग सम्बन्धित छ। महिला वा पुरुष दुवैले अभिभावकको सहमतिमा १८ वर्ष र आफू खुशी भए २० वर्षको उमेर पुरा गरेपछि विवाह गर्न सक्छन्। पुरुषले एउटा श्रीमती हुँदाहुँदै अर्की विवाह गरेमा एकदेखि तीन वर्षसम्म कैद र पाँच हजारदेखि पच्चिस हजार रूपैयाँसम्म जरिवाना हुने नयाँ व्यवस्था थप भएको छ।

यस्तै, **धर्मसन्तान** संबन्धी व्यवस्थामा आफ्नो सन्तान नभएको महिला वा पुरुषले ३० वर्ष उमेरको फरक पारी धर्मपुत्र वा धर्मपुत्री राख्न पाउँछन्। तर, छोरा वा छोरी कुनै पनि सन्तान भएको व्यक्तिले धर्म सन्तान राखेमा त्यो स्वतः बदर हुन्छ।

वर्तमान संशोधनले दिएको अर्को अधिकार हो, **गर्भपतन**। यो संशोधनले श्रीमान-श्रीमतीको सहमति भएमा १२ हप्तासम्मको गर्भपतन गर्न सकिने व्यवस्था गरेको छ। तर जवरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ रहेछ भने महिलाले आफ्नो निर्णयमा १८ हप्तासम्मको गर्भ पनि गर्भपतन गराउन सकिने अधिकारको व्यवस्था गरिएको छ। तर करकाप वा प्रलोभनमा पारी वा गर्भको बच्चाको लिंग पत्ता लगाई गर्भ पतन गराउन भने पाइँदैन। यसरी गर्भपतन गराउने र भ्रुणको लिंग पत्ता लगाउनेलाई तीन महिनादेखि छ महिनासम्म जेल सजाय र लिंगका आधारमा गर्भपतन गर्ने, गराउनेलाई थप एक वर्षको कैद सजाय हुने व्यवस्था गरिएको छ।

महिला अधिकारसंग जोडिएको अर्को विषय **जबरजस्ती करणी** संबन्धी हो। कुनै पनि अवस्थामा महिलामाथि भएको जबरजस्ती करणीको बारेमा यस संशोधनले थप सजायको व्यवस्था गरेको छ। यस व्यवस्था अनुसार बलात्कार हुने महिला १० वर्षमुनिको नाबालिक भएमा अपराधीलाई १० देखि १५ वर्षसम्मको कैद सजाय, १० वर्षमाथि र १६ वर्षमुनिको बालिका भएमा ७ देखि १० वर्षसम्मको कैद सजाय, १६ वर्ष वा सो भन्दा बढी उमेरको महिला भएमा ५ देखि ७ वर्षसम्मको कैद-सजाय हुने व्यवस्था यो संशोधनले गरेको छ। माथि उल्लेखित कुनै पनि उमेर समूहमा पर्ने महिला अशक्त वा अपांग वा गर्भवती रहिछन् भने तोकिएको सजायमा थप पाँच वर्षको कैद सजाय हुनेछ। त्यस्तै, कुनै पनि महिलामाथि सामूहिक बलात्कार भएको रहेछ भने पनि तोकिएको सजायमा थप पाँच वर्षको सजाय हुने व्यवस्था यो संशोधनले गरेको छ।

**जारी राख्नै पर्ने अबको आन्दोलनको विषय**

मुलुकी ऐनको एघारौं संशोधनले छोरीले पनि जन्मका आधारमा छोरा सरह अंश पाउने अधिकार त पाउँछिन् तर विवाह भएपछि उक्त सम्पत्ति पुनः माइती पट्टिको हकवालालाई फिर्ता गर्नु पर्ने व्यवस्था गरेको छ। यसरी यो संशोधनले पनि विवाहका आधारमा छोरा र छोरीको बीचमा विभेद गरेको छ। जसरी विवाह गरेको आधारमा छोराले पैत्रिक सम्पत्ति फिर्ता गर्नु पर्दैन, त्यसै गरी छोरीले पाएको सम्पत्ति पनि विवाहपछि फिर्ता गर्न नपर्ने गरी एउटा स्वतन्त्र नागरिक सरहको अधिकार पाउनु पर्दछ। यो प्रावधान अपुताली सम्बन्धी अधिकारमा पनि बराबरी हुनु पर्दछ, जुन अहिलेको संशाधनले दिएको छैन। सम्पत्तिको सम्बन्धमा यही विभेदको अन्त्यका लागि नेपाली महिला आन्दोलन अझै अर्को एक चरण आन्दोलित हुनै पर्छ।

अंशको अधिकारमा नेपाली महिलाहरू एक पाइला अगाडि गए पनि बंशको अधिकारमा अझै परिवर्तन भएको छैन। आमाको नामबाट सन्तानले नागरिकता पाउने व्यवस्था यो संशोधनले अझै पनि आत्मसात गर्न सकेको छैन। यस अवस्थामा, अबको महिला आन्दोलनको लडाइको प्रमुख केन्द्रविन्दु बंशको अधिकारको लागि पनि हुनुपर्छ।

अन्त्यमा, एघारौं पटकको संशोधनबाट पारित भएको कानून पनि आफैमा पूर्ण छैनभन्ने कुरा सबैले स्वीकारेका छन्। तर यसले नेपाली महिलाहरूको कानूनी हैसियतलाई अवश्य पनि एक कदम अगाडि बढाएको छ। यस्तो अवस्थामा यस संशोधनले दिएको अधिकारलाई कार्यान्वयनमा लैजाने र बाँकी अधिकारको लागि आन्दोलन जारी राख्ने काम गर्नु नै वुद्धिमानी हुनेछ। प्राप्त अधिकारको उपभोग र बाँकी अधिकारको लागि आन्दोलन अगाडि बढाउने विषयलाई सबै क्षेत्रबाट अभियानको रूपमा अगाडि बढाउनु आजको आवश्यकता बनेको छ।

# जीवनको कठिन भुमरीमा लपेटिएकी यसोदा धितालसंगको छोटो कुराकानीं

**तपाईंको जन्म कहाँ भयो?**

मेरो जन्म तेह्रथुम मराङ्ग भन्ने ठाउँमा भएको हो। म डेढ वर्षकी हुँदा मलाई मेरो बाआमाले बर्मा लिएर जानु भएको थियो।

**तपाईंको जन्म कुन सालमा भयो त?**

म भुइचालो (१९९० साल) जाँदा १२ वर्षकी थिएँ। साल त ठ्याम्मै भन्न सक्तिन।

**तपाईंको जन्म कुण्डली होला नि त ?**

जन्म कुण्डली मैले च्यातेर फ्याँकि दिएँ।

**च्यातेर फ्रयाँक्नुभो ? जन्म कुण्डली पनि च्यातेर फ्रयाँक्छन् त ?**

के गर्नु त, मेरो बाले दश ठाउँ भन्दा बढ्ता मेरो जन्म कुण्डली देखाउनुभो। जसले हेरे पनि तेरो छोरी एकदमै सुखी छे, भाग्यवानी छे भने। बाआमा पनि मखख परे। पछि मैले साह्रै ठूलो दुख पाएँ। मेरो दुखको कथा बताउने हो भने एउटा ठूलो किताब बन्छ। पछि मैले पनि पण्डितलाई जन्म कुण्डली देखाउन जाँदा 'तिम्रो कर्ममा त दुख लेखेकै छैन' भने। मलाई त्यसवेला देखि त्यसको विश्वास भएन र च्यातिदिएँ।

**तपाईंले के कारणले दुख पाउनु भो त ?**

मेरो बिहे ९ वर्षको उमेरमा भयो। म बर्माको होकाल भन्ने गाउँको गरीबकी छोरी थिएँ। मेरो श्रीमान सितारा भन्ने बजारका धनीका छोरा थिए। मेरो बिहेमा धेरै कुरा लगेका थिए। ११ वर्षमा म श्रीमानको घर गएँ, पन्ध्र वर्षमा मेरो पहिलो बच्चा जन्मियो। मेरो दोस्रो बच्चा जन्मनासाथ दोस्रो विश्वयुद्ध शुरू भयो।

१९४२ मा जापानले हमला शुरू गर्‍यो। हवाइजहाजबाट बमहरू खसाउन थाल्यो। मेरी सासु बम लागेर मर्नु भयो। सासु मरेपछि मेरो बिहेमा लगेका गहना सुनचाँदी सबै ससुराले कब्जा गरे। ससुराले अत्यन्तै पीडा दिन थालेपछि हामी छुट्टियौं। युद्ध चर्कंदै गयो। गाउँमा दिनहुँजसो बम खस्न थाल्यो। एक दिन मेरो श्रीमान पनि मलाई छोडेर ससुरासंग बेपत्ता भए। गाउँमा बलिया-बांगा जति सबै जंगलतिर पसे। हामी आइमाईमा केटाकेटी र बुढाबुढी मात्रै गाउँमा रह्यौं। बमबाट बच्न गाउँमा जतासुकै खाल्टा खनिएका थिए। तलबाट पानी आउने भएकोले फल्याक बिछ्याइएका थिए। म दुई वटा बच्चालाई लिएर दिनभरी तिनै खाल्टाभित्र बस्थें। तीन महिनामा अन्नपात सबै सकियो। त्यसपछि हामीमा हाहाकार भयो। कसैका लुगा फाट्न थाले। कपाल भरी लट्टा परे, जुम्रा परे। नुहाउने कुरा पनि थिएन। हामी काँचो केरा र केराको गुवो खान थाल्यौं। एवं रितले छ महिना बिते। हामी लाटाजस्ता भयौं। मेरा दुवै छोरा सुनिएर डम्डम्ती भए। तर ससुरा र श्रीमानको अत्तो पत्तो भएन। ६ महिनापछि त्यहाँ सबै सुख्खा भयो। पानी पनि पाइन छोड्यो। त्यसपछि म एक दिन खाल्टाबाट निस्किएर पानीको खोजीमा हिंडे। मलाई मर्नु नै वेश हुन्छ जस्तो लाग्यो। तर सुन्निएर कुपोषणले मरणको अन्तिम घडीमा पुगेका मेरा छोराहरूको मायाले मलाई त्यसो गर्न दिएन।

**अनि, पानी कहाँ पाउनुभो त ?**

खाल्टाबाट निस्किएर लरबराउँदै कहिले थुचुक्क बस्तै र विस्तारै पाइला चाल्दै एक पाउ जमिन पार गरेकी थिएँ हुँला एक्कासी अगाडिबाट हल्ट भनेर मतिर बन्दुक ताकेको देखें। यसो हेरें-डर त हराइ सकेको नै थियो। त्यो गोराको फौज रहेछ। मतिरै बन्दुक सोभ्याउँदै आए। मैले पनि अब मेरो मृत्यु आयो भनेर खाल्टाका आफ्ना बेमारी नानीहरू सम्भें। ६ महिनादेखि बेपत्ता भएको लोग्नेलाई सम्झें, निर्दयी लोग्ने र ससुराप्रति घृणा जागेर आयो। आँसु त पहिले नै सकि सकेको थियो। तर तिनीहरूले मलाई गोली हानेनन्। त्यहाँ नेपाली पनि रहेछन्। आएर सोधे- तिमी कहाँ थियौ ? मेरा वाक्य फुटेन। मैले टुलुटुलु हेरि मात्र रहें। वास्तवमा ६ महिनामा मेरो गला अवरुद्ध भइसकेको थियो। फौजकै बीचबाट एक



जना नेपाली आएर मेरो दशा देखेपछि उसले मलाई सम्भायो "हामी जापनीहरूबाट तिमीहरूको उद्धार गर्न हिंडेका हौं। तिमीले हामीसंग तर्सनु पर्दैन। तिमीहरू कहाँ बसेका छौ ? हामी ब्रिटस सेना हौं, तिमीहरूलाई सुरक्षित ठाउँमा पुऱ्याइ दिन्छौं।" त्यसपछि मैले 'पानी' भनें, मलाई उनीहरूले पानी खान दिए। आधा घन्टामा मैले सबै कुरो उनीहरूलाई बताएँ।

त्यो फौज हामी बसेको खाल्टामा गयो। सबैलाई खाल्टाबाट निकाल्यो। कोही नांगा भुतुंगै थिए। सबै गनाएको। लुगा र कपालको गति हेर्दा घरमान्छे भन्न पनि गाह्रो भइसकेको थियो। फौजमा भएका नेपालीले सबैलाई 'जाने ठाउँ कतै छ कि छैन' भनेर सोधे। ठाउँ हुनेलाई आफ्ना ठाउँमा र नहुनेलाई क्याम्पमा लिएर जाने निधो गरे। मेरा श्रीमान र ससुरा वेपत्ता भइसकेकाले मैले माइती जाने निधो गरें। त्यतिवेला मेरा माइती नानपोङमा बसाइ सरिसकेका थिए। मलाई उनीहरूले त्यहीं पुऱ्याइ दिए। त्यसपछि म माइतीमै बसें।

**माइतीको जीवन त सुखपूर्वक बिताउनु भयो होला !**

कुरै नगर्नुहोस्, मुटु चिरिन्छ। सुनिएर मर्न लागेका छोरा बोकेर माइती पुगें। निल्न केही सकिन्नथ्यो। पन्ध्र दिनको

अन्तरमा दुवै छोरा मरे। मेरो के हाल भयो होला, तपाईं आफै बिचार गर्नुहोस्। पन्ध्र दिनपछि मात्र मैले विस्तारै खोले निल्न थालें। यस्तो आपत झेलेर जीवन मरणको दोसाधमा माइत पुगेकी छोरीलाई आमाले खुसी भएर माया गर्नु होला भन्ने लागेको थियो। तर श्रीमानले छोडेर हिंडेकी छोरी अब माइतबाटै पोइल हिंड्छे भनेर निन्द्रा हराम भएछ। गाउँलेसंगै आमा भन्दै हिंड्नु हुँदो रहेछ- "यो जवान छोरी अब कोसंग हिंड्छे, हाम्रो इज्जत बर्वाद गर्ने भई।" म भने आधासरो मान्छे थलामै मरेको ठाउँमा ६ महिना खाल्टामा बसेर आएकी छु। जीउमा तरन छैन। दुई छोरा भर्खरै गुमाएको पीर, निन्द्रा लाग्दैन। त्यस्तो वेलामा पनि आमाको त्यस्तो अपराधी मन !? आमाप्रति पनि घृणा लाग्यो। मलाई अत्यन्तै दिक्क लाग्यो। जीउ तंग्रिएपछि आफैं बनिबुतो गरेर जीउ पाल्छु आमा र लोग्नेको मुख ताकेर बस्तिन भन्ने पनि मनमा लागिरहेको थियो। यस्तै वेला श्रीमानको चिट्ठी आयो। चिट्ठीमा माफी मागेका रहेछन्। चिट्ठी यमवहादुर अधिकारीले लिएर आएका रहेछन्। आमालाई के खोज्छस् कानो आँखा जस्तो भयो।

**श्रीमानसंग भेटेपछि जीवनमा परिवर्तन त भयो नै होला ?**

के परिवर्तन हुनु, मेरो श्रीमान मेरो जीवनभरी बोझ बने। शुरूमा अंग्रेज फौजले उनलाई केही अंग्रेजी जानेकोले दोभासिया बनाएर लग्यो। ६ महिना पछि उनी आए। उनी अत्यन्तै जँड्याहा थिए। उनीबाट घर खर्चको लागि एक कौडी निस्कँदैनथ्यो सबै मैले खोज्नु पर्थ्यो। भात मिठो भएन भने फ्याँकि दिने, मासु नभई नखाने उनको बानी थियो।

पछि मेरा छोराछोरी जन्मिए। मलाई छोराछोरी हुर्काउन गाह्रो भयो। यसै वेला ससुराको घर जलेर खरानी भयो। त्यसपछि हामी सहरतिर लाग्यौं। मैले ज्याला गरेर छोराछोरी पाल्न थालें। पलाया भन्ने जग्गामा उखु काट्ने काम पाएँ। बेलुका बनी गरेर फर्कदा बाटामै श्रीमान पैसा हडप्न आइपुग्थे। घरमा पुगी भने पैसा लुकाउँछे भन्ने उनलाई लाग्दो रहेछ। तर पनि मैले दिनको ५ रूपैयाँ जति जोगाउँथें। २ वर्षमा ५ सय जति जम्मा भएछ। त्यसबाट एउटा बारी किनें। त्यसमा लगाएको बाली पनि श्रीमानले बोटमै बेचेर खाइदिने गरेपछि मैले बारी पनि बेचें। मैले श्रीमानबाट जति कष्ट पाएँ त्यो कुरो भन्यो भने मानिस पत्याउँदैनन्। तर खुकुरीको चोट अचानोलाई थाहा हुन्छ। एकातिर घरको पीर यस्तो थियो, अर्कोतिर त्यही वेला कचिन र 'जंगली कम्युनिस्टहरू'ले लुटपाट गर्न थाले मान्छे मार्न थाले। त्यसपछि त गाउँमा बस्नै नसकिने भयो।

**जंगली कम्युनिस्ट भनेर कसलाई भन्थे ?**

जंगलमा बस्ने, राती गाउँमा आएर लुटपाट गर्ने, पैसा माग्ने, नदिए मान्छे मारिदिने। यति लामो दाउ भिरेर हिंड्थे कचिनहरू। कचिन र जंगली कम्युनिस्ट मिलेका छन् भन्थे। उनीहरूको मारमा परेर नेपालीहरू गाउँबाट भाग्न थाले। त्यही वेला मेरो ठूली छोरी रंगुनबाट लिन पुगिछ र हामी पनि रंगुनको छोरीको घरमा गयौं। त्यहाँ उनीहरूलाई दुःखै थियो तर त्यहाँ काम पाइने आशा थियो। रंगुन पुगेपछि मेरो श्रीमान गान्धी अस्पतालमा पाले बने। अब त सुखका दिन फर्केलान् भनेको त मेरो त छोरो पनि बाबु जस्तै जँड्याहा भयो। म पुरै आफ्नै कमाइको भरमा चल्न थालें। त्यति मात्र हैन, पुरै परिवार मैले नै पाल्नु पर्ने भयो। ठूली छोरी पनि बाबुको व्यवहारबाट दिक्क भइसकेकी थिई। आमाछोरीले काम गरेर लोग्ने मान्छेलाई पाल्नु पर्ने- त्यो पनि बेमारी होस् कि रोगी होस्, सास फेर्न नपाउने ! यो भन्दा अत्याचार मान्छे माथि कहाँ हुन्छ। यस्तै वेला मेरी ठूली छोरी र ज्वाइ पनि बर्मा छोडेर नेपाल फर्किने कुरा गर्न थाले। त्यहाँ जंगलीहरूको आतंकले धेरै मान्छे निरास बनेर नेपाल फर्कन थालेका थिए। म जसरी पनि बुनिबुतो गरेर त्यहीं टिकें।

**अनि कसरी आइपुग्नु भयो त नेपाल ?**

नेपालबाट मेरी ठूली छोरीले चिट्ठी पठाई। मैले श्रीमानलाई छोडेर आउने विचार पनि गरें तर सम्भवै थिएन। उनैको गान्धी अस्पतालको पाकेको पेन्सन बेचेर हामी नेपाल आयौं। नेपाल आउँदाका बाटाका कथा त्यस्तै दुःख लाग्दा छन्। तीन महिनामा हामी नेपाल हिंड्यौं, कांकडभिट्टाबाट यता आउने पैसा थिएन। त्यहीं बर्माबाट आएका हामीलाई चिन्ने मान्छे रहेछन् र उनैको मद्दतले नेपाल छिर्‍यौं।

**अन्तिम प्रश्न गरौं, तपाईंले जीवनमा ठूलो कष्ट झेल्नुभयो। ६ महिना विश्व युद्धको चपेटामा पर्नुभयो। तपाईं एउटा श्रमिक महिला पनि हो। आफू श्रमिक भएकै हिसाबले नेपाली श्रमिक दिदीबहिनीहरूलाई के सल्लाह दिनुहुन्छ ?**

नेपाली श्रमिक दिदी बहिनीलाई म धेरै कुरो भन्न चाहन्न। मसंग ज्ञानै के छ र ? तर पनि एउटा कुरा भनौं- बाल्यकालमै बिहे कहिल्यै नगर्नु। आफ्नो खुट्टामा नउभिई लोग्नेको भर परेर जिन्दगी चलाउन खोज्यो भने ठूलो दुःख पाइंदो रहेछ। आफ्नै आमाबाबु पनि कहिलेकाहीं वैरी बनिदिन्छन्। अविवेकी लोग्ने महिलाको निम्ति अभिषाप हुँदो रहेछ। त्यसैले पहिले सीप सिक्ने, आफूलाई दक्ष बनाउने, परिआउँदा आफैं बाँच्न सक्ने भएर मात्र बिहाबारी गर्ने मेरो पहिलो सुझाव हो। दोस्रो, महिला, महिला भनेर निम्छरा कुरा गर्ने पक्षमा पनि म छैन। गरेर खानुपर्छ आफू दक्ष बन्नुपर्छ। पुरुषलाई कामबाट उछिन्नुपर्छ। पुरुषको निगाहमा हैन आफ्नो पौरखमा बाँच्नु पर्छ। मेरो त यो भनाइ हो। तेस्रो कुरो, आज मलाई धेरै खुसी लाग्यो। मैले धेरै अगाडिदेखि आफ्नो व्यथा पोख्ने जमर्को गरेकी थिएँ। म पढेलेखेकी भए महाभारत जत्रो मेरो जीवनको कथा लेख्थें। मेरा व्यथा त्यति धेरै छन्, तपाईंलाई भनेका कुरा त सानो अंश मात्र हुन्। तैपनि मेरो जीवनको दुःखको घटना बारे चासो राखेर सोधी खोजी गर्नुभो, म तपाईंको संगठन र तपाईंलाई पनि धन्यवाद दिन्छु।

प्रस्तुति : मुकुन्द न्यौपाने

# घटक यूनियनहरूको राष्ट्रिय सम्मेलन सम्पन्न

गत वर्ष नेपाल ट्रेड यूनियन महासंघका तीनवटा घटक यूनियन नेपाल स्वतन्त्र केमिकल तथा आइरन मजदुर यूनियन, नेपाल स्वतन्त्र टेक्सटायल–गार्मेन्ट मजदुर यूनियन र नेपाल स्वतन्त्र खाद्य तथा पेय मजदुर यूनियनले आफ्नो राष्ट्रिय सम्मेलन सम्पन्न गरेका छन्। २०५८ सालको क्रमशः फागुन २५, चैत्र ३ र चैत्र ३१ गते सम्पन्न यी तिनैवटा सम्मेलनहरू जिफण्टका अध्यक्ष क. मुकुन्द न्यौपानेको प्रमुख आतिथ्यमा सम्पन्न भएका थिए भने सबै सम्मेलनमा अध्यक्ष मण्डल र निर्वाचन आयोगको प्रमुखको भूमिका जिफण्टका महासचिव क. बिष्णु रिमालले निर्वाह गर्नुभएको थियो।

संक्षिप्त उद्घाटन कार्यक्रमपछि बन्द सत्रमा यूनियनको प्रतिवेदन र आगामी कार्यक्रम प्रस्तुत, छलफल र पारित गर्दै आगामी तीन वर्षको लागि नयाँ नेतृत्व चयन समेत गरिएको छ।

नेपाल स्वतन्त्र केमिकल तथा आइरन मजदुर यूनियनको यस दोस्रो राष्ट्रिय सम्मेलनले नयाँ नेतृत्वको सम्पूर्ण पदमा निर्विरोध निर्वाचन गरेको छ। जसमा अध्यक्ष, सचिव, सह–सचिव र कोषाध्यक्षमा क्रमशः जनक चौधरी, जितेन्द्र जोंछें, त्रिविक्रम ज्ञवाली र अर्जुन ढुंगेल निर्वाचित भएका छन् भने सदस्यहरूमा क्रमशः योगिलाल यादव, आनन्द थामी, रामशरण सुवेदी, फिपराज सुब्बा र यामप्रसाद भण्डारी रहेका छन्। यस यूनियनको विदेश विभागको काम हेर्ने गरी महासंघले निर्णय गरेको व्यक्ति पदेन उपाध्यक्ष हुने विधानतः व्यवस्था अनुसार उपाध्यक्षमा बिन्दा पाण्डे रहनुभएको छ।



नेपाल स्वतन्त्र टेकसटायल–गार्मेण्ट मजदुर यूनियनको चौथो राष्ट्रिय सम्मेलनले तीन वटा सदस्य पद पछि पूर्ति गर्ने गरी हाललाई १२ जना पदाधिकारीहरूको निर्वाचन गरेको छ, जसमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह–सचिव र कोषाध्यक्षमा क्रमशः हरिदत्त जोशी, धर्मानन्द संजेल, केशव दवाडी, नारायण न्यौपाने र ज्ञानवहादुर थापा र सदस्यहरूमा सीता भट्टराई,




राजवहादुर कटुवाल, विष्णु थापा, नारायण र कुमारी खनाल निर्विरोध निर्वाचित भएका छन्। काठमाडौंको दुई र विराटनगरको एक गरी तीन वटा सदस्य पदको लागि भएको निर्वाचनबाट क्रमशः रमेश रायमाझी, कृष्णलाल श्रेष्ठ र युवराज भट्टराई केन्द्रीय कमिटीमा निर्वाचित भएका छन्। यस यूनियनले पेश्की रकम फछ्र्यौट नगर्ने सदस्यले निर्वाचनमा उम्मेदवार हुन नपाउने नयाँ व्यवस्था गरेको छ।



वर्षकै अन्तिम दिन आफ्नो दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न गर्ने नेपाल स्वतन्त्र खाद्य तथा पेय मजदुर यूनियनले सम्मेलनबाट ११ जनाको नयाँ नेतृत्व चयन गरेको छ। सम्पूर्ण पदमा निर्विरोध निर्वाचन भएको यस कमिटीका अध्यक्ष, उपाध्यक्ष, सचिव, सह–सचिव र कोषाध्यक्षमा क्रमशः मधुसुदन खतिवडा, कृष्ण रिमाल, सिद्धि उप्रेती, गोविन्द अर्याल र हर्ष महर्जन निर्वाचित भएका छन् भने सदस्यहरूमा क्रमशः नवराज बास्तोला, दिनेश मैनाली, धिरेन्द्र यादव, केशवप्रसाद निरौला, वृहस्पती पराजुली र सानुकान्छा आलेमगर निर्वाचित भएका छन्। विगत तीन वर्ष नेतृत्व अभावको तितो अनुभव संगालेको यस यूनियनको नयाँ नेतृत्वले आगामी कार्यकाल सफल र उपलब्धिमूलक बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्।